

भिक्षुणी धम्मवती प्रव्रजित हुनु भएको ५० वर्ष भएको स्वर्ण जयन्ती

# धर्मकीर्ति

A BUDDHIST MONTHLY

वर्ष १७ अङ्क ७

THE DHARMAKIRTI

आश्विन पूर्णिमा

Downloaded from http://www.dhamma.digital

## Heartiest Congratulations

We are very glad to congratulate Bhikkhuni Dhammavati on the occasion of Venerable's 50th Anniversary of Oridation.

It is our great pleasure to celebrate the day recognising the Venerable's Fifty Years Long Contribution on Buddhism.


HOTEL
**Lumbini Garden**
NEW CRYSTAL PVT. LTD.

Buddha Nagar, Mahilwar,
LUMBINI, NEPAL
Tel.: (071-80145)

*Mailing/Reservations:*
Chha - 1-99, Jyatha Tole
P.O. Box 1253, KATHMANDU, NEPAL
Tel: (01) 228561, 228011
Fax: 977-1-228028
E-mail: ajsthapit@mos.com.np

Best Western

**Best Western**
*New hotel Crystal*
**Pokhara**

P.O. Box 234, Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 20035, 20036
Fax: 977-61-20234

**Reservation/Head Office:**
Chha 1-99, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 228561, 228011, Fax: 977-1-228028
E-mail: ajsthapit@mos.com.np


Downloaded from http://www.dhamma.digital



५० वर्ष पहिले १४ वर्षको उमेरमा बर्मामा प्रव्रजित हुँदा धम्मवती गुरुमाँ

Downloaded from http://www.dhamma.digital

# बौद्ध जागरण प्रशिक्षण शिविर

युवा बौद्ध समूहका पूर्व अध्यक्ष श्री हर्षमुनि शाक्यको सुझाव तथा सल्लाह अनुसार ध्यानकुटी संरक्षण समितिको आयोजनामा बनेपा स्थित ध्यानकुटी विहारमा बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न भएको छ ।

वि.सं. २०५६ आश्विन ७, ८ गते सम्पन्न भएको उक्त शिविरमा भाग लिनु भएका प्रशिक्षकहरूको नाम र विषय यसरी उल्लेखित छन् ।

| प्रशिक्षकहरू | विषय |
|---|---|
| भिक्षु अश्वघोष | बुद्धको अर्थनीति, बुद्ध दर्शन र गृही विनय |
| भिक्षु कौण्डन्य | बुद्ध जीवनी, बौद्ध संस्कार |
| भिक्षु निग्रोध | त्रिरत्नको महत्त्व |
| प्रा. सुवर्ण शाक्य | बुद्ध, धर्म र संघ |
| विपेन्द्र महर्जन | बौद्ध जातक |
| सुरेन्द्र शाक्य | बुद्ध धर्म र विकास |




७० जवान प्रशिक्षार्थीहरूले भाग लिएको उक्त प्रशिक्षण शिविरमा धमाथुर, बुंग, चापागाउँ, थेचो, बलम्बु, कीर्तिपुर, जल, खसिबुँ, नरदेवी, म्ह्यपी, बनेपा, लगं, त्यंगः, सतुंग, नगदेश, ठिमी आदि विभिन्न स्थानहरूबाट प्रशिक्षार्थीहरू आएका थिए ।

श्री हर्षमुनि शाक्यको सभापतित्त्वमा उक्त प्रशिक्षण शिविरको समापन समारोह सम्पन्न भएको थियो । उक्त समारोहमा भिक्षु कौण्डन्य र प्रा. सुवर्ण शाक्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । जनक नेवाले संचालन गर्नुभएको सो समारोहमा ध्यानकुटी संरक्षण समितिका सचिव रामकृष्ण खाछिभोयाले धन्यवाद व्यक्त गर्नुहुँदै भन्नुभयो– "बौद्ध जागरण शिविर बुद्ध शिक्षा प्रचारको लागि अति उपयोगी माध्यम बनेको छ । यस शिविर संचालनार्थ ध्यानकुटी विहार संरक्षण समितिका अध्यक्ष भिक्षु अश्वघोष महास्थविर, श्री हर्षमुनि शाक्य समूहको सहयोग र ध्यानकुटी विहारका उपासक उपासिकाहरूको सहयोग सन्हानीय छ । अतः सहयोगीहरू सबैलाई धन्यवाद छ ।"

प्रशिक्षार्थीहरूको तर्फबाट मन्तव्य दिनेहरू : पन्नाकाजी महर्जन, विमला महर्जन, रत्नकाजी महर्जन, कृष्ण कुमार प्रजापति, बाबुराजा प्रजापति, गौतम महर्जन, राजेश देउता, पूर्ण महर्जन, बी.एन. बादे, लक्ष्मण महर्जन, तुयु लक्ष्मी शाक्य ।

यस ध्यानकुटी संरक्षण समितिले श्रद्धेय धम्मवती गुरुमाँ प्रव्रजित हुनु भएको ५० औं वर्ष पूरा भएको सुखद स्वर्ण जयन्तीको उपलक्ष्यमा गुरु आमाको दीर्घायु र स्वास्थ्य लाभको कामना गर्दछौं ।

रामकृष्ण खाछिभोया
*सचिव*
ध्यानकुटी संरक्षण समिति

Downloaded from http://www.dhamma.digital

विशेष सहयोगी:
**रीना तुलाधर**

प्रमुख व्यवस्थापक:
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू:
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक:
**ध्रुवरत्न स्थापित**

सम्पादक:
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक:
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार:
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय:
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | २५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY

**धम्मवती गुरुमाँ प्रव्रजित जुगु ५० दँ पुवंगु लसताय सुवर्ण अङ्क**

OCTOBER, 1999

| वर्ष- १७ | अङ्क- ७ | कतिंपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





✿ 'मलाई गालि गऱ्यो' 'मलाई पिट्यो, मलाई हराई दियो' वा 'मेरो लगिदियो' इत्यादि भनेर जसले आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन ।

★ ★ ★

✿ मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नुपर्छ भनी विचार गर्दैन 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।

★ ★ ★

✿ पापी ब्यक्तिलाई इहलोक दुवै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै आफ दु:खी र पीडित हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

# स्वर्ण जयन्तीको उपलक्षमा दीर्घायु र सुस्वास्थ्य कामना

रजत जयन्ती र स्वर्ण जयन्ती मुल्यांकन गर्नको लागि मनाइने उत्सवहरू हुन् । साधारण मानिस र संस्थाहरूको लागि यस प्रकारको अमूल्य जयन्ती मनाईंदैन । विशेष गरेर बहुजन हिताय र बहुजन सुखाय काम गरेका महानुभावहरू र संस्थाहरूको लागि यस्तो उत्सव मनाउन सुहाउँछ । हाल यस धर्मकीर्ति विशेषाङ्ग पनि अनगारिका धम्मवती प्रव्रजित हुनु भएको ५० औं वर्ष पूरा भएको उपलक्ष्यमा प्रकाशित भइरहेको छ ।

धम्मवतीको नाम सँगै तीन थरिका विशेषणहरू जोडिएका छन् । अर्को शब्दमा भन्ने हो भने उहाँलाई सम्बोधन गर्दा तीन थरीबाट सम्बोधन हुने गरिन्छ । ती यसरी छन् :–

(१) थेरवादी भिक्षुहरूको तर्फबाट सम्बोधन गर्दा अनगारिका (घर त्यागी धार्मिक कार्यमा लाग्ने व्यक्ति) धम्मवती भनिन्छ । तर आजभोलि सरकारी कार्यालय र विभिन्न पत्र-पत्रिकाले अनगारिकाको ठीक अर्थ नबुझेर हो कि अनगारिकालाई अनागरिक (नागरिक होइन) भन्ने शब्द प्रयोग गरेको देखिन्छ ।

(२) विहारका साधारण उपासक उपासिकाहरूले धम्मवती गुरुमाँ भन्ने गर्छन् ।

(३) अन्तर्राष्ट्रिय जगतका बौद्धहरू र साधारण जनताहरूले भिक्षुणी धम्मवती भनी सम्बोधन गर्ने गर्छन् ।

यी तीन प्रकारका सम्बोधनहरू मध्ये सबभन्दा उपयुक्त र प्रचलित सम्बोधन त धम्मवती गुरुमाँ नै हो ।

अब लागौं, धम्मवती गुरुमाँको स्वर्ण जयन्ती किन मनाउन लागिएको त ? धम्मवती गुरुमाँको गृहस्थी नाम गणेश कुमारी शाक्य थियो । उहाँ राणाकालमा जन्मनु भएकी नारी थिइन् । जुन समयमा महिलाहरूको लागि त के कुरा पुरुषवर्गलाई समेत पठन पाठन गर्नको लागि पाठशालाको कमी थियो । त्यसबेला पाठशालाहरू औंलामा गणना गर्नलाई नै नपुग थियो । त्यस्तो समयमा नारीवर्गले अक्षर पढेको खण्डमा चरित्रहीन बनिन्छ भन्ने गलत धारणा राखिन्थ्यो । छोरीहरूलाई पढाउने दस्तुर नै थिएन त्यसबेला । तैपनि पढ्न लेख्न ज्यादै इच्छुक भएकी गणेश कुमारीले यसरी दृढ प्रतिज्ञा गरिन्– "म पढेर ठूलो व्यक्ति बन्नेछु, पुरुषहरूको दाँजोमा नारीहरूको पनि बुद्धि छ भन्ने छाप समाजमा छोड्ने छु । त्यागी बनी बुद्धको शिक्षा प्रचार गर्नेछु ।" यस्तो दृढ संकल्प गरी १४ वर्षको कलिलो उमेरमा गणेश कुमारी (हाल धम्मवती गुरुमाँ) कलकत्ता देखि आसाम हुँदै पैदल हिंडेर बर्मा पुग्नु भयो । म्यानमार (बर्मा) मा १४ वर्षसम्म अध्ययन गरी बर्मी सरकारको तर्फबाट "शासनध्वज धर्माचार्य" परीक्षा उत्तिर्ण गरी आफ्नो जन्मभूमी नेपाल फर्केर आशातीत बुद्ध धर्म प्रचारमा लागिन् । विभिन्न ठाउँहरूमा धर्मदेशना (प्रवचन) गर्नुको साथसाथै विभिन्न समाजसेवा कार्यहरू र रचनात्मक कार्यहरू (स्वास्थ्य सेवा, सफाई अभियान, प्रौढ कक्षा संचालन, बाल कक्षा संचालन, देश विदेश भ्रमण, धर्म सम्बन्धी पुस्तक लेखन, प्रकाशन र पत्रिका प्रकाशन, धर्मप्रचार केन्द्र तथा विहारहरूको निर्माण, युवावर्गका लागि धर्म र नैतिक शिक्षाको कक्षा संचालन) आदि कार्यहरू अगाडि बढाई धर्म प्रचार कार्यमा अगुवा बनी सफलता हासिल गर्नु भएको छ ।

Downloaded from http://www.dhamma.digital

भित्री मनले आँटेर शुरू गरेको कार्यलाई पूरा गरेरै छोढ्ने बानी, दूरदर्शी ज्ञान, मिलनसार व्यक्तित्त्व, ठाउँ र वातावरण अनुसार श्रोतावर्गहरूको ध्यान आकर्षण गर्न सक्ने क्षमता, स्पष्ट दक्ष वक्ता सहित वाक् सिद्धि र जागरण सहितको जाँगर नै धम्मवती गुरुमाँको अपूर्व विशेषता हो ।

उहाँको पछिसम्म रहने कीर्ति धर्मकीर्ति विहार, लुम्बिनीको गौतमी विहार सारनाथमा नेपाली धर्मशाला र अन्य, धर्मशालाहरू पनि धेरै छन् । एक साहसी, राम्रा कार्यहरूमा आँटिलो भएकोले पनि भिक्षुणी धम्मवतीबाट धेरैजसो भक्तजनहरू प्रभावित छन् । फलस्वरूप असंख्य नरनारीहरू उहाँले हस्ते भन्ने वित्तिकै हैंसे भन्न तयार छन् । यही एकताले गर्दा विरोधीहरू आगोको अगाडि घ्यू पग्लिए जस्तै पगलन्छन् । यी विभिन्न गुणहरूले सम्पन्न भएकी धम्मवती गुरुमाँ त्यागी बन्नु भएको ५० औं वर्ष पूरा भएको उपलक्ष्यमा स्वर्ण जयन्ती मनाउँदै छ ।

यस धर्मकीर्ति विशेषाङ्कमा जति पनि लेखहरू उहाँको विषयमा लेखिएका छन्, ती धेरैजसो नाङ्लो बुद्धि भएका लेखकहरूले लेखेका देखिन्छन् । किनभने नाङ्लोको काम नराम्रो जति फाली राम्रो मात्र जम्मा पार्नु हो । त्यसैले यहाँ धम्मवती गुरुमाँको व्यक्तित्त्व र गुणहरूको मात्र वर्णन गरिएको पाइन्छ । तर चाल्नी (छान्ने) बुद्धि भएकाहरूले राम्रो जति फालेर नराम्रो मात्र बाँकी राख्ने गर्छ । यस्तो बानीले आफ्नो मन पनि अशान्ति पार्छ भने अर्काको पनि मन अशान्ति बनाइदिन्छ ।

गल्ती र कमजोडी नभएका व्यक्तिहरू यस संसारमा कम नै होलान् । त्यस्तै निन्दाबाट बच्न सक्ने पनि यस संसारमा कोही हुँदैनन् । किनभने भगवान् बुद्ध जस्तो पवित्र हृदय भएका व्यक्ति त अरूको निन्दाबाट बच्न सक्नु भएन । हामी जस्तो पृथकजन (साधारण व्यक्तिहरू) को त के कुरा गर्ने ? जे होस्, हामीले आफूमा नाङ्लो बुद्धी बनाउने कोशिस गर्न सकौं । भ्रमराले फोहर होइन फुलका सुवास सुँघ्ने बानी गर्छ । तर झिंगाले सुवास होइन फोहर सुँघ्ने बानी गर्छ । त्यसरी नै हामीले पनि झिंगा बनी अरूको गन्हाउने दोष खोज्ने बानी छोडी भ्रमरा बनी अरूको सुवास फैलिएको गुणहरू मात्र खोज्ने बानी बसाली समाजमा शान्ति कायम गर्न सकौं ।

अन्तमा धम्मवती गुरुमाँको सक्रिय धर्म प्रचार कार्यमा अझ बढी निरन्तरता आउन सकोस् । उहाँको दीर्घायुको साथसाथै सुस्वास्थ्य पनि लाभ होस् भन्दै यस धर्मकीर्ति सबैको तर्फबाट उहाँप्रति शुभकामना प्रकट गर्दछ । ■

**धर्मकीर्ति विहार संरक्षण समितिको पदाधिकारीहरू:**

१. धर्मानुशाशक - भिक्षु अश्वघोष महास्थविर
२. अध्यक्ष - भिक्षुणी धम्मवती
३. उपाध्यक्ष - भिक्षुणी अनुपमा
४. सचिव - अगम्य रत्न कंसाकार
५. सह-सचिव - अमृतरत्न ताम्राकार
६. कोषाध्यक्ष - सानुरत्न स्थापित
७. सह-कोषाध्यक्ष - मोतीकाजि शाक्य
८. सदस्य - भिक्षुणी वीर्यवती
९. सदस्य - बरदेश मानन्धर
१०. सदस्य - मदनरत्न मानन्धर
११. सदस्य - लोकदर्शन बज्राचार्य
१२. सदस्य - भिम बहादुर श्रेष्ठ
१३. सदस्य - प्रकाश बज्राचार्य
१४. सदस्य - विद्या सागर रंजित
१५. सदस्य - रीना तुलाधर
१६. सदस्य - हेराकाजी शाक्य
१७. स्वास्थबाट डा. चन्द्रेशरत्न तुलाधर
१८. अध्ययन गोष्ठीबाट सचिव - अरूण सिद्धि तुलाधर
१९. पत्रिकाबाट व्यवस्थापक - चिनीकाजी महर्जन

Downloaded from http://www.dhamma.digital

# विषय सूचि


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | मेरो आँखामा "धम्मवती" | - भिक्षु ज्ञानपूर्णिक | ९ |
| २. | बुद्ध र बुद्धको शिक्षा प्रचार | - भिक्षु अश्वघोष | १३ |
| ३. | बेजोड धर्मकथिक-अनगारिका धम्मवती | - रत्नसुन्दर शाक्य | १७ |
| ४. | (कविता) तृष्णा | - श्रा. संघरक्षित | १९ |
| ५. | बुद्धको धार्मिक सन्देश जहिले पनि सान्दर्भिक छ | - आनन्द प्रधान | २१ |
| ६. | धर्मकीर्ति विहार र अध्ययन गोष्ठी | - धर्मदेवी शाक्य | २५ |
| ७. | बु. सं. २५१९ - बौद्ध शिक्षा | - कमला श्रेष्ठ | २७ |
| ८. | नारीको स्थान र बुद्ध धर्मको भूमिका | - श्री ओ.के. गुणशेखर | ३१ |
| ९. | बु. सं. २५१९ - रीस | - रीता कमल तुलाधर | ३४ |
| १०. | चतुर्ब्रह्म विहार | - दोलेन्द्ररत्न शाक्य | ३५ |
| ११. | भगवान बुद्धको उपदेश | - भदन्त आनन्द कौसल्यायन, अनुवादक: चक्रमान शाक्य | ३७ |
| १२. | धम्मवती गुरुमां र उहाँसँगको धर्मयात्रा | - रीना तुलाधर | ४१ |
| १३. | धम्मवती गुरुमाँ | - वीर्यवती | ४३ |
| १४. | बुद्धदेव | - श्री रवीन्द्रनाथ टैगोर (1861-1941) | ४५ |
| १५. | प्रेस बिज्ञप्ती | - | ४८ |
| १६. | धम्मवती गुरुमाँको प्रेरणा र म | - अ. अनोजा | ५१ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १७. अध्यात्म ज्ञानद्वारा विश्वशान्ति | – स्वामी ईश्वरानन्द | ५५ |
| १८. प्रज्ञा | – महापण्डित राहुल साँकृत्यायन | ५९ |
| १९. धम्मवती गुरुमाँ र गृहिणीहरू | – लोचनतारा तुलाधर | ६३ |
| २०. बुद्धत्व प्राप्ति र निर्वाण | – भिक्षु धर्मरत्न एम.ए. | ६७ |
| २१. उहाँ कहिल्यै थाक्नु भएन | – नेक्खम्मवती तुलाधर | ६९ |
| २२. ( बौद्ध एकाँकी ) दोषी बुद्ध | – प्रकाश बज्राचार्य | ७३ |
| २३. बुद्ध जीवनीमा वृक्षको स्थान | – 'ज्योति' शाक्य, का.बु. | ७७ |
| २४. बुद्धको अति मध्यम मार्ग | – सोभियतरत्न तुलाधर | ७९ |
| २५. नेपालमा एकमात्र हजारौं बुद्ध प्रतिमा भएको पाटनको महाबुद्ध मन्दिर | – नरेन्द्रनरसिंह शाक्यबंश | ८१ |

नेपाल भाषा

| | | |
|---|---|---|
| २६. नेपाले स्थविरवाद बुद्ध धर्म पुनरुत्थाने अनगारिका (गुरुमाँ) पिंगु देन | – धर्मरत्न शाक्य "त्रिशूली" | ८३ |
| २७. नांनाप ज्या ल्वःम्ह गुरुमां | – सुवर्ण शाक्य | ९१ |
| २८. धम्मवती जिं म्हस्यूथें | – अनगारिका माधवी | ९३ |
| २९. "अध्ययन गोष्ठीया शिक्षा व्यवहार बाँलाकेत खः" | – बिमला शाक्य | ९४ |
| ३०. धम्मवती गुरुमाँ व धर्मकीर्ति पत्रिका | – प्रेमहीरा तुलाधर | ९५ |
| ३१. साहसीम्ह धम्मवती | – भिक्षु बुद्धघोष महास्थविर | ९९ |
| ३२. श्री सम्पादक जु चिट्ठी | – | १०१ |


Downloaded from http://www.dhamma.digital

*उहाँ कहिल्यै थाक्नु भएन*
*उहाँले कहिल्यै गाऱ्हो मान्नु भएन*
*उहाँले कहिल्यै आराम गर्नु भएन*
*उहाँ कहिल्यै हतोत्साहित हुनु भएन*
*हुनु भयो त उहाँ*
*समर्पित ! आफैं समर्पित !*
*बुद्ध शासन चिरस्थायी गर्नको लागि*

त्यस्तो महान व्यक्तित्व पूज्यनीय भिक्षुणी धम्मवतीको ५० औं प्रव्रज्या दिवसको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

# बालाजु अटो वर्क्स (प्रा.) लिमिटेड

बालाजु औद्योगिक क्षेत्र
बालाजु, काठमाडौं
फोन नं. ३५०९९४, ३५०६०४

Downloaded from http://www.dhamma.digital

# मेरो आँखामा "धम्मवती"

✍ भिक्षु ज्ञानपूर्णिक

बुद्ध-वचन अनुसार मनुष्य जीवन सारपूर्ण जीवन हो; दुर्लभ जीवन पनि र साथै अत्यन्त अमूल्य पनि। यस्तो जीवन चाहे पुरुषले प्राप्त गरेको होस् या त नारीले; सार्थक तुल्याउन सकेको खण्डमा यस जीवनले प्राप्त गर्न नसकिने नै के छ र ? सर्वदर्शी, सर्वज्ञ, सम्यक सम्बुद्धत्व समेत प्राप्त गर्न सक्ने यो जीवन हो। तर यसलाई, यसलाई राम्ररी स्याहार-सम्भार गरी समाउन सकिएन भने पूर्णरूपमा नै यो उल्टिन्छ, पल्टिन्छ, जथाभावी यता उता छताछुल्ल हुन जान्छ। नरकको खाल्डोमा खसिन्छ, पुरिइन्छ जाकिन्छ र बरबाद समेत हुन पुग्छ।

**सारपूर्ण जीवनः**

निश्चय पनि गणेश कुमारी थिइन् सौभाग्यवती जसले मानवीय जीवन, सार जीवन प्राप्त गरिन्। प्राप्त भएको मनुष्य जीवनलाई अझ सारपूर्ण बनाउन कलिलो उमेरदेखि भावी आर्या धम्मवती नारी प्रतिको शोषणयुक्त जंजीर तोड्न तम्सिइन्। वहाँमा १२-१३ वर्षको कलिलो उमेरमै विद्रोहको भावना जागिहाल्यो र निरक्षर भई बस्नुको अभिशापलाई हटाई साक्षर बन्न उनी आफैंभित्र छट्पटाइन्। त्यस छटफटाहटलाई शान्त पार्न मौका पाउना साथ त्यसको सदुपयोग गर्न उनी पछि परिनन् र एक्लै भए तापनि त्यस्तो कलिलो उमेरमा समेत अन्य केटीहरूले बटुल्न नसक्ने शक्ति र अदम्य साहस बटुलीकन घनघोर जंगलको बाटोघाटो पार गरी येन केन प्रकारेन बौद्ध राष्ट्र बर्मा (म्यान्मार) पुगि छाडिन्। त्यहाँ पुगी सारपूर्ण जीवनलाई चम्काउन उनले १३ वर्षसम्म आफूलाई त्यहाँ घोट्न थालिन्। सारयुक्त बुद्ध-शासनमा आफूलाई समर्पित गरी प्रव्रजित भावमा बुद्ध-शिक्षाको भण्डार आफूभित्र भर्न थालिन्; भरिन् पनि।

**अथक परिश्रमीः**

आ-आफ्नो लक्ष्यमा पुग्न उद्यमी र परिश्रमी नभइकन सम्भव नै हुँदैन। साहसको साथ साथै उद्योग पनि त्यतिकै महत्वपूर्ण पक्ष हो। आर्या धम्मवतीमा त्यो गुण विद्यमान छ, छैन त्यसको लेखा जोखा उहाँको उपलब्धिले नै दशाईराखेको छ। परदेशमा गई त्यहाँको वातावरणमा भिजी त्यहिंको परिवेशमा हुर्की-बढी त्यहाँकै भाषामा पोख्त बनी आफ्नो लक्षमा पुग्नु निश्चय पनि सानो तिनो उद्योग र परिश्रमले हुने कुरो होइन। खाई-नखाई, सुख-दुःख झेली हासिल गर्नुभएको सफलताले नै उहाँ कत्तिको उद्यमी र परिश्रमी एवं वीर्यवती हुनुहुन्छे भन्ने कुरा स्पष्ट छ।

**सक्षम योग्य नेतृः**

कहिले काहिं हामी पाउँछौं शिक्षाको क्षेत्रमा शीर्षस्थ अवस्थामा पुगेर पनि कार्य क्षेत्रमा असक्षम व्यक्तिहरू। सक्षम नेतृ बन्न खुबीको जरूरत पर्दछ। त्यस किसिमको खुबी र दक्षता आर्या धम्मवतीमा प्रसस्त रहेको हामी पाउँछौ। उहाँमा कुशल नेतृ बन्ने क्षमता छ। त्यसैले आज आएर कठिन परिस्थितिमा पनि सयौं नारीहरूलाई आफ्नो कमाण्डमा लिन उहाँ सक्षम भएकी छिन्। सबैको श्रद्धापात्र बनेकी छिन्। प्रिया भएकी छिन्। गौरबनीया बनेकी छिन्। अनुशासन गर्न अपवाद सहन समस्या निराकरण गर्न सिपालु भएकी छिन्। भावनीया बनेकी छिन्।

**वक्तृत्व शक्ति सम्पन्नाः**

ज-जसले आर्या धम्मवती प्रदत्त उपदेश सुनेका छन्, तिनीहरू सबैले मुक्तकण्ठ देखि उहाँको प्रशंसा गरेका छन्। उनलाई वक्ता-प्रवक्ताको रूपमा कुशल उपदेशिकाको रूपमा मानि आएका छन्। धेरैजसो उहाँको उपदेश उदाहरणमय व्यावहारिक एवं सरल बुझ्न सजिलो भएको देखिन्छ। गम्भीर कुरालाई पनि सम्झाउन-बुझाउन उपमामय भाषाको प्रयोग नितान्त आवश्यक हुन्छ। ग्रन्थमा पनि भनिएको छ "उपमायमिधेकच्चे अत्थं जानन्ति पण्डिता" अर्थात् 'यहाँ धेरैजसो व्यक्तिहरू अथवा पण्डितजनहरूले उपमाद्वारा



Downloaded from http://www.dhamma.digital

गम्भीर अर्थलाई जान्न बुझ्न पाइन्छ, जान्न बुझ्न सक्छन् ।" त्यो भाव राम्ररी बुझेकी आर्या धम्मवतीको उपदेश र भाषणमा त्यसको राम्रो प्रयोग भएको कारणले उहाँको उपदेश र भाषण आकर्षक, रूचिकर एवं कर्णप्रिय भएको स्वीकार्न सकिन्छ ।

**राम्री ब्यवस्थापिका:**

शिक्षित हुनु, बोल्न जान्नु आदि मात्रले मानिस सफल हुने होइन; आफ्नो लक्ष्यमा सफलतापूर्वक पुग्न व्यवस्थापनमा पनि निपुणता हुने आवश्यक गुण हो । सुब्यवस्थित रूपमा ब्यवस्था मिलाउन जानेमा नै अरूहरू आफूप्रति आकर्षित हुन्छन्; योग्य व्यक्तिको रूपमा स्थान दिने गर्दछन् ।

आर्या धम्मवतीले भरखर भरखर नेपाल फर्कंदा के कस्ता किसिमका कठिनाईहरू भोग्नु परेकी थिइन्, गाँस बासको ब्यवस्था मिलाउन कति मेहनत गरिन्, त्यसलाई नियालेर हेर्दा आजको स्थितिमा पुग्न संघर्षशील अवस्था भएको स्पष्ट छ । तर उहाँको ब्यवस्थापन कुशलताले गर्दा उच्च सिंढिमा चढ्न उहाँ समर्थ भएकी हुन् । उहाँले आफूमा भएको शीप र जाँगरलाई उजागर गर्नुभई एक एक कदमलाई व्यवस्थित ढंगले प्रयोग गर्नु भो । र शनैः शनैः उहाँले जनताको आस्था र विश्वासलाई जित्दै जानु भो । आफ्नो कार्य क्षेत्र विस्तार गर्दै जान उहाँलाई कठिनाई भित्रमा पनि कुनै कठिनाई सहनु परेन । ठाउँ ठाउँमा नयाँ नयाँ केन्द्र खोल्दै जानु भो । र यसरी अन्ततः उहाँ नेपालको मात्र नभई अर्न्तराष्ट्रको आर्या धम्मवती हुने श्रेय पाउनु भयो ।

**भ्रमण प्रेमी:**

ज्ञानोपार्जन गर्न किताबी ज्ञानमा मात्र सीमित भएर पुग्दैन । ठाउँ ठाउँ, क्षेत्र क्षेत्रको विभिन्न बहुश्रुत आर्जन गर्नु पर्दछ । अनि मात्र व्यक्ति बाहुश्रुतिक बन्न सकिन्छ । अनुभव ज्ञान प्रसस्त मात्रामा मन-मस्तिष्कमा थुपारेको हुन पुग्दछ । त्यसकारण भ्रमण प्रेमी हुनु जरूरी छ । त्यो स्वभाव आर्या धम्मवतीमा स्वतः प्रस्फुटित भइराखेको पाइन्छ । त्यसैले गर्दा नेपाल अधिराज्यको प्रमुख प्रमुख क्षेत्रहरूमा देश विदेशको थुप्रै ठाउँहरूमा उहाँले भ्रमण गरिसक्नु भएको छ । अनेकौं बहुश्रुतहरू बटुलिसक्नु भएको छ । बुद्ध-पूजा मनाउनुको रूपमा पनि तीर्थ यात्रा आयोजिकाको रूपमा पनि आफ्नो भ्रमण प्रेमी चरित्रलाई उहाँले चरितार्थ पारेकी देखिन्छ ।

**समाज सेविका:**

सामाजिक सेवामा पनि उहाँको हात पछि परेको छैन । बेला बखतमा गरीब गुरुवाहरूलाई, याचकहरूलाई, वृद्ध वृद्धाहरूलाई अस्पतालका रोगीहरूलाई विभिन्न खाद्य पदार्थहरू वितरण गर्ने लुगाफाताहरू बाँडि दिने सक्दो रूपमा आर्थिक सहयोग दिने, समाज सुधारको लागि विभिन्न प्रकारको प्रदर्शनी आदिको आयोजना गर्ने कुरीति कुप्रथा हटाउन व्यवहारमुखी शिक्षा दीक्षा दिने काममा सतत संलग्न रहिरहेकी छिन् ।

**जस्तो नाम उस्तै काम:**

बुद्धोपदेशले धर्म गर्नुको रूपमा विशेषतः दान शील भावना र शील, समाधि र प्रज्ञाको रूपमा विषय वस्तुहरू क्रमबद्ध तरिकाले दिइराख्नु भएको छ । यी धर्महरू आर्या धम्मवती आफू स्वयं पनि सक्रिय रूपमा अभ्यासरत भई अरूहरूलाई पनि आफू संगसंगै दोऱ्याउँदै लागिरहेकी हुँदा उहाँलाई "जस्तो नाम उस्तै काम" भएकी भनेर भन्न एकदम सुहाएकोमा दुईमत अवश्य हुने छैन । त्यसैले उहाँले आफ्नो धम्मवती नामलाई सार्थक तुल्याउँदै काम पनि त्यही अनुरूप गर्दै आइरहेकीमा हामीले निकै गौरब मानि आएका छौं । र मानेरै रहिरहन पाउँ भन्ने सदिच्छाका साथ वहाँको गृह त्यागी प्रव्रजित जीवन ५० वर्ष पुगी सुवर्ण जयन्ती मनाउन पाएकोमा आफूलाई धन्य सम्झँदै निम्न शुभकामना व्यक्त गर्न चाहन्छु ।

चिरं जीवतु अय्या धम्मवती !
सुखी होतु अय्या धम्मवती !!
अरोगा, निद्दुक्खा, निस्सोका, निब्भया होतु
अय्या धम्मवती !!!
साधु ! साधु !! साधु !!!

■



Downloaded from http://www.dhamma.digital

"सासन धज धम्माचरिय" (बर्मा पाखें) या मा: क्वखायाः नेपाः बिज्यात

थःगु माँ दे नेपालय् बुद्ध धर्मया प्रचार यायां हाकनं

"अग्ग महागन्थवाचक पण्डित"

पदवि (बर्मा) छाय्पिया बिज्यात,

उलिजक मखु,

थःगु देसय् "ज्ञानमाला रत्नवत" सिरपालं झः झः धायेकाः

"भाषा थुवाः" उपाधिं नं हनाबिल वसपोलयात उम्ह पूजनीय जिमि गुरुमाँ

भिक्षुणी धम्मवतीया प्रव्रज्या न्येदँ दुगु लसताय् जिपिं सकलें वसपोलया

शिष्यपिसं सश्रद्धापूर्वक भिन्तुना देछाना !

<u>*जिमि भोजन पुचःया दुजःपिं :*</u>

| | |
|---|---|
| *श्रद्धा कमल तुलाधर* | *मोहिनी तुलाधर* |
| *लोचन तारा तुलाधर* | *सुमिता कंसाकार* |
| *रीना तुलाधर* | *जुनू तुलाधर* |
| *रसुवन्ति तुलाधर* | *दीना कंसाकार* |
| *मधुवन्ति तुलाधर* | *अमिता तुलाधर* |
| *अलिन्द्रा तुलाधर* | *उष्णिष तारा तुलाधर* |
| *सबिता स्थापित* | *उत्पल वर्ण बनिया* |
| *सरिता तुलाधर* | *सोनी बनिया* |
| *त्रिलोचन तुलाधर* | *मीरू तुलाधर* |
| *सबिना तुलाधर* | *रीनु बनिया* |
| *सर्मिना बनिया* | *अन्जना तुलाधर* |



Downloaded from http://www.dhamma.digital

# हार्दिक बधाई !

नेपालमा बुद्ध धर्म प्रचार गर्न आफ्नो जीवनै व्यतीत गर्नुभएकी, श्रद्धेय भिक्षुणी धम्मवतीको धार्मिक जीवन यात्रा आज ५० वर्ष पुरा भएकोमा उहाँको सफलतामा हार्दिक बधाई सहित श्रद्धाले शीर झुकाउँदछौं।

साथै उहाँको धार्मिक यात्रा निरन्तर बढ्दै जाओस् भनी प्रार्थना गर्दछौं।

## भिम बहादुर, दिल माया

मांसगल्ली, काठमाडौं

फोन नं. २२२९६३



Downloaded from http://www.dhamma.digital

# बुद्ध र बुद्धको शिक्षा प्रचार

✍ **भिक्षु अश्वघोष**

धम्मवती अनगारिका (भिक्षुणी) आधुनिक नेपालको प्रतिष्ठित धर्म प्रचारिका हुनुहुन्छ । उहाँ ललितपुर ओकुबहालमा शाक्य कुलमा जन्मनु भएर १२, १३ वर्षको कलिलो उमेरमा नै बैराग्य चित्त उत्पन्न गर्नु भएर प्रव्रजित हुनुभयो । बर्मामा जानु भएर १४ वर्षसम्म बुद्ध वचन अध्ययन गर्नु भएर धम्माचरिय पद प्राप्त गरी नेपाल फर्किनु भयो । आज उहाँ प्रव्रजित हुनु भएको ५० वर्ष पुगेको उपलक्ष्यमा धर्मकीर्ति विहारको तर्फबाट एउटा स्मारिका पत्रिका प्रकाशित गर्न लागिएको छ, त्यसै सन्दर्भमा यो लेख्न लागिरहेको छु ।

धम्मवती गुरुमाले धर्मकीर्ति विहारलाई धर्म प्रचार को केन्द्रको रूपमा स्थापना गर्नुभयो । 'धर्मकीर्ति' नाउँ जसरी राखिएको छ, त्यसरी नै तीव्ररूपमा धर्म प्रचार कार्य शुरू भयो । उहाँको व्यक्तित्व र प्रवचन शैलीले बूढ़ा बूढ़ी देखि केटाकेटीहरूसम्म प्रभावित भए । काठमाडौं उपत्यका भित्र मात्र होइन, पश्चिम पोखरा, पाल्पा तानसेन, बुटवल र पूर्व धरानसम्म उहाँको धर्म प्रचार कार्यबाट उपासक उपासिकाहरू प्रभावित भएका छन् । उहाँको प्रतिभा र व्यक्तित्व अपूर्व छ ।

धर्मकीर्ति विहारको कार्यक्रममा अधिकांश बूढा बूढीहरू त्यसमा पनि महिलाहरूको संख्या बढी भएकोले उहाँहरूले बुद्धको वैज्ञानिक र व्यवहारिक धर्म बुझ्न नसक्ने भएकोले युवा वर्गको लागि अलग्गै 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' नामक संस्था स्थापना गर्नुभयो । जहाँ युवाहरूमा प्रभावित हुने रचनात्मक र व्यवहारिक बुद्ध धर्मको परिचय सम्बन्धी कक्षा संचालन गरियो । जस अनुसार नियमित रूपमा प्रत्येक शनिश्चरबार कक्षा र प्रवचन कार्यक्रम संचालन भैरहेका छन् ।

अब यहां धर्मकीर्ति अध्ययन गोष्ठीको शनिश्चरबारको कार्यक्रममा चर्चा हुने, अध्ययन र छलफल हुने बुद्ध शिक्षाको संक्षिप्त रूपमा मुख्य मुख्य कुरा प्रस्तुत गर्न लागिरहेको छु ।

धर्मकीर्ति अध्ययन गोष्ठीमा बुद्ध जीवनीको अध्ययन गर्ने शैली परम्परागत नभै अलि अन्वेषणात्मक शैलीको छ । मतलब 'बुद्ध जीवनी' पुस्तक अनुसार बुद्धको जन्म सकल प्राणीको उद्धार गर्न भएको तर पालि पिटक अनुसार सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गरी सकेपछि सर्व प्रथम प्रवचन दिनु भएको 'धर्मचक्र प्रवर्तन सूत्र' अनुसार बहुजन हिताय बहुजन सुखको लागि' भनेर घोषणा गर्नुभयो । 'सर्वजन हिताय सर्वजन सुखाय' भन्नु भएन । सर्वजन हिताय काम गर्नु सम्भव पनि छैन ।

अर्को अध्ययन हुने बुद्धको मुख्य शिक्षा दु:ख र दु:खबाट मुक्त हुने बारे हो । त्यसको लागि दु:खको कारण पत्ता लगाउनु दु:ख निवारणको बाटो खोज्नु हो । दु:खको कारण तृष्णा, जति भएपनि सन्तुष्ट नहुने बानिलाई त्याग्नु पर्ने हुन्छ । दु:खबाट मुक्त हुने बाटो बुद्धले देखाउनु भयो । जस्तै- दृष्टि सोझो हुनु, सोचाई ठीक हुनु, कुराकानी शुद्ध हुनु, कामकारवाही निर्दोष हुनु, प्रयत्न ठीक हुनु, होश ठीक हुनु अर्थात् सतर्क र सचेत भईरहनु, चित्त चञ्चल नहुनु साथै कर्तब्य पालन गर्ने बानिको हुनु । अर्को आत्मालोचना गर्न सक्नु । किनभने काम गर्दा र कुरा गर्दा गल्ति हुन सक्छ । भगवान बुद्धले भिक्षुहरूलाई महिनाको दुई चोटि एकत्रित भएर उपोसथ गर्ने आपत्ति देशना (आत्मालोचना) गर्नु पर्ने निर्देशन दिनु भएको थियो । आज भोलि नेपालमा त्यो कार्य लोप भईसक्यो । संयुक्त निकाय अनुसार स्वयं बुद्धले भिक्षु संघलाई सम्बोधन गर्नु भएर भन्नुभयो- "भिक्षुहरू, मेरो गतिविधिमा केही कमजोरी छ कि जसले गर्दा तिमीहरूलाई अप्ठ्यारो भएको छ ? छ भने भन म सुधार गर्नेछु ।" यो बुद्धको महान चरित्रको लक्षण हो ।



Downloaded from http://www.dhamma.digital

अर्को, बुद्धले दिनु भएको अपूर्व शिक्षा दुःखबाट मुक्त हुनको लागि संधैं जसो मैत्रीपूर्वक आपसमा कुरा गर्ने, काम गर्दाखेरी पनि मैत्रीपूर्वक गर्ने र चिन्तन गर्ने। यसो गर्न सके कलह र द्वेष भावको सम्भावना कम हुन्छ।

'बुद्ध जीवनी' अनुसार बुद्ध परम्परावादी जस्तो देखिन्छ। चमत्कार देखाउने, जस्तै- आकाशमा उडने, देवलोकमा गएर बस्ने आदि अलौकिक व्यक्ति देखिन्छ। तर पालि पिटक अनुसार बुद्ध परम्परावादी हुनुहुन्न। धर्मचक्र सूत्रमा बुद्धले भन्नु भएको छ - 'पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि..." अर्थात् पहिले कहिले पनि नसुनेको चार आर्य सत्य बारे प्रज्ञा चक्षु उत्पन्न भयो ...।

पालि पिटक अनुसार बुद्धको चमत्कार पांच इन्द्रियलाई संयमित गर्न सक्ने शक्ति भएको मतलब आंखाले रूप हेरेर त्यसमा आशक्त नहुने, कानले शब्द सुनेर, नाकले गन्ध सुँघेर, मुखले मीठो खाना खाएर, शरीरले स्पर्श गरेर महमा झिंगा टांसिए झैं आशक्त नहुनु बुद्ध चमत्कार हो। अर्को भाषामा भन्नु हो भने लोकोत्तर चमत्कार हो। मनलाई वशमा राख्नु यो सानो कुरा होइन। साधारण मानिसहरू मनले जे आवेसिन्छ त्यस अनुसार काम गर्ने र त्यहां त्यहां जाने गर्दछन्। भगवान बुद्धले भिक्षुहरूलाई निर्देशन दिनुभयो- 'भिक्षुहरू चमत्कार देखाउनमा लाग्नु हुँदैन। चमत्कार देखाए भिक्षुहरूलाई अनर्थ हुन्छ। तमाशामा मानिसहरू भुल्नेछन्। आचारण शुद्धि गर्ने धर्मबाट टाढिन्छन्।"

'बुद्ध जीवनी' अनुसार प्रार्थना र पूजा पाठ गरेर फल प्राप्त हुने कुरा देखिन्छ भने पालि पिटक अनुसार आचारण शुद्ध बिना शुद्धि र सिद्धि प्राप्त हुन सक्दैन। मन शुद्ध हुनु अति आवश्यक विषय हो। पाप नगरे पनि, पुण्य कर्म गरे पनि, चित्त शुद्ध भएन भने आफ्नो इच्छा सफल हुँदैन। दुःखबाट मुक्त निर्वाण सुख प्राप्त गर्न पुण्य र पाप दुबै नाश हुनुपर्छ। पुण्य कर्म गर्दाखेरी निस्वार्थ भावनाले गर्नुपर्छ। फलको आशा गरेर पुण्य गरेको खण्डमा फल भोग्न फेरि जन्म लिनु पर्नेछ। तब कसरी दुःखबाट मुक्ति पाउने ?

यहाँ बुझ्नु पर्ने कुरा के छ भने 'बुद्ध जीवनी' रचनाकारले अर्थकथाको अनुसार लेखेको हो। अर्थकथा भनेको मूल पालि त्रिपिटक होइन। बुद्ध परिनिर्वाण भएर ६ सय वर्ष पछि आचार्य भिक्षुहरूले लेखेका हुन्। अर्थकथाचार्यहरू सबैजसो ब्राह्मण हुन्। त्यसैले अर्थकथाहरूमा ब्राह्मण संस्कारको गन्ध मिसिएको छ।

अंगुत्तर निकाय तिकनिपातमा, मज्झिम निकाय अरिय परियेसना (पायासि) बोधि राजकुमार सूत्र र सच्चक सूत्रहरूमा बुद्धले आफ्नो आत्मकथाको रूपमा भन्नु भएको घटना र 'बुद्ध जीवनी' मा लेखिएको घटनाहरूमा समानता देखिदैन। बुद्ध जीवनीमा सिद्धार्थ कुमारले गृह त्याग गर्नुभएको मूल कारण बूढ़ा, रोगी, लाश र भिक्षु देख्नु भएको हो भनी उल्लेख छ। तर अंगुत्तर निकाय, तिकनिपातमा बुद्धले स्वयं भन्नु भएको छ - 'म राजदरबारमा छँदा नै बूढ़ा हुनु पर्छ, रोगी र मृत्यु हुनु पर्छ भन्ने थाहा थियो। दरबारको व्यवहारमा असमानता देखेर विरक्तिएर दरबार त्यागेको हुँ।

बुद्धले भन्नुभयो- 'म त मार्ग प्रदर्शक मात्र हुँ। मैले कसैको दुःखबाट मुक्तिको लागि जिम्मा लिएको छैन। दुःखबाट मुक्त हुने बाटो मात्र देखाउँछु। मैले देखाएको बाटोबाट गएको मान्छे दुःखबाट मुक्त हुन सक्छ। मैले दिएको शिक्षा र धर्मलाई अध्ययन गरेर बुद्धिमानले प्रज्ञाले मनन गरेर महसूस गर्न सके मात्र दुःखबाट मुक्त हुन्छ।" **'पच्चत्तं वेदितब्बो विञ्ञूहि'** अर्थात् बुद्धिमानले स्वयं आफैले बुझ्नु पर्ने धर्म हो।

पालि पिटक अनुसार बुद्धले देशना गर्नुभएको धर्म मरे पछि सुख पाउने होइन। सन्दिट्ठिको अकालिको यहाँ आँखाले देख्न सक्ने, धेरै समय नबित्दै फल पाउने धर्म हो।

बुद्ध शिक्षा अनुसार पहिले अध्ययन, त्यसपछि आचरण राम्रो पार्ने, त्यसपछि फल पाउने अर्थात् मार्ग फल प्राप्त हुने, निर्वाणको बाटोमा पुग्ने।



Downloaded from http://www.dhamma.digital

बुद्धको विचार अनुसार दुःखबाट मुक्त हुनको लागि दिट्ठे दिट्ठ मत्तं=हेर्दा हेर्नु मात्र, सुते सुत मत्तं सुन्दा सुन्ने मात्र, मुते मुत मत्तं=स्पर्श गर्दा स्पर्श गरेको मात्र गर्ने तर त्यसमा आशक्त नहुने, निमित्तमा न अलमलिने देखेर, सुनेर र स्पर्श गरेर 'चाहियो, चाहियो' भनेर कल्पनाको सागरमा नडुब्ने । यही कुरा नबुझेर वा बुझेर पनि बुझ पचाएर व्यवहारमा उतार्न नसकेकोले अरहन्त जस्ता निर्दोष व्यक्तिहरू पाउन दुर्लभ भएका छन् । यी बुद्धका मन्त्रहरूलाई बुझ्न सके र व्यवहारमा उतार्न सके गृहस्थी पनि अरहन्त हुन सक्छ भनी उदान पालिमा भनिएको छ । तर पालि पिटकमा अरहन्त हुनुलाई भिक्षु नै बन्नु पर्दछ अन्यथा गोरु वा गाईले हानेर मर्छ भनिएको छ ।

बुद्धको उपदेश अनुसार आर्य अष्टाङ्गिक मार्ग अनुसार आचरण राम्रो गर्न सके त्यो सच्चा बुद्धको अनुयायी हो, चाहे उ जुनसुकै सम्प्रदायको होस् ।

बुद्धले अनुभव गरेको कुरा मात्र भन्नुहुन्थ्यो, आफूले अभ्यास नगरेको अनुभव नभएको कुरा भन्नु हुन्नथ्यो । बुद्धसँग एकजना ब्राह्मणले - 'तपाई को हुनुहुन्छ' भनी सोद्धा बुद्धले भन्नुभयो-

**अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं ।**

**पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मिं ब्राह्मण ॥**

अर्थ- चार आर्य सत्य बारे जान्नु पर्ने ज्ञान जानी सकें र अध्ययन गरी सकें, बुझी सकें । अभ्यास गरेर कुसंस्कार सबै त्यागी सकें, त्यसैले हे ब्राह्मण, म बोध भइसकेको व्यक्ति बुद्ध हुँ ।"

यहाँ बुद्धले भन्नुभएको राम्रो कुरा के भने, अध्ययनको साथ साथै अभ्यास पनि गरें । अभ्यास गरेर मात्र पुग्दैन रहेछ, नराम्रा संस्कारहरू बानिहरू पनि त्यागी सकें । हामी र बुद्धमा फरक के रहेछ भने हामी अध्ययन गर्छौं, धर्म कर्म गर्ने आदि अभ्यास पनि गर्छौं तर आफ्नो गलत धारणा र आचरण छोड्न तयार छैनौं ।

बुद्धले नारी वर्गलाई भिक्षुणी बनाई पुरुष समान अधिकार दिनुभयो । तर सर्व प्रथम भिक्षुणी भएकी प्रजापति गौतमीलाई भिक्षुणी बनाउनु भन्दा पहिला आठवटा गरुं धर्म (गाऱ्हो नियम) बनाउनु भएको उल्लेख छ । यसबारे 'भगवान बुद्ध' नामक पुस्तकको लेखक भिक्षु धर्मानन्द कौशाम्बीले प्रश्न गर्नुभएको छ - 'बुद्धले बिना घटना नघटी कुनै पनि नियम बनाउनु हुन्नथ्यो । सारिपुत्र महास्थविरले बुद्धसँग आग्रह गर्नुभएको थियो- 'भन्ते, भिक्षुहरूको अनुशासनमा कमजोरी देखा पर्दैछ, अहिले नै नियम बनाई दिनुहोस् ।'

बुद्धले भन्नुभयो- 'सारिपुत्र, घाउ हुनुभन्दा अगाडी नै औषधी गर्ने कि घाउ भएपछि औषधी गर्ने, घटना नै नघटिकन नियम बनाउनु हुन्न ।"

तर प्रजापति गौतमी भिक्षुणी हुंदा कुनै पनि घटना घटेको थिएन । एकैचोटी आठवटा गम्भीर नियम कसरी बुद्धले बनाउनु भयो ? यो हुन नै नसक्ने । यो त थेरवादी कट्टर भिक्षुहरूले पूर्वाग्रहले पछि संगायना भएको बेला थपेको हुनुपर्छ ।

बुद्ध दूरदर्शी र प्रजातन्त्रवादी हुनुहुन्छ । भगवान बुद्ध परिनिर्वाण हुने केही दिन अघि भिक्षुहरूलाई सम्बोधन गरेर भन्नु भएको थियो-'भिक्षुहरू, म पछि भिक्षुहरूको सहमति छ भने मैले बनाएको स-साना नियमहरू छाडे पनि हुन्छ ।"

तर दुःखको कुरा के छ भने- बुद्धले स्पष्ट रूपमा भन्नु भए तापनि लोप भएको भिक्षुणी संघ फेरि गठन गर्न तयार छैन । बुद्धले दिनु भएको नारीहरूलाई समान अधिकार दिन कट्टरपन्थी थेरवादी भिक्षुसंघ तयार छैन ।

अन्तमा धर्मकीर्ति अध्ययन गोष्ठीमा धेरैजसो चर्चा हुने विषय हुन् - जीवन जिउँदा अरूलाई अप्ठ्यारो हुने गरी जीविका नगरौं । अरूले गल्ति गरेको देखेको खण्डमा आफूले त्यसता काम गरेको छ कि छैन भन्ने बुद्धको शिक्षा स्मरण गरौं ।

धम्मवती (भिक्षुणी) को दीर्घायु र सुस्वास्थ्यको कामना गर्दछु । ■



Downloaded from http://www.dhamma.digital



धम्मवती गुरुमाँबाट निर्मित लुम्बिनी स्थित गौतमी विहारको प्रवेश द्वार

वि.सं. २००६ साल प्रव्रजित जुयाविज्यागु

# श्रद्धेय गुरुमाँ सासनधज धम्माचरिय

# भिक्षुणी धम्मवती

## प्रव्रजित जुयाविज्यागु न्येदँ धँगु लसताय्

## दुनुगलंनिसें भिंतुना !

भिंतुना देछाया च्वंपिं :

दाजु धनकाजी शाक्य व परिवार
दाजु मानकाजी शाक्य व परिवार
किजा हिराकाजी शाक्य व परिवार
किजा मोतिकाजी शाक्य व परिवार
भिन्चा समिर शाक्य व परिवार
भिन्चा सुचिता शाक्य व परिवार
भिन्चा सुजाता शाक्य व परिवार
मल्लिका शाक्य

यल: हौगल

वि.सं. २०२२ धर्मकीर्ति स्थापना

वि.सं. २०२९ अग्गमहागण्ठवाचक पण्डित

वि.सं. २०२० साल सासनधज धम्माचरिय पदवी प्राप्त



Downloaded from http://www.dhamma.digital

# बेजोड धर्मकथिक-अनगारिका धम्मवती

✍ रत्नसुन्दर शाक्य

नेपालमा स्थविरवाद बुद्ध धर्म पुनरुत्थानको इतिहासमा एक विशेष व्यक्तित्व लिएर आएको व्यक्ति थिइन्- अनगारिका धम्मवती ।

पाटनको एक शाक्य परिवारमा जन्मेकी धम्मवतीको गृहस्थ नाम- गणेशकुमारी शाक्य थिइन् । उनले कुन उमेरमा कसरी गृह त्याग गरी दुर्गम बाटोबाट बर्मा पुगी "शासनध्वज धम्माचरिय" उपाधि हासिल गरे- त्यो अति नै रोचक, प्रेरणादायी एवं अनुत्तर (बेजोड) हुनाको कारण नै होला - उहाँको एक धर्ममित्र-सहायक अनगारिका मागुणवतीले लेखिएको एक परिचयात्मक लेखलाई आधार बनाई बर्मा (म्यानमार) को मोलयिन स्थित एक विद्वान प्राध्यापक शासनध्वज श्रीपवर ऊ सूर्याभिवंश नामक भिक्षुले "निपो मे' (नेपाल पुत्री) नामक एक जीवनी पुस्तिका लेखी प्रचार गरे । सोही 'निपो मे' को आधारमा बर्माका एक सुप्रसिद्ध साहित्यकार भिक्षु ऊ तिलोकत्राण महास्थविर "रवे थ्वँ' ले गणेशकुमारी शाक्यको १२/१३ वर्षको उमेरमा पाटनको सुमंगल विहारमा बर्मी भिक्षु धम्मावुधको धर्मोपदेश सुनेको समयदेखि उहाँको उपदेशबाट प्रभावित भई बर्मामा जाने इच्छा गरेको, दुइजना मित्र साथ लिएको, राहदानी लिने दौरानमै कुशीनगरमा प्रब्रजित भएको, कुशीनगरबाटै मित्रहरू छुट्टी भिक्षु धम्माउधका साथ सारनाथ र बुद्धगयाको दर्शन गरी कलकत्ता पुगेको, कलकत्ताबाट पनि राहदानी लिन ढिलाइ वा असंभव जस्तो हुन आएको कारण बर्मा पुगी पाली बौद्ध साहित्य पढन आतुर धम्मवतीले गुरुका साथ आसाम हुँदै माहुतेहरूका संगै पैदल बर्मा पुगी मोलमिनको खेमाराममा रही ८-१० वर्षको अवधिमा बौद्ध शास्त्र अध्ययन गरी त्यहाँको अनेक परीक्षा दिइ अन्तमा "सासनधज धम्माचरिय" परीक्षा उत्तीर्ण गरी छट्ठ संगायना सम्पन्न भएको ठाउँ रंगूनको गभायी स्थित महापासान गुफामा सो उपाधि हासिल गरेको सम्मको वृतान्तलाई "तमी: छेत्" नामबाट उपन्यासको रूपमा पुस्तक लेख्नु भएको थियो ।

बर्मी भाषामा लेखी प्रकाशन गरिसकेको यस उपन्यासलाई बर्मा मै अध्ययनरत रहनु भएको बेला भिक्षु ज्ञानपूर्णिकले नेपालभाषामा अनुवाद गर्नुभएको थियो- अनुवादित त्यस पाण्डुलिपि नेपाल पुगेर पनि ७/८ वर्ष पछि मात्र बल्ल प्रकाशित भयो । नेपालभाषा साहित्यमा सर्वप्रथम अनुवादित (उपन्यासको रूपमा) यस कृतिको नाम हो- 'य:म्ह म्ह्याय्' । यस कृति प्रकाशन हुनु प्रमुख श्रेय कविकेशरी चित्तधर 'हृदय' (ने.सं. १०२६-११०२) लाई रहेको छ । उहाँको अथक प्रयास (प्रुफ हेर्ने समेत) र धर्मकीर्ति विहारका उपासकोपासिका (दाता) हरूलाई सहयोगबाट पुस्तक प्रकाशन संभव भएको हो ।

स्मरणीय छ, यस पुस्तक "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" स्थापना (७ जेष्ठ २०२८) हुनुभन्दा अगाडि प्रकाशित भएको हो। पछि यस पुस्तकको नेपाली अनुवाद पनि मोतिकाजी शाक्य (उपन्यासका प्रमुख नायिका अ. धम्मवतीको भाइ) ले गरी "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को तर्फबाट ९ वर्ष अगाडि (ने.सं. ११११०) प्रकाशित गरिसकेको छ। पुस्तकको नाम "स्नेही छोरी" राखिएको थियो ।

अनगारिका धम्मवतीको जीवनी पुस्तकको रूपमा रहेको यस "य:म्ह म्ह्याय्" वा 'स्नेही छोरी' उपन्यासको अध्ययन पछि हामीलाई स्पष्ट हुन्छ कि अनगारिका धम्मवती बेजोड धर्म कथिक हुनुमा उनको ठूलो त्याग, दृढता र अथक परिश्रमका परिणाम थियो । उनैको प्रादुर्भावले प्राय: सम्पूर्ण अनगारिकाहरूमा स्वाभिमान र प्रेरणा प्राप्त हुँदै आएको थियो ।

अनगारिका धम्मवतीको वाकसिद्धि (धर्मकथिक) लाई लिएर नेपालभाषा र नेपाली भाषाका एक नामूद साहित्यकार श्री सत्यमोहन जोशीकी धर्मपत्नी राधादेवी



Downloaded from http://www.dhamma.digital

जोशीनीले पनि आफ्नो "प्रज्ञा पारमिताया मू लँपुई" नामक पुस्तकमा उनको प्रशंसा गरिएको छ ।

साँच्चै नै अनगारिका धम्मवती बर्माबाट अध्ययन समाप्त गरेर फर्केदेखिन उहाँको तर्फबाट शुरूमा विशेषत: काठमाडौं उपत्यकाका बौद्ध धर्मावलम्बी श्रद्धालुहरूलाई निकै सन्तोषजनक रूपमा बुद्ध धर्मको व्याख्यान सुन पाइयो- यस आशयलाई उपन्यासका मूल रचनाकार 'र वे थ्वँ' महास्थविरले पनि उल्लेख गर्नुभएको थियो ।

"यी मानिपो (नेपाली केटी) उहिले उनका आफ्नै आमा-बुबाको मात्र स्नेही छोरी थिइन् । जब यिनी परियत्ति (सैद्धान्तिक ज्ञान) र प्रतिपति (ज्ञान अनुसारको व्यवहार गर्ने अभ्यास) दुबै क्षेत्रमा परिपक्व भएर आफ्नो जन्मभूमिमा सही तरिकाले थेरवादी बुद्ध शासनको रश्मि फैलाउनमा सफल हुने छिन् तब यिनी, आफ्ना आमा-बुबाको मात्र होइन सिङ्गो नेपाल देशकी र साथै बुद्ध शासनको पनि 'स्नेही छोरी' हुने छिन् ।"

अनगारिका धम्मवतीले यसप्रकार बुद्ध-पुत्री भई आफ्नो श्रीमुखबाट मात्र धर्मप्रचार गरेकी थिइन् आफ्नो हातबाट पनि लेखन कार्य गरी बुद्ध-धर्म सम्बन्धी कयौं पुस्तक-पुस्तिकाहरू अद्यावधिसम्म लेखी निरन्तर प्रकाशन गर्दै आएकी छिन् ।

"बुद्धया झिंनिगू विपाक" नामक पुस्तिकाबाट लेखन कार्य शुरू गर्नुभएको उनीले हालसम्ममा ३ दर्जन भन्दा बढी पुस्तकहरू लेखी प्रकाशन गरिसकेकी छिन् ।

पुस्तक प्रकाशन कार्यमा अनगारिका धम्मवतीले विहारमा आउने विशेषत: उपासिकाहरूको अनुकम्पाबाट "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को नामबाट झण्डै २०० जति पुस्तकहरू प्रकाशन गरी गोष्ठीको नाम नेपाल अधिराज्यभर फैलाएको छ ।

अनगारिका धम्मवतीलाई बुद्ध-शासनिक कार्य गर्नमा विशेष टेवा दिनु भएका व्यक्तिहरूमा भिक्षु अश्वघोष, अनगारिका मा. गुणवती (बर्मी) लाई प्रमुख रूपमा लिन सकिन्छ । शासनिक कार्यमा उहाँहरू एक-आपसमा पूरक थिए ।

अनगारिका मा. गुणवती- जो अनगारिका धम्मवतीका साथ नेपालमा बुद्ध-शासन प्रचार प्रसार गर्नको निमित्त सन् १९६३ मै नेपालमा आउनु भएकी थिइन् । उहाँको नेपाल आगमन वा नेपालमा शासनिक कार्य गर्नु आउनु भएको "सुवर्ण रजत उत्सव" मनाएको नै एक दशक भन्दा बढि (बु.सं. २५३१) भईसक्यो । "सुवर्ण रजत उत्सव" को बेला (वि.सं. २०४४) उनी स्वयंले नेपालभाषामै मौलिक रूपमा लेखिएको "नेपालय् २५ दँ जिगु लुमन्ति" पुस्तक "धर्मकीर्ति विहार" ले प्रकाशन गरिसकेको हामी सबैलाई थाहा भएकै कुरा हो ।

भिक्षु अश्वघोष- वि.सं. २०२८ सालमा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्थापना कालदेखि "आनन्द कुटी विद्यापीठमा प्रशासनिक कार्य छोडी शासनिक कार्यमा साथ लाग्नुभएका उहाँ सन् १९४४ मै प्रवजित भएका थिए । श्रीलंकामा पूरा ८ वर्ष पाली साहित्य अध्ययन गरी फर्कनु भएका उहाँ विशेषत: बुद्ध-धर्मका व्यावहारिक पक्षधर थिए । अत: उहाँको धर्मोपदेशलाई युवाहरू त्यति नै रूँचाउँथे । "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" बाट प्रकाशित भएका पुस्तकहरूमा सबभन्दा बढी शायद उहाँकै पुस्तक थियो । गोष्ठीको प्राय: सम्पूर्ण गतिविधिहरूमा उहाँ सरिक हुनुहुन्थ्यो ।

अँ, हामीलाई अनगारिका धम्मवती जस्ता प्रतिभा ल्याइदिनुभएका बर्मी भिक्षु धम्मावुधलाई हामी कहिल्यै विर्सन सक्दैनौं । उहाँले नेपालमा स्थविरवाद बुद्ध-धर्म व्यापक रूपमा प्रचार-प्रसार गर्न थप टेवा दिलाउने हेतु अनगारिका धम्मवतीलाई बर्मामा पुऱ्याउन अनेक दु:ख कष्ट सहन गरी बर्मा पुऱ्याई मोलमिनको खेमाराम विहारमा विहाराधिपति दो. पञ्ञाचारीको छत्रछायाँमा छोडी आफू पुन: संस्कृत साहित्य अध्ययनार्थ भारत फर्कनु भएको थियो ।

अनगारिका धम्मवती विद्याध्ययन गरी नेपाल फर्कनु भएको केही वर्ष (धर्मकीर्ति विहार) पछि उहाँ



Downloaded from http://www.dhamma.digital

(भिक्षु धम्मावुध) पुनः नेपाल आगमन गर्नुभयो । उहाँ उपत्यका एवं उपत्यका बाहिर आदि ठाउँहरूमा गरी २२ महिना जति रही बर्मा फर्कनु भएको थियो । अफशोच ! यहाँबाट फर्कनु भएको दुइ वर्ष पछि सन् १९७३ को नवम्वर महिनामा उहाँले आफ्नो जीवन परित्याग गर्नुभएको थियो ।

आफ्नो गुरुको पुण्यस्मृतिमा अनगारिका धम्मवतीले अनेक दानादि पुण्यकार्य गर्नुको साथै उहाँ द्वारा All India Radio बाट "शाक्यमुनि बुद्ध" को संक्षिप्त जीवन चर्य्याको विषयमा दिइएको प्रसारणलाई नेपालभाषामा अनुवाद गरी "शाक्यमुनि बुद्ध" नाम बाटै पुस्तक (प्रकाशन) गर्नुभएकी थिइन् ।

यसप्रकार अनगारिका धम्मवतीको प्रतिभा, हृदयंगम गर्दै जाने बेलामा हामीले उहाँका गुरुवरको पनि याद गर्नुपर्ने आवश्यक ठान्दछु ।

अन्तमा अनगारिका धम्मवती प्रव्रजित हुनुभएको ५ दशक पूरा भएको उपलक्ष्यमा उहाँको सुस्वास्थ्यको कामनाको साथै उहाँको शासनिक कार्य अन्तर्गत स्थापना भएको 'धर्मकीर्ति विहार" र "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्वर्ण उत्सव पनि उहाँले हेर्न पाउने आशा राख्दै पुनः एक पटक उनले धर्मको लागि आत्मसमर्पण गरी दुष्कर, दुर्गम, कान्तार मार्ग पार गरी बर्मा पुग्नु भएको महत्तालाई 'कविकेशरी' चित्तधर "हृदय' को शब्दमा उल्लेख गरी यस लेख टुंग्याउँछु -

"गुगु अर्थ प्राप्तिया नितिं सिंहसार्थवाहं ल्हासाया लँय् फःगु दुष्करता स्वयाः म्ह मजू, 'यमि' जुया 'भृकुटी' उपन्यासय् 'थोन्‌मि' लामां नालन्दाया लँय् गुलि दुःख कष्ट सी माल धका च्वया तल व स्वया नं छुं म्ह मजू । अज्ज धम्मालोक भन्तेनं म्वाःम्ह मञ्जुश्री नाप ल़ाय् धकाः सँय् वसतं पुनाः सँय् हे जुयाः जलमार्गं पेकिङ्ग तक व अन महाचीनया पञ्चशीषं पर्वत तक स्थल मार्गं यात्रा याना विज्याःगु दुष्करता स्वयाः नं म्ह मजू ।" ■

# तृष्णा

**श्रा. संघरक्षित, संघाराम**

फलफूलको आशा गरी बानर जंगलमा
बृक्ष बृक्षमा छलांग लगाउँदै गर्छ ।
तृष्णाले भरिपूर्ण मानव संसारमा
पुनः पुनः जन्मदै दुःख पाई बस्छ ॥

बिषरूपी नीच तृष्णा हुन्छ मनमा
त बीरण घाँस बर्षामा बढे झैं शोक बढ्छ ।
दुस्त्याज्य नीच तृष्णा राख्छ वशमा
कमलपातबाट पानी टप्के झैं शोक गिर्छ ॥

मनोहर राम्रो लाग्ने तृष्णारूपी नदीमा
बग्छ लहलह प्राणी सुखको कामनामा ।
त्यागी आसक्त यत्रतत्रका चिजबस्तुमा
बन्छ मात्र बन्धनमुक्त जन्म मरणमा ॥

मन गर्नमा शान्त संकल्प विकल्पलाई
अशुभ भावना गरी हरदम जाग्रत भई ।
तृष्णारहित, निदर, चित्रमल नहुनेलाई
प्राप्त हुन्छ वास्तविक सुख विमलज्ञानीलाई ॥

जरा नउखेलि मात्र काटेको बृक्ष उम्रे झैं
मूलनष्ट नगरेसमम तृष्णाले दुःख दिन्छ ।
राग, द्वेष, इच्छा, भोग, तृष्णा
क्षय भए बिमुक्ति सुख प्राप्त हुन्छ ॥

*(धम्मपद : तण्हावग्गो)*

**आर्थिक सहयोग**

यस स्वर्ण जयन्ती अंकको लागि श्री सानुरत्न स्थापितले रु. २५,०००/- आर्थिक सहयोग प्रदान गर्नु भएकोमा यस धर्मकीर्ति उहाँलाई साधुवाद दिँदै आयु आरोग्य कामना गर्दछ ।



Downloaded from http://www.dhamma.digital



"नेपाल फर्किनु भन्दा पहिले आफ्ना दाताहरूको साथमा"
दो. गुणवती गुरुमाँ र धम्मवती गुरुमाँ



Downloaded from http://www.dhamma.digital

# बुद्धको धार्मिक सन्देश जहिले पनि सान्दर्भिक छ

✍ आनन्द प्रधान, मैतीदेवी, काठमाडौं

समाज विभिन्न धर्म र संस्कृति मान्ने, विभिन्न भाषा बोल्ने, विभिन्न भेषभूषा लगाउने, विभिन्न पेशा गर्ने तथा विभिन्न विश्वास र धारणा राख्ने जमात भएकोले यदाकदा नैतिकता, सदाचार र धार्मिक सहिष्णुतामा कमी आउँदा अप्रिय धटनाहरू घटन गई त्यसबाट उत्पन्न दुष्परिणामले उग्ररूप लिन पुगेमा गाउँ-घर परिवार, समाज याहाँसम्म कि राज्य समेत आतंकित, त्रसित भयभीत र ग्रसित बन्न पुग्दछ । सामाजिक जनजीवनमा अस्थिरताको वातावरण श्रृजना हुन्छ। प्रशासन तन्त्र नै ठप्प हुने प्रबल सम्भावना हुन्छ ।

विश्वमा विभिन्न कारणबाट धेरै अप्रिय घटनाहरू घटेको उदाहरणहरू पाउँदछौं । जस्तो राज्य विस्तारको निमित्त, सुन्दरीको निमित्त, धन-सम्पतिको निहुँमा, धर्मको निहुँमा, साम्प्रदायिक भावना फैलाएर, सत्ता र शक्ति हत्याउने निहुँमा, रंगभेदको कारण, तथा बुद्धि र शक्ति प्रदर्शनको होडवाजीको कारण समय समयमा साना ठूला गृह-युद्ध, सयर महासयरहरू छेँडिएको छ । स्वर्ग जस्तो पृथ्वीलाई कुरुक्षेत्रको मैदान बनाएर पानीभन्दा महँगो रगतको खोलो बगाएको तथा नरसंहार भएको वीभत्स घटना कथा पुराण इतिहास साक्षी छ । अहिले पनि कुनै न कुनै कारणबाट विश्वमा करुण हृदयविदारक घटनाहरू घटी रहेकै छ र यी घटनाहरूको अन्त हुने कुनै संकेत देखिन्दैन ।

एक थरी चेतनशील वर्ग यी सबै अमानवीय कार्यहरूको घोर भर्त्सना गर्दै शान्ति, विकास, निरास्त्रीकरण, मानव अधिकार, रंगभेद उन्मूलन, छुवा-छुत प्रथा उन्मूलन, नारी-पुरुष समानता, धार्मिक सहिष्णुता, सह-अस्तित्व, स्वतन्त्रता र स्वायत्तता जस्ता जल्दा बल्दा प्रश्नहरू लिएर जसरी जुर्मुराएर उठेको छ जस्तो चर्को आवाज उठाइ रहेको छ ती सबै सर्वाङ्गीन विकास, शान्ति, मैत्री र विश्व कल्याणकै निमित्त भएकोले नैतिक समर्थन गर्नु भनेको मानवीय मूल्य, मान्यता र आदर्शको कदर र सम्मान गर्नु हो ।

गौतम बुद्धले यिनै कुराहरूलाई लिएर आज भन्दा २५०० वर्ष अगाडी नै त्यो बेलाको सामाजिक, धार्मिक, साँस्कृतिक, राजनैतिक, आर्थिक अवस्थाको अतिरिक्त परम्परागत विश्वास र धारणा तथा रीतिथीतिलाई नजिक भन्दा नजिकबाट हेरेर बुझेर सामाजिक संरचनामा कति पनि खलल नपुग्ने गरी तथा राज्यको शासन-व्यवस्थामा आँच नआउने गरी समाजमा प्रयाप्त कुंसंस्कार बुढीरुढीवादी अन्ध-विश्वासलाई जरैबाट उखेल्न, सामाजिक पछौटेपन र दयनीय अवस्थालाई माथि उठाउन, सह-अस्तित्वको भावनाको विकास गर्न तथा सर्वत्र सुख र शान्तिको वातावरण श्रृजना गर्न धार्मिक शिक्षाको माध्यमबाट मात्र परम्परागत मनोवृत्तिमा सुधार ल्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी एउटा आदर्शले भरीएको धर्मको परिकल्पना गर्नुभयो र त्यसलाई पूर्णरूप दिनुभयो । पटिपादित धर्ममा सबै क्षेत्रलाई समेटन सक्ने सत्य, शान्ति र अहिंसा नीतिलाई उच्च प्राथमिकता दिनु भै दैनिक व्यवहारमा उतार्न समेत सबैलाई आव्हान गर्नुभयो । स्वयम सत्यका पूजारी, शान्तिका अग्र-गण्य दूत तथा अहिंसाका व्रती भएर लोकसेवा जस्तो पुनीत कार्यमा समर्पित भै एउटा सच्चा सेवक बनेर ठाउँ ठाउँमा जानु भै धर्मोपदेश दिनुभयो । यसरी स्वस्थ धार्मिक चेतना जगाउने काममा जीवनको अन्तिम घडी अघि सम्म आफ्नो कर्तव्यपथबाट कति पनि विचलित नभै शान्त शिष्ट ढंगले अनुशासनप्रिय बनेर सक्रियताका साथ अग्रणी भूमिका खेल्नु भयो । बहुजन हित तथा बहुजन सुखको निमित्त मरिमेट्ने बुद्धको क्रान्तिकारी धारणा र नीति त्यो समयमा सर्वत्र राजप्रथा भएको अवस्थामा जति सान्दर्भिक र साँचो थियो आम विज्ञान र प्रगतिको अभूतपूर्व विकास भएको बेलामा यो मानव धर्मको सान्दर्भिकता र खाँचो अझ बढेर गएकोमा यो चेतनशील समाज अनभिज्ञ छैन भन्दा अत्युक्ति हुन जाने छैन । उन्मुक्त हृदयले भन्ने हो भने यो मानव जातिले जति जति उन्नति र प्रगति गर्दै जान्छ, विकासको फल खाँदै जान्छ त्यति त्यति यो धर्मको सान्दर्भिकता र आवश्यकता बढेर जानेछ भन्ने कुरामा कुनै शंका-उपशंका नरहेको स्पष्ट छ । किनकि सबैको सहमति, समान योगदान र संयुक्त प्रयासबाट त्यो पनि शान्तिको बेलामा मात्र विकासले गति लिन सक्छ र त्यसको फल खान पाइन्छ भन्ने कुरोमा कसैको दुइमत हुन सक्तैन ।



Downloaded from http://www.dhamma.digital

सागररूपी यो मानव धर्ममा सबैले कुनै किसिमको भेदभाव विना समाहित हुन अवसर पाउन, धार्मिक शिक्षा लिएर आफ्नो जीवनलाई सार्थक तुल्याउन् र लाभान्वित हुन सकुन भनेर सैद्धान्तिक कुरामा मात्र नभएर व्यवहारमा पनि उदारता र समानता देखाउनुबाट बुद्धको धार्मिक सन्देशको महत्व बढ्दै गएको हो ।

विश्वमा प्रचलित धर्महरूमा बुद्ध धर्म मात्र एउटा यस्तो धर्म हो जुन धर्मको आफ्नै किसिमको मौलिकता, विशेषता र आदर्श भएर पनि धर्मान्ध विरोधीहरूले आफ्नो धर्मको मूल भावना विपरीत काम गरेर यो धर्मको अस्तित्व मेटाउन ठूलो षडयन्त्र गरे । धेरैको संख्यामा भिक्षुहरूको हत्या गरियो। ऐतिहासिक महत्वका बुद्ध धर्मका ग्रन्थहरू, चैत्य, शिलास्तम्भ र विहारहरू तहस नहस पारी दिए । तर बुद्ध धर्मका अनुयायीहरूले विरोधको निमित्त न विरोध गरे न हतियार नै उठाए । चुप लागेर सहेर बसे । यसरी बुद्धका सत्य, शान्ति र अहिंसा नीतिलाई अक्षरश: पालन गरेर धर्मको आदर्श र गरिमामा कलंक लाग्नबाट बचाए । बुद्ध धर्मको इतिहासलाई चोखो राखे । जति जति यो धर्मको विरोध भयो त्यति त्यति जनमानसमा बुद्ध धर्म र धार्मिक सन्देशले व्यापकता लिदै गयो, लोकप्रियता बढ्दै गयो । मानवीय मूल्य, मान्यता र आदर्शको सँधै कदर र सम्मान गर्ने गुण र विशेषताले गर्दा यो धर्मलाई कुनै राज्यको सीमाले न छेक्न सक्यो न विरोध प्रदर्शन नै गरे । स्वेच्छाले मानिसले धर्मको मर्म बुझे पछि बुद्ध धर्म र धार्मिक सन्देशलाई एक देशबाट अर्को देशमा भित्र्याए । राजा र प्रजा मिलेर बुद्ध धर्मका आदर्श, आचार संहिता तथा बुद्धका अमृत वचनलाई आत्मसाथ गरेको तथा अध्यावधिसम्म गहिरो आस्था, श्रद्धा, भक्ति विश्वास र एकता प्रदर्शन गरेको नमूना विश्व इतिहासमा यो धर्मको बारेमा बाहेक अरू धर्मको बारेमा उल्लेख भएको पाउनु दुर्लभ छ । अहिलेको अवस्थामा मात्र होइन सबै कालमा मानिसलाई युद्ध होइन शान्ति चाहिएको छ । सबै क्षेत्रको विकास चाहिएको छ । विकासमूलक स्वावलम्वी शिक्षा चाहिएको छ । सही दिशा बोध गराउने, मानसिक शान्ति र सन्तुष्टि प्रदान गर्ने तथा रक्षा गर्ने धार्मिक शिक्षा चाहिएको छ। त्यस्तो शिक्षा एक मात्र बुद्धका उदारवादी धार्मिक शिक्षा मात्र उपयोगी छ जुन शिक्षाले व्यक्तिको चारित्रिक, मानसिक, बौद्धिक तथा शारीरिक विकासको अतिरिक्त मैत्री र शान्तिको वातावरण श्रृजना हुन सक्छ । लोकको कल्याण हुन सक्छ ।

कसैले बुद्ध धर्म ग्रहण गरुन वा नगरुन यसमा फरक पर्ने कुरो केही छैन । तर सरल जीवन उच्च विचार लिएर सुख र शान्तिपूर्वक बाच्न चाहनेले बुद्धले अवलम्बन गरेको सत्य, शान्ति र अहिंसा नीतिको बाटोमा हिंडेमा लाभान्वित हुने कुरामा भने शंका छैन । यो नीति खेल व्यक्ति व्यक्तिगत जीवनमा मात्र होइन राष्ट्रिय नीतिमा समेत लागु हुन्छ । किनकि सत्य सर्वब्यापी छ । मन, वचन र कर्मले सत्यको अनुसरण गरेर हिंडेमा कसैसित दब्नु, झुक्नु र डराउनु पर्दैन । सत्यको विजय अवश्य हुन्छ। त्यस्तै मानिसको सवैभन्दा ठूलो तप शान्ति हो भने सबै भन्दा ठूलो व्रत चोखो मन हो । शान्तिले जस्तोसुकै जटिल समस्या पनि सहजै समाधान गर्न सकिन्छ । उन्नति, प्रगति र समृद्धिको निमित्त शान्त वातावरण अपरिहार्य छ । अहिंसा नीति बुद्ध धर्मको सशक्त र महत्वपूर्ण नीति हो । यो नीति अनुसार जीव हत्या (पशुपन्छी बली, नरवली, दान मार काट कार्य) को अतिरिक्त परनिन्दा षडयन्त्र, छुवाछुट प्रथा, रंगभेद, नारीपुरुष भेदभाव र युद्ध जस्ता घोर निन्दनीय र अमानवीय कार्यहरू वर्जित छ। सह-अस्तित्व र विश्व बन्धुत्वको भावनाको विकास गर्नु यो नीतिको महत्वपूर्ण उद्देश्य हो ।

माथि उल्लेख गरिएको तीन नीतिहरू (आदर्शहरू) एक अर्काको पुरक तत्वको रूपमा रहेको छ । तिनीहरूको मानव जीवनसित भावनात्मक मात्र होइन व्यवहारिक सम्बन्ध पनि त्यतिकै गाँसिएको छ । यी नीतिहरूले सागररूपी मानव धर्मको मूल प्रवाहमा मिलेर बुद्धको धार्मिक सन्देशलाई जीवन्त बनाई राख्ने काममा गहन भूमिका खेल्दै आएको छ ।

आज एक थरी मानिसहरू दु:ख, कष्ट, पीडा, रोग, भोक, शोक र घातप्रतिघातले छटपटाइ रहेको अवस्थामा र अर्का थरी मानिसहरू भौतिक साधन र सुविधाले सम्पन्न भएर पनि कृत्रिम वातावरणले गर्दा वाक्क व्यक्क भएर वास्तविक मानसिक शान्ति र सन्तुष्टि नपाएर भौंतारिएर हिंडीरहेको बेलामा एक मात्र बुद्धको शिक्षाप्रद तथा शान्तिप्रद धार्मिक सन्देशले मनमा शीतल प्रदान गर्ने, लोकको कल्याण गर्ने भएको हुँदा समग्रमा बुद्धको धार्मिक सन्देश जहिले पनि सान्दर्भिक रही आएको छ । चिन्तन, मनन तथा पालन योग्य छ । यो धार्मिक सन्देशका व्यापकताको खाँचो छ । ■



Downloaded from http://www.dhamma.digital



भिक्षु अश्वघोष महास्थविर सहित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू (वि.सं. २०३४ सालमा अस्थाई प्रव्रजित हुनेहरू । यी मध्ये भिक्षु राहुल एकजना हालसम्म पनि स्थायी रूपमा भिक्षु नै हुनुहुन्छ ।)



Downloaded from http://www.dhamma.digital




बर्माका समाज सेवक भिक्षु उ. ञाणिस्सरको स्वागत समारोहं
कार्यक्रममा बोल्नु हुँदै धम्मवती गुरुमाँ ।



धर्मकीर्ति विहारमा आयोजित एक समारोहमा दो गुणवती गुरुमाँ र धम्मवती गुरुमाँले बर्मी ध्यान गुरु टाउम्पुल सयादो नेपाल आउनु हुँदा उहाँ समक्ष उपहार चढाउनु हुँदै ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार र अध्ययन गोष्ठी

✍ धर्मदेवी शाक्य

पुर्णिमा र अष्टमी आदि पर्व दिनमा मेरी आमालाई फुर्सद नै हुँदैन । बिहान सबेरै फूल, धूप र चामल लिई बुद्ध पूजामा जानु हुन्छ । बिहानको समय बुद्ध पूजामा बिताउनु हुन्छ । कहिले काहिं भात पकाउन नै अबेर हुन्छ । कहिले काहिं मेरो बुबाले आमालाई भन्नुहुन्छ, यस्तो अबेरसम्म के गरिराखेको ? हामीलाई पनि लाग्थ्यो आमा देवता भक्ती हुनुभयो । वास्तवमा हामीहरूको पूजा र भक्तिमा लाग्ने रूची छैन । कहिले काहिं हामी दिदीबहिनीहरू मिली सोध्ने गर्थ्यौं– "आमा तपाई कहाँ गइराख्नु भएको ?"

आमाले भन्नुहुन्थ्यो - "धर्मकीर्ति विहारमा गएको नि ! तिमीहरू पनि एक दुईपटक त्यहाँ गए हुन्थ्यो नि । गुरुमांहरूले कति राम्रा राम्रा कथाहरू भन्ने गर्नु हुन्छ । तिमीहरूले हेर्दा त्यहाँ दान लिने कथा मात्र भन्ने गर्छ भन्ने ठान्छौ, तर त्यसो होइन । आफ्ना चालचलन सुधार्दै लाने, अन्धविश्वासी बन्न नहुने आदि बारे अनौठो अनौठो कुराहरू धम्मवती गुरुमाँले कति रमाइलो तरीकाले बताउनु हुन्छ ।

हुन पनि हो मेरी आमाको स्वभाव पनि पहिला जस्तो थिएन । अहिले त उहाँलाई रीस उठेपनि धेरै बेरसम्म रिसाइरहनु हुन्न । स्वभाव पनि नरम हुँदै गएको पायौं । हामीले यसरी आमाको स्वभावमा धेरै परिवर्तन आएको देखी, मेरी आमाको कुरा सुनी हामी पनि आमासंगै विहारमा गयौं । हामी अष्टमीकै दिन विहारमा पुगेका रहेछौं । त्यस दिन विहारभरी उपासक उपासिकाहरू आइरहेका रहेछन् ।

बिहान ६ बजेतिर बुद्ध पूजा शुरु भयो । त्यसपछि मधूर स्वरले सबैले एकैचोटी प्रार्थना गरे । यो सुनी मेरो मन आनन्द भयो । बुद्ध पूजा गर्ने भनेको त बहा बहीमा गई एउटै थालीमा फूल, चामल, सिन्दुर, नैवद्य आदि अलि अलि राखी गुरुजुहरूले पूजा गर्ने जस्तो होइन रहेछ । त्यहाँ त पूजा राख्ने थाली अर्थात् किस्ती ४, ५ वटामा फूल र फलफूल सजाई राखेको रहेछ । अनि ती किस्तीहरू क्रमैसंग मिलाएर बुद्ध मूर्ति अगाडि सजाइयो । चामल छर्ने, सिन्दुर लगाइदिने र फूल टुक्रा टुक्रा गरी छर्ने चलन विहारमा मैले देखिन । बुद्ध पूजा सिद्धिएपछि अनगारिका गुरुमांहरूले कथा भनेको राम्रै लाग्यो । तर त्यति राम्रो चित्त बुझेन । किनभने धेरैजसो मानिसहरू परम्परागत विश्वासले मात्र बुद्धलाई पूजा गरिरहेको र कथा सुनिरहेको जस्तो लाग्यो । वर्तमान समाजलाई सुहाउँदो र व्यवहारिक ढंगले काम भइरहेको देखिन ।

तैपनि पछि अर्को एक दिन धर्मकीर्ति विहारमा बिहान सबेरै गएँ । त्यस दिनत विहारमा सय दुईसय जति बच्चाहरू अक्षर पढ्न आइरहेका थिए । कोही कोही अक्षर नै चिन्न नसक्नेहरू अ, आ, इ, ई पढिरहेका थिए । बुद्ध जीवनी र धम्मपद पढिरहेका बच्चाहरू पनि देखें । दुई तिन जना अनगारिका गुरुमांहरूले अक्षर पढाइरहेको देख्दा मनमा अलि साहस बढ्यो । गुरुमांहरू पूजा गर्ने र कथा भन्ने कार्यमा मात्र सीमित हुनुहुन्न रहेछ । गुरुमांहरूले शिक्षा दान गर्ने कार्य पनि गर्नु भएको रहेछ भन्ने कुरा थाहा पाइयो ।

केही दिन पछि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भयो । यो गोष्ठीको उद्देश्य अनुसार प्रत्येक शुक्रबार दिउँसो ४ बजे देखि ६ बजे सम्म बौद्ध शिक्षा अध्ययनको काम भयो । (हाल प्रत्येक शनिबार विहान आठ बजे शुरू हुने गर्छ । -सं.) बौद्ध शिक्षा भनेको बुद्धको शिक्षालाई कसरी व्यवहारिक रूपमा प्रयोगमा ल्याउने भन्ने बारे छलफल गर्ने र साथसाथै लेखहरू लेख्ने कार्य पनि सिकाउने काम भइराखेको हुनाले बिद्यार्थीहरूका लागि यस कक्षा विशेष उपयोगी बन्न गएको थियो ।

यस गोष्ठी स्थापना भएदेखि बुद्ध शिक्षा अध्ययन गर्न पाएको मात्र होइन विभिन्न बौद्ध देशको चालचलन पनि थाहा पाउने मौका मिल्यो । हामी यस गोष्ठीको सदस्य भई बुद्ध शिक्षा व्यवहारिक पक्षपाती हो भन्ने कुरा पनि थाहा पाउन सक्यौं । यस्तो कुरा थाहा पाएकोले त हामी ज्यादै खुसी भयौं । जुन धर्म व्यवहारिक हुँदैन, त्यो धर्म धर्म हुन सक्दैन बरू परम्परागत चलन र देखावटी धर्म मात्र हुनेछ । तर यथार्थवादी हुन सक्दैन ।

धर्मकीर्ति विहार र बौद्ध अध्ययन गोष्ठीले गर्दा थुप्रै महिला वर्गहरूमा बौद्ध जागृति आएको र साथसाथै व्यवहार राम्रो हुँदै आएको बारे आ-आफ्ना आमा बुबाहरूले चर्चा गरेको पनि सुनिन्थ्यो । कसैले भन्ने गर्थ्यो- "हाम्रा छोरीहरूले राम्रो ठाउँको संगत गरेकोले हाम्रो घरको कामहरू सुचारु रुपले संचालन हुँदै आएको छ । घरको काममा राम्रो सहयोग दिइरहेका छन् ।" यस्तो राम्रो कुरा सुन्न पाउनु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको लागि नै गौरवको कुरा हो ।

यस अध्ययन गोष्ठी धर्मकीर्ति विहारको गुणीलो उपहार हो । अर्को शब्दमा भन्ने हो भने धर्मकीर्ति विहारको यो रचनात्मक कार्य हो । यसको मतलव गोष्ठीको स्थापना भएदेखि महिनाको एउटाको हिसावमा पुस्तक प्रकाशन भइरहेको छ । त्यसैले मैले यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उन्नतिको कामना गर्दैछु ।

*(अनु. : अ. वीर्यवती, साभार धर्मकीर्ति बु.सं. २५१६)* ■



Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति विहारमा आयोजित एक समारोहमा भिक्षु प्रज्ञानन्द महास्थविरलाई
धम्मवती गुरुमाँले अभिनन्दन पत्र-प्रदान गर्नुहुँदै ।



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट संचालित स्वास्थ शिविरमा
धम्मवती गुरुमाँको स्वास्थ्य परिक्षण हुँदै ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध शिक्षा

✍ कमला श्रेष्ठ

आजको युगमा चाहे पुरुष होस् चाहे महिला बालककालदेखि ठूलो नभएसम्म स्कूल र क्याम्पस गई शिक्षा अध्ययन गर्न जान्छन् । उनीहरूले उच्च शिक्षा हासिल गरी माथि पुग्ने सपना देख्छन्, उच्च पदवी लिई जागिर खाने इच्छा पूर्ति गर्न जाँचमा पास हुने प्रयत्न गर्छन् । हुनत हो, जागिर खानलाई जाँचमा पास नभईकन हुँदैन, तर यसको साथसाथै आफ्नो चरित्र निर्माण र ब्यवहार राम्रो पार्ने पनि शिक्षाको उद्देश्य हो । आमा बुबा आफ्ना छोरा छोरीहरू शिक्षा अध्ययन गर्न स्कूल गए देखि उनीहरू ज्ञानी भए भन्थानी यसलाई नै ठूलो सुख थान्छन् र यसलाई नै शिक्षा थान्छन् । तर आफ्ना छोराछोरीहरू अक्षर पढ्न गएदेखि नराम्ररी बिग्रेको देख्नु पर्दा उनीहरूलाई नमज्जा लाग्न सक्छ । तर सत्संगत गुणले भनुं वा वातावरणले भनुं, आजकल शिक्षा वा विद्या सिके जस्तै यस शिक्षालाई व्यवहारमा उतार्न सकिराखेको देखिंदैन । घरमा गर्नु पर्ने काम अथवा घरायसी कामकाजमा आफूले पनि मद्दत गर्नु पर्छ भन्ने विचार हराएर गएको देखिन्छ । धेरैजसो युवा युवतीहरूमा आजभोली केही शिक्षा अध्ययन गरी आफू अलि जान्ने र बुझ्न सक्षम भएपछि राम्रा राम्रा लुगा लगाउने र आफूले आफैलाई ठूलो स्तरमा पुगेको व्यक्ति ठानी गमक्क फुलेर बस्ने बानी भएको देखिन्छ । आफूमा रहेका कुबानी हटाइ आफ्नो व्यवहार सुधार्दै लाने तर्फ त्यति ध्यान गएको देखिन्न । यस्तो बानीले हाम्रो जीवनमा कहिल्यै पनि शान्ति प्राप्त हुने छैन जसले गर्दा सन्तोष भनेको पटक्कै नभई जति भए पनि नपुग्ने नराम्रो बानी लाग्न सक्दछ ।

हामीमा यो कुराको पनि शिक्षा हुनुपर्छ । अक्षर मात्र पढेर हामी शिक्षित भएको ठहरिन्न । त्यसो भनेको अक्षर नपढे पनि हुन्छ भनेको होइन । अक्षर पढे जस्तै हाम्रो सतसंगत् पनि राम्रो हुनु पर्छ । बौद्ध शिक्षा शास्त्रमा भनिएको पनि छ- खराब व्यक्तिहरूको संगतमा पर्नु हुँदैन, असल र विद्वानहरूको संगत गर्नु पर्दछ । धर्म शास्त्रको शिक्षा पनि आवश्यक छ । यहाँ मैले बुद्ध शिक्षाका बारेमा मात्र चर्चा गर्दैछु ।

बौद्ध शिक्षा भनेको के हो ? यो विषयमा पहिला थाहा पाउनु आवश्यक देखिन्छ । "बुद्धं सरणं गच्छामी" भन्ने वित्तिकै त्यो बौद्ध शिक्षा हुन सक्दैन । जुनसुकै कुरो बुझ्न पनि अध्ययनको जरूरत पर्दछ, चिन्तन र मनन पनि गर्नु आवश्यक छ । हुनत बौद्ध शिक्षा बुझ्न त्यति सजिलो छैन । यो कुरो मैले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा आएर मात्र बुझ्न सकें । हामी सबै अध्ययन गोष्ठीमा आइराखेको यही बौद्ध शिक्षा के हो भन्ने बुझ्नको लागि हो । अध्ययन गोष्ठीले दिंदै आइरहेको बौद्ध शिक्षाको मूल उद्देश्य पनि आध्यात्मिक उन्नतिको साथसाथै व्यवहार पनि सुधार्दै लान सक्नु हो । व्यवहार राम्रो पार्नको लागि वातावरण पनि राम्रो हुनुपर्छ भन्ने भनाईलाई हामीले एकपटक विचार गरेर हेर्नुपर्ने र बुझ्नु पर्ने जस्तो लाग्छ । यो कुरो मलाई अत्यन्त घटलाग्दो विषय बनेको छ । ब्यवहार राम्रो पार्नु हाम्रो जीवनलाई ज्यादै काम लाग्दो विषय हो भनी भनिरहनु पर्दैन जस्तो लाग्छ । किनभने यो सबैले थाहा पाएको नै कुरो हो । तर ब्यवहार राम्रो पार्न के कस्ता गुणहरूको आवश्यक पर्दछ त ? यो एक महत्त्वपूर्ण विषय हो । त्यसको लागि हामी सधैं सतर्क वा सावधान भई होशियार भई बस्नु पर्दछ । वातावरण पनि राम्रो हुनुपर्छ र विवेक बुद्धि पनि हुनुपर्छ ।

बौद्ध शिक्षाबारे अर्को एउटा कुरो उठाउन चाहन्छु- हामीले बुद्ध मूर्ति देख्ने वित्तिकै यो भगवान बुद्ध भनी चिन्छौं । तर चिनेर मात्र पुग्दैन । बुद्ध कसरी ठूलो मानिस बन्नुभयो । किन उहाँलाई मानिसहरूले पूजा गर्छन् । बुद्ध गुण संम्भदा हामीलाई के लाभ हुन्छ भन्ने ज्ञान पनि हुनुपर्‍यो । बुद्ध बहुजन हीतको लागि दुःख भोग्नु भएको व्यक्ति हुनुहुन्छ । बुद्ध बहुजन हीतको लागि काम गर्नु भएको महापुरुष हुनुहुन्छ भनी बुझ्न सक्नु पर्‍यो । यसरी बुझेपछि चुपलागेर नबसी विभिन्न ठाउँमा विभिन्न तरीकाले स्थान हेरी काम गर्न सक्नु पर्दछ ।

बौद्ध शिक्षा अध्ययन गर्ने वित्तिकै गल्ती नगरीकन काम गर्न सकिन्छ भनेको होइन । गल्ती र भूल भनेको



Downloaded from http://www.dhamma.digital

सबैमा हुन सक्छ। तर बौद्ध शिक्षा अनुसार आफूबाट केही भूल भएमा भूल भयो भनी स्वीकारी त्यस्तो भूल फेरि फेरि नदोहरियोस् भनी सतर्क रहन सक्नु पर्छ। बरोबर आफू पहिले कस्तो थियो र अहिले कस्तो भयो भन्ने कुरोलाई होशपूर्वक थाहा पाइरहनु पर्दछ। होश पुऱ्याउन सकेन भने मानिस विस्तारै स्वार्थी बन्न सक्नेछ। पुरानो संस्कार बल्झीराख्यो भने बौद्ध शिक्षालाई जाने बुझे पनि त्यति काम लाग्दैन। "जन्मदै ल्याएको बानी मर्दा खेरि मात्र हराउँछ" भन्ने उखान चरितार्थ हुन पुग्छ। आफ्नो दोष आफूले देख्न सक्ने बानी र क्षमतालाई पनि बौद्ध शिक्षा भनिन्छ।

बौद्ध शिक्षाको अर्को उद्देश्य हो, मानिसहरू कर्त्तब्य परायण हुनु। आफूले गर्नु पर्ने काम कर्त्तब्य सम्झी खुरुखुरु गर्दै जानेलाई कर्त्तब्यपालन गरेको भनिन्छ। अर्कालाई मद्दत गर्ने काम पनि कर्त्तब्य पालन नै ठहरिन्छ। आफूले अरूलाई उपकार र मद्दत गरिदिएको खण्डमा अरूले पनि आफूलाई त्यत्तिकै मद्दत गर्नेछ। अनि परस्पर सहयोगको भावना रहिरहन्छ। परस्पर सहयोग पाएपछि त्यहाँ एकताको भावना बलियो हुनेछ। र अर्कालें दमन गर्न सक्ने छैन। तर हाम्रो समाजमा काम गर्ने एकजनालाई मात्र जोतीराख्ने र आफूहरू उसले काम गरेको मात्र त्वाल्ल परेर हेरिराख्ने बानी छ। त्यस्तो कुवानी हटाउनु पनि बौद्ध शिक्षा नै हो।

कोहि कोहि व्यक्ति कर्मलाई दोष दिई काम नगरीकन चुप लागेर बस्नेहरू पनि छन्। "के गर्नु मेरो कर्म मै छैन" भनी हात बाँढेर बस्यो भने त सधैंको लागि कर्म खोट्टा भई दुःखी भएर बस्नु पर्ने हुन्छ भनी बुद्ध स्वयंले भन्नु भएको छ। कर्मलाई दोष दिने व्यक्तिहरूले कसरी काम गरेमा राम्रो फल भोग्न पाइन्छ भन्ने तर्फ बिचार नै गर्दैन। बौद्ध शिक्षा अनुसार त हेतु र कारणलाई बुझ्नु पर्दछ। काम नगरीकन फलको मात्र आशा गरिराख्नु हुँदैन। हेतु र कारण बुझेर काम गरेको खण्डमा राम्रो फल भोग्न पाइन्छ। यो पनि एक प्रकार को बौद्ध शिक्षा नै हो।

बौद्ध शिक्षा अनुसार केही काम गर्दा मन शुद्ध गरी काम गर्नु पर्दछ। बाहिर मात्र राम्ररी कुरा गरी भित्र इर्ष्यालु भई काम गर्नु राम्रो बानी होइन। यसले राम्रो फल दिँदैन। बुद्ध शिक्षामा मुखमा राम राम बगलीमा छुरा जस्तो ब्यवहारलाई स्थान छैन। तर आजको समाजमा भने त्यस्तै प्रकारका मानिसहरूले स्थान पाउने र मान्यता पाउने चलन छ। तिनीहरूको नै भलो भइरहेको देखिन्छ। यो बिचारणीय कुरो हुन पुगेको छ। तर त्यस्ता ब्यक्तिहरूको मानसिक शान्ति भने हुने छैन।

एउटा बुझिनसक्नु कुरो, धर्मात्मा भनाउँदाहरूको समूहमा पनि धेरैजसो यस्तै प्रकारका मानिसहरू देखिन्छन्। बुद्धले भन्नुभएको छ - "अञ्ञाहि लाभू पनि सा अञ्ञं निब्बाण गामिनि" अर्थात् लाभको मार्ग अर्कै निर्वाणको मार्ग अर्कै। धर्मको नाममा शोषण देखिन्छन्। मैले बुझे अनुसार बौद्ध शिक्षा भनेको मुखमा राम राम बगलीमा छुरा बानी त्यागी छलकपट कामबाट अलग्ग रहनु हो। किनभने यस्ता कर्महरू राम्रा होइनन्।

अब हामीलाई बौद्ध शिक्षा कतिसम्म ब्यवहारिक र काम लाग्दछ भन्ने तर्फ विचार गरौं। मेरो विचारमा बुद्धले श्रृगाल पुत्रलाई दिनु भएको बौद्ध शिक्षा ब्यवहारिक र काम लाग्दो छ। किनभने भगवान बुद्धले श्रृगाललाई दिनु भएको शिक्षा गृहस्थीहरूका लागि नभई नहुने र महत्त्वपूर्ण शिक्षा हो। यो शिक्षामा परस्पर कर्त्तब्य पालन गर्नुपर्ने कुराहरू समावेश भएका छन्। आमा बुबाप्रति छोराछोरीले गर्नु पर्ने कर्त्तब्य र छोराछोरीप्रति आमा बुबाले गर्नुपर्ने कर्त्तब्य। स्त्रीले पुरुषप्रति गर्नु पर्ने कर्त्तब्य, पुरुषले आफ्नी स्त्रीप्रति गर्नुपर्ने कर्त्तब्य। त्यस्तै शिष्यले गुरुप्रति गर्नुपर्ने कर्त्तब्य गुरुले शिष्यप्रति गर्नुपर्ने कर्त्तब्य। साथीले साथीप्रति गर्नुपर्ने कर्त्तब्यहरू आदि सबै ब्यवहारिक र सामाजिक शिक्षाका अंगहरू हुन्।

यसरी सबैले आ-आफ्नो क्षेत्रमा रही आ-आफ्नो कर्त्तब्य पालन गर्न सक्नु नै मैले बुझे अनुसारको बौद्ध शिक्षा हो।

*(अनु. : अ. वीर्यवती, साभार: धर्मकीर्ति, बु.सं २५१९)*

■



Downloaded from http://www.dhamma.digital




जापानी भिक्षु युनाताका नावातामेको हत्या विरूद्ध मनाइएको शोक सभामा बोल्नु हुँदै धम्मवती गुरुमाँ ।



बर्मी राजदूतको तर्फबाट धर्मकीर्ति विहारको शीलापत्र उद्घाटन हुँदै ।



Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति विहारमा आयोजित एक समारोहमा धम्मवती गुरुमाँले
बर्मी ध्यानगुरु महासीसयादो समक्ष उपहार चढाउनु हुँदै ।



बौद्ध तीर्थयात्राको क्रममा यात्रीहरूलाई
सम्बोधन गर्दै भिक्षुणी धम्मवती



Downloaded from http://www.dhamma.digital

# नारीको स्थान र बुद्ध धर्मको भूमिका

✍ श्री ओ.के. गुणशेखर, श्रीलंका

समाजमा मानिस कसरी सोच्दछ, स्वास्नीमानिस कसरी सोच्दछ भन्ने कुरामा असमानता पाइने भएकोले नर र नारी वर्गमा शारीरिक, सामाजिक, मनोवैज्ञानिक सोचाईमा भिन्नता छ। तर कुनै काम, कुरो, पदमा पुग्ने अवसर तथा हक भने समान हुनुपर्दछ। नरले विकाश गर्ने मौका पाउँछ भने नारीले पनि विकाश गर्ने अवसर पाउनु पर्छ। पश्चिम राष्ट्रमा नारी मुक्ति आन्दोलन चलिरहेको छ। अमेरीकाको संविधानबाट आईमाई राष्ट्रपति हुने गुन्जायस देखिदैन। तर २५०० वर्ष अगाडि नै गौतम बुद्धले महिलावर्गलाई समानहक प्रदान गर्नु भएको थियो। नारी पनि अर्हत हुनसक्न निर्वाणपथ उही हो, मार्ग एउटै छ, विहारमा पस्ने ढोका अलग छैन।

क्रिश्चियन धर्ममा नारीले विसपको पद हासिल गर्न सकेको छैन। यता बुद्ध धर्ममा सारिपुत्र र मौद्गल्यायन पुरुषको पंक्तिमा बुद्धको नजदीक रहनु भएको थियो भने नारीतर्फ खेमा र उप्पलवन्ना पनि उतिकै अग्रसर हुनु भएको थियो।

बौद्ध समाजमा महिला आमा र पत्नीको रूपमा लिईएको छ। बच्चा पेटमा रहँदा पनि आमाको विचार को प्रभाव बच्चामा पर्दछ। आमाको कुशलकार्य, असल विचार विमर्श, शुभचिन्तन प्रतिबिम्भित बच्चाको सम्वर्धन हुन्छ। आधुनिक मनोविज्ञानमा पनि आमाको विचार बच्चामा पर्ने कुरा प्रतिपादन भएको छ, जुन चाहिं बाबुले प्रभाव पार्न सक्तैन। बौद्ध वाङमयमा आमा बाबुको हेलमेलमा बच्चाको जीवनक्रम चल्ने हुँदा उनीहरूलाई पूर्वाचार्य भनिएको पाईन्छ। जन्मेको चार वर्षमा बच्चालाई धेरै सिकाउने र सुप्रभाव पार्न सके बाकि जीवन सफल हुन सुगमता मिल्ने कुरा आधुनिक मनोविज्ञानमा पनि पुष्ठ्याइएको छ। बच्चाको जीवनको विकासमा बाबुले भन्दा आमाले महत्वपूर्ण भूमिका खेल्ने भएकोले सारिपुत्र, मोगलीपुत्र आमाको नामबाट कहलिएको थियो।

समाजमा नेतृत्वको आवश्यकता परे जस्तै परिवारमा पनि मातृप्रधान वितृप्रधान भनि आएको छ।

पश्चिमी राष्ट्रमा चलिरहेको अभियानबाट त्यही नारीले पुरुष सरह समान काम, उपभोग गर्ने, मुक्त भएर हिंड्ने पतिले पनि बच्चाहरूको हेरविचार गराउने र परम्परादेखि चलिआएको आमा बाबुले खेल्नुपर्ने सुसंगठीत भूमिकाको परवाह नगरी नरले गरे जस्तो मात्र गर्नु खोज्नु आन्दोलनको उद्देश्य जस्तो छ। त्यस क्षेत्रतर्फ पार पाचुके प्रतिदिन बढ्दै छ। नारी मुक्ति आन्दोलनको क्रममा बाबु को हो ? देखाउन नसक्ने अवस्था आईपरेको र रजस्वला विना नै यौनक्रिया गर्ने प्रचलन पनि सुनियो। यो त नक्कली मुक्ति हो, वास्तविक होईन। यसबाट समाजमा समस्या थपिदैछ। वास्तविक मुक्ति निर्वाण हो, विमुक्ति हुनु हो। २५०० वर्ष अघि नै राग, द्वेष, मोहबाट मुक्त भए त भिक्षुणीले अर्हत्व पाईसके। उसबेला नै नारीले समानहक पाई नैतिक आचरणलाई असलकार्य सम्झी आदर्शमय जीवन व्यतित भैराखेकोमा अन्तमा आएर पश्चिमबाट सामाजिक हमला प्रारम्भ भएको छ।

*(आनन्दभूमि वर्ष ९ अंक १२ बाट)*

■

**-: लोक-नीति :-**

**दुई-तीन लोग्ने मानिससँग गइसकेकी आइमाई, दुई-तीन विहारमा बसिसकेको भिक्षु, दुई-तीनपटक जालबाट छुटिसकेको चरा, धेरै नै मायाजाल गर्न जान्दछ।**



Downloaded from http://www.dhamma.digital




टाइवानको BLIA बाट संचालित एक कार्यक्रममा भागलिनुहुँदै
धम्मवती गुरुमाँ सहित अन्य गुरुमाँहरू ।



धर्मकीर्ति विहारमा ऋषिनी प्रव्रज्या भएका बालिकाहरूका साथमा
दो गुणवती गुरुमाँ र धम्मवती गुरुमाँ ।



Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट संचालित
निःशुल्क स्वास्थ शिविरमा स्वास्थ सेवा हुँदै ।



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती कार्यक्रममा भाग लिनुहुँदै भिक्षु अश्वघोष महास्थविर, भिक्षु विमलानन्द महास्थविर र भिक्षु कुमार काश्यप महास्थविर ।



Downloaded from http://www.dhamma.digital

# रीस

✍ रीता कमल तुलाधर

यो संसारमा अनेक थरीका जीव, वस्तु, फलको बोट, रूख आदिले भरेका छन्। ती मध्ये कुनै हामीलाई मन पर्ने हुन्छन् भने कुनै मन नपर्ने पनि हुन्छन्। हामी मानिसहरूको समूहमा बसी राम्रा नराम्रा विभिन्न थरीका कुराहरू सुन्नु पर्ने हुन्छ। कहिले रमाइला कामहरू गर्न पाइन्छ भने कहिले नरमाइला कामहरू गर्नु पर्ने हुन्छ। यसरी आफूलाई मन नपर्ने हेर्नुपर्छ, आफूलाई मन नपर्ने खाना खानु पर्दा, आफूलाई मन नपर्ने काम गर्नुपर्दा हाम्रो मन गर्‍हौं भई असन्तोष भाव प्रकट हुन्छ। त्यसबेला हाम्रो अनुहार अँध्यारो भई नराम्रो हुन्छ, त्यसलाई नै रीस भनिन्छ।

मनोबैज्ञानिकहरूको भनाई अनुसार रीस उठ्नु मानिसहरूको स्वभाविक बानी हो। मानिसहरूले रीस प्रकट गर्नै पर्छ। आफूभित्रको रीसलाई प्रकट नगरी गुम्साइराखेको खण्डमा मनमा अनेक प्रकारका कुराहरू खेली बहुला बहुलाही हुन सक्छ। धेरैजसो हामी आफूले भने जस्तै भएन र आफूले भने जस्तो गर्न पाएन भने मनमा अशान्ति भई अनुहार बादलले ढाक्छ। त्यसबेला एकैचोटी रीस पोख्न पायो भने मन आनन्द भई कपाल दुखेको पनि निको हुन्छ। यदि हामीले आफ्नो मनमा आफूलाई चित्त नबुझेका अनेक प्रकारका कुरा खेलाई राख्यो भने कहिले पनि मनमा शान्ति हुने छैन। मन अशान्त भएको ब्यक्तिले कुनै पनि काम सफलतापूर्वक पूरा गर्न सक्दैन। मनमा धेरै कुरा खेलाउनेहरू क्षण क्षणमा झड्किने हुन्छन्, जंगली प्रवृत्तिका हुन्छन् र आखिर दिक्क मानी उनीहरू बहुलाउन बेर लाग्दैन। तर रीस पोख्न पायो भने मन हलुका भई रीस मरेर जान्छ। त्यसैले मनोबैज्ञानिकहरू भन्छन् रीसलाई पोका पारेर राख्नु हुँदैन।

तर मनोबैज्ञानिकहरूले यसरी भनेपनि कहिले काहिं रीस प्रकट नगरी चुप लागेर बस्दा पनि अशान्ति हराएर जान्छ। रीस उठ्ने गर्‍यो भने घरभरि नै नरमाइलो हुन्छ किनभने परिवारमा सबैको मुख निन्याउरो हुन्छ। त्यसैले धेरै रिसाउनु हुँदैन भनेको होला।

यसबारे अर्को तरीकाले एक पटक विचार गरौं। यदि हामीले एउटा कुकुरलाई जिस्क्यायौ भने कुकुरले रिसाएर आफ्नो अगाडि को बसेको हुन्छ, त्यसैलाई टोकी दिन्छ। कुकुरले आफूलाई जिस्काउने व्यक्ति खोजेर टोक्दैन। यसको कारण हो कुकुरहरूमा विवेक बुद्धि हुँदैन। हामीले पनि रीस उठ्यो भन्दैमा सबैसंग रिसाई बोल्दै नबोली चुप लागेर बस्नु हुँदैन। जो ब्यक्तिसंग रीस उठेको हो, त्यही ब्यक्तिलाई मात्र रीस पोख्ने गर्नु पर्दछ। अन्य सम्बन्धित नभएकाहरूलाई पहिलाकै ब्यवहार गर्नु पर्दछ।

फेरि अर्का एकथरी मनोबैज्ञानिक ब्यक्तिहरूको भनाई अनुसार रीस भनेको एक प्रकारको हिसि नपरेको बेकारको शस्त्र हो। मनको ऐना आँखा हो। आँखाले हाम्रो मनमा लुकेर रहेका सबै रहस्यहरू प्रकट गरिराखेको हुन्छ। कोही व्यक्ति रिसाइराखेको र रमाइराखेको कुरा उसको आँखा हेरेर थाहा पाउन सकिन्छ। खुशी भइराखेको ब्यक्तिको अनुहारमा एक प्रकारको रमाइलो ज्योति निस्किरहेको हुन्छ। अनुहार नै हँसिलो हुन्छ। आँखैदेखि मुसु मुसु हाँसिरहेको हुन्छ। रीस उठेको बेला मानिसहरुको अनुहार हेर्दै पनि भिमसेनको अनुहार जस्तै डरलाग्दो हुन्छ। रूपनै परिवर्तन भएर जान्छ। रीस उठेको बेला रक्त संचालन बेगले बढेको हुन्छ। जसले गर्दा रक्तचाप (Blood Pressure) बढ्छ। रक्तचाप बढ्यो भने टाउको दुख्छ, रिंगटा लाग्छ, जीऊ कस्छ, आन्द्राहरू निचरिए जस्तै हुन्छ। आँखाका नानी फुलेर आउँछ। अनुहार रातो भएर आउँछ। यसरी रीसले हाम्रो विवेक बुद्धिलाई नै दमन गरी हामीलाई बेहोश बनाइदिन्छ। अनि यस्तो गर्नु हुन्छ, यस्तो गर्नु हुन्न भन्ने बारेमा विचारै गर्न नसकी आँखाले केही थम्याउनै सक्दैन। हामीलाई थाहा छ, जुनसुकै काम पनि होसपूर्वक विवेक बुद्धि पुर्‍याई गर्नु पर्दछ। रीसाहा प्रवृत्तिका ब्यक्तिहरूलाई Gastic भन्ने रोगले सताउँन सक्छ। किनभने रीस उठ्यो भने जीउको मासु खुम्ची कलेजो (Liver) लाई खराब गर्छ। त्यसैले शरीर विज्ञान अनुसार (Physiologically) रीस भनेको हामीलाई बेफाइदा गर्ने साधन हो।

हामीले अरूहरूको भनाईमा मात्र नलागी हामी आफैले एकपटक बिचार गरौं। साधारण मानिसहरूको



Downloaded from http://www.dhamma.digital

भनाई अनुसार रीस भनेको कसैलाई मन पर्दैन । तर मन नपरे पनि कसैले पनि रीसलाई थामेर बस्न सकेको छैन । सबै रिसाइरहेका नै छन् । त्यसैले रिसाउँदा पनि सीमित मात्रामा मात्र रिसाउन जान्नु पर्दछ ।

रिसाउने प्रवृत्ति पनि थरिथरिका छन् । कसैले आँखाले मात्र हेरी रिसाउँछ त कसैले आँखा ठूलठूलो पारी हेरेर रिसाउँछ । कसैले कुरा नै नगरी चुप लागेर रिसाइरहन्छ भने कसैले रीस उठ्यो भने सुतेर मात्र रीस देखाउँछ । कोही कोही त रीस उठ्यो भने मनपरी ठाउँमा हिंडी दिन्छ ।

रीस उठ्ने समय पनि कुनै निश्चित हुँदैन । जुन बेला पनि रीस उठ्न सक्छ । ठेस लाग्दा, चुलोमा आगो नबल्दा, ताल्चामा साँचो नमिलेर, ताल्चा खोल्न नसक्दा, जाँचमा प्रश्न बुझ्न नसक्दा र अनि कसैले आफूलाई जिस्क्याउँदा आदि विभिन्न कारणले गर्दा हामी रिसाइरहेका हुन्छौं ।

सबैलाई थाहा छ रीस भनेको राम्रो होइन भनेर । तर रीसलाई रोक्नै सक्दैन । थुप्रै शास्त्रको अध्ययन गरिराखेको व्यक्तिलाई पनि रीस उठेकै छ । बुद्धले भन्नु भएको छ, - रीसले शास्त्रलाई नै खीया लगाइदिन्छ । रीसले एकजना गुरुको शास्त्रलाई खीया लगाइदिएको कथा प्रस्तुत गर्न चाहन्छु ।

एकजना ब्राह्मण गुरु रहेछ । गुरुले पञ्चपाण्डवहरूलाई धेरै शास्त्र सिकाइदिएछ । एकदिन गुरुले उनीहरूलाई "रिसाउनु हुँदैन" भन्ने मन्त्र पनि सिकाएछ । सबैले मन्त्र कण्ठ घोक्यो । तर दुर्योधन एकजनाले मन्त्रलाई कण्ठ पार्नै सकेनछ । अनि त गुरुले यति जाबो मन्त्र पनि कण्ठ गर्न नसक्ने भनी दुर्योधनलाई गालामा चड्काएछ । तर दुर्योधन भने गुरुको पिटाई सहेर पनि मुसु मुसु हाँसिरहेका थिए । यो देखी गुरुलाई त झन रीस उठेछ । अनि गुरुले अझ मलाई जिस्काएर हाँस्छस् भन्दै झन पिटेछ । अनि दुर्योधनले गुरुलाई भनेछ- "तपाईले नै रिसाउनु हुँदैन भनी हामीलाई सिकाउनु भएर फेरी तपाई नै रिसाउनु भयो ।" यो कुरा सुनी गुरु त झसंग भई मैले अरूलाई सिकाउन मात्र जानें तर आफूले रीस मार्न सकेनछु भनी दुर्योधनलाई प्रशंसा गर्नुभयो ।

यसरी हामीले थाहा पायौं - रीसको फाइदा भन्दा बेफाइदा नै धेरै छ । त्यसैले सकेसम्म रिसाउनु हुन्दैन ।

■

बुद्ध-धर्म कविता नं. ७

*(नेपाल भाषाबाट अनुवाद १५)*

# चतुर्ब्रह्म विहार

✍ दोलेन्द्ररत्न शाक्य
*चाकुपाट, यल*

## मैत्री

मृत्यु मन पर्दैन यदि भने, हत्या गर्छौं किन ?
पिटाई मन पर्दैन यदि भने, पिटि हिंड्छौं किन ?
सुख-शान्ति नै सबैलाई, मन पर्छ यदि भने,
सुख साथ बसी आफू, सुख दिउँ अरूलाई,
मैत्री-भाव जगाई मनमा, उँच-नीच नराखी ।

## करूणा

नभचर, जलचर, थलचर जो भए पनि,
ठूला-साना, बलिया-निर्बलिया, धनी र गरीब,
मानिस, पशुपंछी, कीट-पटंग जो सुकै हुन् ती,
दया गरौं सबैलाई, मायाँ बाँडौं प्राणीमात्रलाई,
करूणा-भाव जगाई मनमा, अरूको आँशु पुछी ।

## मुदिता

आफूभन्दा धनी, सम्पन्न सुखी मानिस देख्दा,
मनमा खिन्न भाव ल्याई, मन मैलो पार्छौं किन ?
ईर्ष्या रूपी सर्प पाली, हिनता बोध गर्छौं किन ?
बरू हर्षित भै मनमा, प्रीतिको प्रस्फुरण गरौं,
मुदिता-भाव जगाई, अरूलाई सुखी भएको देखी ।

## उपेक्षा

सुख-दुःख, लाभ-हानी, यश-अपयश निन्दा-प्रशंसा,
यी हुन लोकधर्म यिनलाई अपनाऔं घामछायाँ सरि,
समताले आफूलाई सिंगारी, विचलित नभै कति पनि,
जीवन संगिनी ठानी तिनलाई हातेमालो गरी रमौं
उपेक्षा-भाव जगाई, मन संतुलित र स्थिर राखी ।



Downloaded from http://www.dhamma.digital



बनेपा स्थित ध्यानकुटी विहारमा अस्थायी प्रव्रजित भएका
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार बुद्ध पूजा गर्दै ।



अस्थायी प्रव्रजित भई भिक्षाटन गर्नुहुँदै अध्ययन गोष्ठीका परिवारहरूका साथ
भिक्षु अश्वघोष महास्थविर ।



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्धको उपदेश

✍ भदन्त आनन्द कौसल्यायन
*अनुवादकः* **चक्रमान शाक्य**

"हे भिक्षुगण ! संसारमा आगो दन्किरहेछ । रागको आगो दन्किरहेछ, द्वेषको आगो दन्किरहेछ तथा मोहको आगो दन्किरहेछ ।" भगवान बुद्धले आफ्ना शिष्यहरूलाई यसरी उपदेश दिनुभएको २५०० वर्ष भन्दा बढी भैसक्यो । संसारमा दन्किरहेको यो आगो कै सधैं दन्किरहला ? दन्किरहने छैन, भगवान बुद्धको अमृतवाणीले एकदिन यो अवश्य पनि शान्त हुनेछ ।

संसारका मानिसहरूले भगवान बुद्धसंग धेरै यस्ता फजुलका कुराहरू सोधे- यो संसार कसले बनायो ? कहिले बनायो ? इत्यादि । भगवान बुद्धले यस्ता प्रश्नहरू एकातिर पन्छाउनु हुन्थ्यो । भगवान बुद्ध यसरी भन्नु हुन्थ्यो - "भिक्षुहरू ! कुनै एकजना मानिसलाई विषालु तीर (बाण) लाग्यो । त्यहाँ आएर उसका साथीहरू, नातादाहरूले उसलाई बाण झिकिदिने बैद्यकहाँ लग्छन् । किन्तु त्यो मानिस यस्तो भन्छकि म यो मलाई लागिरहेको बाण तबसम्म झिक्न दिन्न जबसम्म यो तीर हान्ने मानिस यो जातको, यो रूपको, यो कडको भनि थाहा हुँदैन, किन्तु भिक्षुहरू ! त्यो मानिसलाई यो कुराको पत्ता लाग्दैन त्यो त्यसै मरेर जान्छ ।"

भगवान बुद्धले हामीलाई एउटै कुरा मात्र सिकाउनु भयो- दुःखबाट मुक्त हुने विधि । एउटै बाटो मात्र देखाउनु भयो दुःखबाट मुक्त हुने बाटो ।

"जन्मनु दुःख, बूढा हुनु दुःख, रोगी हुनु दुःख, मर्नु दुःख, ईच्छा पूरा नहुनु दुःख । संक्षिप्तमा भन्ने हो भने यो संसारै दुःख ।"

यो ध्रुव सत्य हो कि संसारमा भएका समस्त पदार्थ अनित्य हो, परिवर्तनशील हो, विनाशवान हो । जुन अनित्य होईन त्यो परिवर्तन शील होईन, जुन विनाशवान होईन त्यो छँदै छन, किनभने सारा चीज अनित्य, त्यस निम्ति सारा असन्तोष ।

जुन दुःख हामीहरू भोगिरहेछौं त्यो कुनै परमात्माले वा ईश्वरले दिएको दुःख हो ? होईन ! त्यो दुःख कुनै परमात्मा वा ईश्वरको भक्ति गर्दैमा हट्ला ? हट्दैन ।

बुद्धले लोकजनहरूलाई प्रार्थना गर, नमस्कार गर भनेर भन्नु भएन, वहाँले ध्यान गर्नु र चिन्तन गर्नुमा खुव जोड दिनुभयो ।

यी दुःखहरू जो हामीहरू रातदिन भोगिरहेछौं विनाकारणले त्यसै उप्जेको दुःख हो ? होईन । बुद्धले प्रतीत्य समुत्पादको ब्याख्या गर्नु भएको छ - यो भयो भने यो हुन्छ । यो छैन भने यो हुँदैन, जस्तो कि दूध छ भने दही हुन्छ । दूध छैन भने दही हुँदैन । त्यसोभए दुःखहरू कसरी उत्पन्न हुन्छन् ? हाम्रो अज्ञानले उत्पन्न हुन्छ, हाम्रो तृष्णाले उत्पन्न हुन्छ ।

के यी दुःखहरू त्यसै (आफै) नाशिएर जाला त ? नाशिदैन, त्यसोभए दुःख नाशिदैन त ? नाशिन्छ । बौद्ध धर्म निराशावादी धर्म होईन । निराशावादीहरू दुःख छ त्यसबाट मुक्ति छैन भन्छन् । तर बुद्ध धर्मले भन्छ - दुःख छ दुःखबाट मुक्ति पनि छ । त्यसोभए दुःखबाट कसरी मुक्त होईन्छ ? अज्ञानको पर्दा च्याटिएपछि दुःख हट्दै जाने छ । तृष्णाको क्षय गरिसकेपछि यसको अन्त हुन्छ ।

हामी चिन्ता गर्छौं तथा दुःखी हुन्छौं कि किन हाम्रो ईच्छा पूरा भएन ? ईच्छा पुरा हुनै शक्तैन । त्यसैले यो हामीलाई अत्यन्त आवश्यक छ कि ईच्छालाई आफ्नो बसमा राख्न सिकौं ।

भोकलागेको व्यक्तिले खान ईच्छा गरेमा त्यो तृष्णा होईन । वस्त्रहीन (नाँगो) व्यक्तिले बस्त्रको चाहना गरेमा त्यो तृष्णा होईन । यदि कसैले अर्कालाई असर पर्ने कुरामा वास्ता नगरिकन मुनाफाको लालचले बोराका बोरा अन्न थुपार्‍यो भने, थानका थान कपडा थुपार्‍यो भने यो तृष्णा हो । यो तृष्णानै हाम्रो दुःखको कारण हो, हेतु हो ।

के गरेमा यो तृष्णाको अन्त होला ? यसको लागि हामीले आफ्नो जीवन यसप्रकारले यापन गर्नुपर्छ कि हाम्रो विचारमा, हाम्रो वचनमा र हाम्रो कर्ममा तृष्णाको प्रभाव घटोस् । हामीमा बाकिरहेको तृष्णा दिनपर दिन घट्दै जावोस् ।



Downloaded from http://www.dhamma.digital

यो कसरी हुन्छ ? सम्यक दृष्टि प्राप्त गऱ्यो भने सम्यक संकल्पलाई मनमा स्थान दियो भने, सम्यक वचनले कुरा गर्ने आदत गऱ्यो भने, सम्यक आजीवन वितायो भने, सम्यक ब्यायाम (उद्योग) गऱ्यो भने, सम्यक स्मृति प्राप्त गऱ्यो भने, सम्यक समाधि लाभ गऱ्यो भने, यहि आर्य अष्टांगिक मार्ग हो, दु:खको अन्त गर्ने मार्ग, मुक्तिको बाटो। मनुष्यजातिले जुन ज्ञान र सदाचारको, जुन उच्चाति उच्च आदर्शको कल्पना गरे त्यो यहि हो।

बुद्धको उपदेशानुसार मानव सेवाको जीवन आदर्श जीवन हो। प्राणी मात्रको सेवा गर्ने जीवन आदर्श जीवन हो। बुद्धको धर्म निकम्मा भएर चुप लागिरहनुको विरूद्ध विद्रोहको भण्डार हो।

जुन प्रकारले हामीहरू समाजमा बसिरहेका छौं त्यसप्रकारको समाजमा बसेर हामीहरूले तृष्णा घटाउन सक्ला ? सक्ला तर अत्यन्त कठीनता साथ। हाम्रो सारा समाज सामाजिक उच्च नीच्चताको खानि हो। फेरि आर्थिक उच्च निच्चाको ढाँचा पनि हो। ब्राह्मण भन्ने एउटा पद मात्र हो जाति होइन। एउटा दर्जा मात्र हो जन्मसिद्ध अधिकार होइन। जन्मदेखि न कोही ब्राह्मण हुन्छ न कोही शूद्र नै। तृष्णाको क्षयको निमित्त त्यस्तो समाजको आवश्यकता छ जसमा कि जातपातको भेदभाव रहँदैन।

फेरि दरिद्रता पनि पापको मूलै हो। भगवान बुद्धले आशा गर्नुभएको छ कि व्यक्तिगत सम्पतिले उत्पन्न भएको दरिद्रता नै चोरीको जन्मदाता हो। हाम्रो तृष्णा कम हुन सक्छ तर हामीहरू त्यस्तो समाजमा बस्नु पर्छ जसमा कि कोहीसंग व्यक्तिगत सम्पति नहोस्। हाम्रो तृष्णा कम हुन सक्छ यदि संघको शरणमा गयौं भने।

यो भगवान बुद्धको शिक्षा हो जुनले कुनै बुद्धि विरोधी कुरामा र कुनै परमात्मा वा आत्मालाई मान्नुमा कर लगाएन, संसारमा भएको कुनै पनि वस्तुलाई नित्य मान्नु र सत्य मान्नु अन्धविश्वास हो भन्ने देखायो, प्रार्थना गर्नु र यज्ञ गर्नुमा सार छैन, भन्ने देखायो, मानिसले आफ्नो मुक्तिको लागि आफ्नै मात्र भरोसामा रहनु पर्छ भन्ने देखायो। बुद्ध धर्मले शास्त्रको साहारा लिएन। फेरि यो अन्त्यमा बेगले विश्वभर फैलियो, जसलाई आजसम्म पनि संसारको एक ठूलो भागले मानिरहेको छ।

भगवान बुद्धले आफ्नो उपदेश त्यस समयमा दिनुभएको थियो जुन समयमा मानिसहरू धर्मलाई विज्ञानभन्दा ठूलो सम्झन्थे। तर बुद्धको धर्ममा आजसम्म पनि त्यहि नवीनता छ जहिले कि मानिसहरूले विज्ञानलाई धर्मभन्दा ठूलो मानें।

आज वैशाख पूर्णिमा हो जुन दिन सिद्धार्थकुमारले लुम्बिनीमा जन्म ग्रहण गरे। लुम्बिनी नेपाल राज्यको पश्चिमी भागमा छ। आज वैशाख पूर्णिमा हो जुन दिनमा सिद्धार्थकुमारले बुद्धगयामा बुद्धत्व प्राप्त गरे। बुद्धगया विहार प्रान्तमा छ। आज वैशाख पूर्णिमाको दिन हो जुन दिनमा भगवान बुद्धले कुसिनगरमा (जिल्ला देवरीया) महापरिनिर्वाण प्राप्त गर्नुभयो, विश्वदीपक सदाको लागि निभ्यो।

आजको दिन भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण भएको दिन हुनाले अत्यन्त पवित्र दिन हो। अतएव आउनुहोस् आजको दिनमा हामी सबै भएर श्रद्धा र भक्तिको साथ भनौं।

■

**-: लोक-नीति :-**

- **सबै खोलाको गति टेढोमेढो र घुमाउरो हुन्छ, सबै जङ्गल काँढायुक्त, (त्यस्तै प्रकारले) एकान्त गुप्त स्थान पाए भने सबै आइमाईहरूले पापकर्म गर्न थाल्छन्।**
- **जुन तरुणी-स्त्री हृष्ट-पुष्ट भई भहैंलो रंग भएर शोभायमान हुन्छे, मृगकी जस्ता काला लामा आँखा भएकी हुन्छे, कमर पातलो भएको हुन्छे, (हात्तीको सुँड जस्तो गोल) जाँग भएकी हुन्छे। लामो कालो टल्केको सुन्दर केश भएकी हुन्छे, फेरि राम्रोसँग मिलेको सेता दाँतका पंक्ति भएकी हुन्छे, त्यो तरुणी नीच कुलमा जन्मे तापनि विवाह गर्न योग्य हुन्छ।**



Downloaded from http://www.dhamma.digital




भृकुटी मण्डप धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट प्रकाशित पुस्तकहरू प्रदर्शन कार्यक्रममा तत्कालीन प्रधानमन्त्री श्री गिरीजाप्रसाद कोइरालाबाट निरीक्षण भइरहेको ।



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित स्वास्थ शिविरमा चिनिया परम्परा विधिद्वारा उपचार गर्दै एक चिनिया चिकित्सक ।



Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट संचालित स्वास्थ शिविरमा मेशिनबाट स्वास्थ परिक्षण गर्दै ।



त्रिशुलीस्थित सुगतपुर विहारमा संचालित अध्ययन गोष्ठीको कार्यक्रममा भाग लिंदै धर्मकीर्ति परिवार ।



Downloaded from http://www.dhamma.digital

# धम्मवती गुरुमां र उहाँसँगको धर्मयात्रा

✍ रीना तुलाधर, धर्मकीर्ति विहार ।

म पाँच । छ: वर्षकी सानै बालिका अवस्था देखि मेरी आमा तथा मेरी बज्यैले मलाई हात समातेर धर्म देशना सुन्नको लागि धर्मकीर्ति विहारमा लग्नु हुन्थ्यो । सबै नभए पनि सानो छँदाको केही केही कुरा म अहिले सम्म राम्रै सम्झन्छु । सानै उमेरदेखि धम्मवती गुरुमां (भिक्षुणी धम्मवती) तथा साथै अश्वघोष भन्ते (भिक्षु अश्वघोष) सँग बुद्ध धर्मको शिक्षा सिक्न पाएकी म आफैलाई भाग्यशाली ठान्दछु । मैले धम्मवती गुरुमाँको धार्मिक यात्राको ३६ वर्षमा (बर्मामा बुद्ध धर्म अध्ययन गरेर बि.सं. २०२० सालमा नेपाल फर्कनु भएदेखि हालसम्मको अवधि) कम्तिमा पनि २८ वर्ष (बि.सं. २०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनाको सालदेखि हालसम्म) निरन्तर रूपमा धम्मवती गुरुमांको संपूर्ण धार्मिक क्रियाकलापहरू प्रत्यक्ष देख्दै आएकी छु । अत: पुन: म भन्न चाहन्छु यो मेरो पुण्यको फल हो जुन मैले धम्मवती गुरुमां तथा अश्वघोष भन्तेकी शिष्या भएर निरन्तर रूपमा बुद्ध धर्म सिक्ने अवसर पाएँ यस जीवनमा । कृतज्ञ हुनु नै हो भने मैले उहाँहरू दुबै जनाले नेपालमा बुद्ध धर्म उत्थानको लागि गर्नुभएको त्याग र तपस्याको धेरै तथ्यहरू सहृदय पोख्न चाहन्छु । तर यस पत्रिकाले मलाई उपलब्ध गराएको ३।४ पेज भित्र अटाउनु पर्ने भएकोले बाध्य भएर मैले केही कुरा सारांशमा मात्र लेख्नु परेको छ । त्यसमाथि पनि यो पत्रिका धम्मवती गुरुमांको ५० औं प्रव्रज्या वर्षको उपलक्ष्यमा विशेषांकको रूपमा प्रकाशित हुन लागेकोले यसमा म मेरी गुरुआमा धम्मवती गुरुमांकै विषयमा लेख्न आफ्नो कलम चलाउन लागेकी छु । मेरा गुरु अश्वघोष भन्तेको विषयमा लेख्ने अवसर पनि कुनै दिन पाउँला भन्ने आशा राख्दछु ।

धम्मवती गुरुमांले ३६ वर्षको लामो अवधिमा दिनु भएको देन सम्बन्धि लेख्ने हो भने शायद मेरो कलम कहिल्यै नरोकिएला । के लेखुँ भनी सम्झँदै जाँदा धम्मवती गुरुमांको नेतृत्वमा हामीले गर्न पाएका धार्मिक यात्राहरू सम्बन्धि किन नलेखुँ भन्ने लाग्यो । धम्मवती गुरुमांले आफ्नो सक्रिय नेतृत्वमा कैयौं धार्मिक यात्राहरू अथवा बौद्ध तीर्थयात्राहरूको आयोजना गरी सक्नु भयो। उहाँको अन्य अनेकौं क्रियाकलापहरू मध्ये यो पनि एउटा उल्लेखनीय पक्ष देखिन आएकोले मेरो विषय यसैमा केन्द्रित गर्न खोजेकी हुँ ।

नेपालमा थेरवादी बुद्ध शासनको पुनर्जागरण भएदेखि बुद्ध धर्म प्रचारको कार्यमा योगदान पुऱ्याउने विभिन्न श्रद्धेय भिक्षु, भिक्षुणी तथा अन्य श्रद्धालु बौद्ध विद्वानहरूको क्रममा वर्तमान समयमा आएर भिक्षुणी धम्मवतीले पालो थाप्नु भएको छ, नेपालमा थेरवादी बुद्ध शासनको उत्थान कार्यमा उहाँ आजको युगको अगुवा व्यक्ति भन्नुमा अत्युक्ति नहोला । उहाँको सत्प्रयास स्वरूप आज हामी नेपाली बौद्धहरूले आफ्नो जीवन पद्धति नै परिवर्तन भएको अनुभव गरेका छौं । धर्मदेशना सुन्ने, बुद्धपूजा गर्ने, पंचशील, अष्टशील पालना गर्ने, परित्राण पाठ गर्ने दान कार्य गर्ने, समाज सेवामा संलग्न हुने, बौद्ध विहारहरूको निर्माणमा योगदान दिने, बुद्ध धर्मको विविध विषयको अध्ययन गर्ने, ध्यान भावना गर्ने जस्ता कतिपय पुण्य कार्यहरू गर्न जानी सक्यौं । यो हाम्रो सौभाग्य हो जुन हामी धम्मवती गुरुमांको उपासक उपासिकाको रूपमा उहाँको समीपमा बसेर तथागत सम्यक सम्बुद्धको धर्म सिक्न पायौं र सोही अनुसार अनुशरण गर्न जान्यौं । यी महत्वपूर्ण पुण्य कार्यहरूको अलावा धम्मवती गुरुमांको देन स्वरूप हामीले हासिल गरेको अर्को एउटा उपलब्धि बिर्सनु हुँदैन - त्यो हो धार्मिक यात्रा । धम्मवती गुरुमांको सक्रिय नेतृत्व तथा रेखदेखमा हामी नेपाली बौद्धहरूले स्वदेश तथा विदेशमा कैयौं बौद्ध तीर्थयात्रा अथवा भनुं धार्मिक यात्राहरू गर्ने सुअवसर पाईसक्यौं । धम्मवती गुरुमांको अध्यक्षतामा संचालित धर्मकीर्ति विहारको विभिन्न क्रियाकलापहरूमा धार्मिक यात्राहरूको आयोजना पनि एक उल्लेखनीय पक्ष हुन आउँछ ।

धार्मिक यात्रा वा तीर्थयात्रा गर्नु पनि एक किसिमको पुण्य कार्य मान्दछन् बुद्ध धर्मका अनुयायी बौद्ध धर्मावलम्बीहरू सिद्धार्थ बोधिसत्व जन्मनु भएको पवित्र स्थल लुम्बिनी, बुद्धले बुद्धत्व प्राप्त गर्नुभएको पवित्र स्थल बुद्धगया, धर्मचक्र प्रवर्तन गर्नुभएको पवित्र स्थल सारनाथ र बुद्ध महापरिनिर्वाण हुनुभएको पवित्र



Downloaded from http://www.dhamma.digital

स्थल कुशीनगर - यी चार पवित्र धार्मिक स्थलहरू बौद्धहरूको लागि दर्शनीय ठाउँ भनी उल्लेख गरिएको छ बौद्ध साहित्यमा पनि । यी पावन स्थलहरूलाई "बौद्ध चारधाम" भनी हामी जान्दछौं । धम्मवती गुरुमांको तर्फबाट नेपाली बौद्ध धर्मावलम्बीहरूलाई यी चारधाम पुऱ्याउने मंगल काम सर्व प्रथम बि.सं. २०३० सालमा भयो । नेपालमा यो भन्दा पहिले पनि अन्य क्षेत्रबाट रेलवेबाट बौद्ध तीर्थयात्राहरूको आयोजना भईसकेको थियो । तर सर्वप्रथम बसबाट तीर्थयात्रा जाने यात्रा २०३० सालमा धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारको आयोजनामा भएकोले यो उल्लेखनीय छ ।

यसपछि उहाँको सक्रिय नेतृत्व तथा रेखदेखमा धेरैचोटि भारत, बर्मा, थाइलैण्ड, श्री लंका, मलेशिया, टाइवान इत्यादि बौद्ध देशहरूमा बौद्ध तीर्थयात्राहरूको आयोजना हुँदै गयो । जस्तै २०३२ सालमा बर्मा र थाइलैण्डको भ्रमण, २०३५ सालमा बसबाट भारतमा तीर्थयात्रा, २०४१ सालमा ४३ जनाको टोलिले बर्मा, थाइलैण्ड, मलेशिया र सिंगापुरको भ्रमण, २०४४ सालमा १७ जना यात्रुहरूले बौद्ध देश टाइवानको भ्रमण, २०४८ सालमा ट्रेनबाट भारतको तीर्थयात्रा, २०५१ सालमा ट्रेनबाट भारतको तीर्थयात्रा, २०५५ सालमा ट्रेनबाट भारतमा तीर्थयात्रा इत्यादि । सबै तीर्थयात्राहरूको रिकर्डहरू संकलन गर्न नसकेकोले केही मात्र उल्लेख गरेकी हुँ । स्वयं धम्मवती गुरुमांले सम्झनु भए अनुसार २०२८ सालदेखि हरेक साल कुनै न कुनै रूपमा धार्मिक यात्रा (outing) हुँदै आएको छ ।

यसै प्रसंगमा, बुद्ध धर्मको व्यापक प्रचार गर्ने उद्देश्यले धम्मवती गुरुमांको नेतृत्व, निर्देशन तथा रेखदेखमा धर्मकीर्ति विहारका सदस्यहरूले विभिन्न समयमा नेपाल भित्रै विभिन्न धार्मिक यात्राहरू गरेको तथा गाउँ गाउँमा गएर धर्म प्रचारको कार्यहरू गरेको पनि उल्लेखनीय देखिन्छ । जस्तै बि.सं. २०२८ सालमा त्रिशूलीमा १ हप्ते धर्म प्रचार कार्यक्रम, बनेपामा २ दिने धर्म प्रचार कार्यक्रम, २०२९ सालमा बनेपामा ३ दिने कार्यक्रम, २०३० सालमा नमोबुद्ध र नालामा धर्म प्रचार कार्यक्रम, २०३१ सालमा टोखा, नागी, बनेपामा, २०३२ सालमा ललितपुरको बुंग, काभ्रे जिल्लाको श्रीखण्डपुर, २०३३ सालमा नाला, त्रिशूली, धर्मस्थली तथा उपत्यका बाहिर 'नेपाल दर्शनको' नाममा विभिन्न जिल्लाहरू, २०३४ सालमा चोभार, चापागाउँ, मत्स्यगाउँ, २०३५ सालमा नमोबुद्ध, त्रिशूली, मणिलिंग मणिचूड, २०३६ सालमा बनेपा, बलम्बु, भक्तपुर, पोखरा, तानसेन, नारायणगढ, धरान तथा नारायणी, लुम्बिनी, गण्डकी, कोशि अंचलका अन्य स्थानहरू, २०३८ सालमा कालिम्पोंग, दार्जिलिङ, चापागाउँ, २०४० सालमा माताातीर्थ, २०४२ सालमा लुभु, बिराटनगर धरान, धनकुटा, हेटौंडा, नारयणगढ, २०४३ सालमा नागार्जुन, पनौटि, तातोपानी, खोकना, २०४४ सालमा भक्तपुर, बलम्बु, नारायणगढ, चितवन, बिराटनगर, धरान, हेटौंडा, लुम्बिनी, साँखु, बनेपा, २०४५ सालमा नाला, २०४९ सालमा थसी, त्रिशूली, २०५१ सालमा खोकना इत्यादि । यी सम्पूर्ण धार्मिक यात्राहरूमा धम्मवती गुरुमां संलग्न हुनुभयो । धन्य छ, उहाँको जोश र जाँगर । यसप्रकार पवित्र धार्मिक स्थलहरू भ्रमण गरेर पुण्य संचय गर्नु, विदेशी बौद्धहरूसँग विचार आदान, प्रदान गर्ने, गाउँ गाउँमा धर्म प्रचार जस्ता क्रियाकलापहरू पनि धम्मवती गुरुमांको देन मध्ये एक महत्वपूर्ण पक्ष हो ।

यस पक्षतिर आफ्नो उपलब्धिमा उहाँलाई आफैलाई कतिको सन्तुष्टि छ भन्ने बुझ्न मन लागेर एकदिन म उहाँसँग यही कुरा सोध्न पुगें । उहाँले भन्नुभयो गाउँ गाउँमा धर्म प्रचार गर्नाले व्यापक रूपमा बुद्ध धर्मको प्रचार गर्ने उद्देश्य त पुरा भएकै छ । अर्को तर्फ विदेशी बौद्ध देशहरूमा तीर्थ यात्रा गराउँदा पनि विभिन्न किसिमले उपलब्धि हासिल भएको उहाँ बताउनु हुन्छ । जस्तै कोही कोही तीर्थयात्रीहरू कहिल्यै विहारमा नआएका पनि पर्छन् । ती तीर्थयात्रीहरू तीर्थयात्रामा अन्य उपासक उपासिकाहरूसँग हेलमेल गरेपछि विहारमा आउन थाल्छन् । धर्मकीर्ति विहारका हालका उपासक उपासिकाहरू मध्ये कतिपय यस्ता छन् जो पहिले विहारमा आउँदैनथे । धर्मकीर्ति विहारको आयोजनामा भएको कुनै एउटा तीर्थयात्रामा गएपछि अहिले नियमित रूपमा विहारमा आउने गर्छन् । यसरी श्रद्धालुहरूलाई विहारतिर तान्ने एउटा माध्यम पनि बनेको छ तीर्थयात्रा । धम्मवती गुरुमांले दुइ चार जना यस्ता उपासक उपासिकाहरू याद गर्नुभयो जो पहिले कुनै किसिमले नराम्रै चाल चलन भएका मानिसहरू थिए । पछि एकचोटि तीर्थयात्रामा सम्मिलित भएपछि बुद्ध धर्ममा श्रद्धावान भयो र चरित्र सुधार गरी आज बुद्ध धर्म



Downloaded from http://www.dhamma.digital

प्रचारको लागि जिऊ ज्यान लगाउनेसम्म भएर निस्के। यो कुनै सानो उपलब्धि ठान्नु हुन्न।

पुराना उपासक उपासिकाहरूले पनि फाइदा गर्छन्। एकतर्फ पवित्र तीर्थस्थलको दर्शन गर्नाले पुण्य संचयको काम त भईहाल्यो। अर्को, धर्मदेशनाहरूमा बुद्धकालीन महत्वपूर्ण स्थानहरूको बारेमा सुन्ने गरेको स्थलहरु प्रत्यक्ष दर्शन गर्न पाउँदा उनीहरूको मन श्रद्धाले विभोरित हुन्छ। तीर्थयात्राको दौरानमा कैयौंचोटि श्रद्धा चित्त उत्पन्न भएर उनीहरूको भलो हुन्छ। बहुश्रुत ज्ञान पाउने अवसर प्राप्त हुन्छ। सुनेको कुरा व्यवहारमा भोग्ने अवसर- पाउँदा धेरैको मन परिवर्तन भएको देखिन्छ। जस्तै ठूल-ठूला बौद्ध देशहरूमा बौद्धहरूले आ-आफ्नो ठाउँमा बौद्ध तीर्थ स्थलहरूलाई अनेकौं किसिमले सुरक्षित, सुसज्जित तथा संरक्षित गरेर राखेको देखेपछि आफ्नो देश नेपालको सम्झना गर्छन् र हामी नेपालीले पनि केही गर्नुपर्‍यो भन्ने मनमा उत्साह र जाँगर लिन्छन्।

तीर्थयात्राको दौरानमा यात्रुहरूले धेरै किसिमले शारीरिक दुःख भोग्नु पर्ने अवस्था पनि आउँछ। आ-आफ्नो घरमा ऐश आरामले बस्ने गरेका केही धनी व्यक्तिहरूले मानिसको जीवनको कठीनाइलाई अनुभव गर्ने मौका पनि पाउँछन्। अतः मानव जीवन दुःखमय छ भन्ने चाल पाउने अवसर पनि हुन आउँछ तीर्थयात्रामा। धम्मवती गुरुमांले कैयौं पटक गर्नुभएको तीर्थयात्राको अनुभव अनुसार भन्नुहुन्छ - तीर्थयात्रा जाँदा यात्रुहरूको आ-आफ्नो चरित्र झल्किन्छ। लोभीको लोभीपना, क्रोधिको क्रोधिपना, स्वार्थीको स्वार्थीपना सहजै प्रदर्शित हुन्छ तीर्थयात्राको बेलामा। यदि कोशिश गरेमा आ-आफ्नो कुबानि आफैले चाल पाएर सुधार्ने अवसर पनि दिन्छ तीर्थयात्राले। धर्मकीर्ति विहारका कतिपय उपासक उपासिकाहरूले यसरी भन्ने गरेको सुन्नमा आउँछ - "धम्मवती गुरुमांले व्यवस्था गर्नु भएकोले हामीले यतिका दर्शनीय धार्मिक स्थलहरूमा पुगेर दर्शन गर्न पायौं, भ्रमण गर्न पायौं। नभए ती ठाउँहरूमा पुग्न पनि पाउँथें कि पाउँदैनथें जीवनमा।" हुन पनि हो आ-आफ्नै निजी आयोजनामा सबै ठाउँमा पुग्न गाह्रै हुन्छ। अतः हामीले गर्न पाएका धर्मयात्राहरू धम्मवती गुरुमांकै सत्प्रयास स्वरूप भन्नुमा अत्युक्ति नहोला।

■

# धम्मवती गुरुमाँ

✍ **वीर्यवती**

बुद्ध शासन चिरस्थायी गरी बहुजन हिताय बहुजन सुखायको लक्ष लिई अगाडि बढिरहनु भएकी हाम्री गुरुआमा भिक्षुणी धम्मवतीले ६५ वर्ष पार गरिसक्नु भएको छ। बुद्ध शिक्षा अध्ययन गर्नको लागि उहाँको दृढ मनोबल शक्तिको विषयमा "स्नेही छोरी" उपन्यास अध्ययन गर्न सकिन्छ। बुद्ध शासन चिरस्थायी गर्न धर्म प्रचार कार्यको लागि उहाँको हालसम्मको योगदान बारेमा मैले यहाँ बताइरहनु पर्ला जस्तो लाग्दैन। उहाँको विराङ्गणा र शाहसको बारेमा अपरिचित व्यक्तिहरू कमै होलान्।

जहिले पनि आफ्नो मनलाई राम्रा कार्यहरूमा मात्र अल्झाइराख्नु पर्छ भनी शिक्षा दिनुहुने धम्मवती गुरुमाँले आफ्नो शारीरिक रोगलाई त्यति ख्याल र चिन्ता नगरी हरेक क्षण आफूलाई धर्मप्रचार कार्यमा मात्र ब्यस्त राख्नुहुन्छ।

आफ्नो वचनबाट निस्केको संकल्पलाई जसरी भएपनि पूरा गरेर नै छोड्ने उहाँको बानीले गर्दा पनि उहाँले ठूलठूला शाहसीला कार्यहरू सफलतापूर्वक सुसम्पन्न गर्न सक्नु भएको छ। बुद्ध जन्मभूमि लुम्बिनीमा थुप्रै अन्य विदेशी बुद्ध मन्दिरहरूको माझ "गौतमी विहार" निर्माण गर्नुभई नेपालीहरूको इज्जत राख्न सक्नु यसको प्रमाण हुन गएको छ। उहाँको यस शाहसिलो कार्यलाई थुप्रै महानुभावहरूले सराहना गरेका छन्। यस संसारमा ठूलठूला कार्यहरू पुरुषहरूले मात्र होइन एक नारीले पनि गर्न सक्दो रहेछ भन्ने प्रमाण पनि यस कार्यले गरेको देखिन्छ।

त्यति मात्र होइन धेरैजसो पुरुष वर्गको संकीर्ण विचार र अशिक्षित रूढीबादीमा जकडिएका नारीहरूको बाहुल्य रहेको हाम्रो समाजमा नारी जागरण ल्याउनको लागि उहाँको ठूलो योगदान रहेको छ।

उहाँको आदर्श र शिक्षाले हामी जस्ता (बुद्ध शिक्षा अध्ययन गरी धर्म प्रचार कार्यमा लाग्न चाहने) नारीहरूलाई अदम्य हौसला प्रदान गरेको छ। हामी सबैले उहाँको आयु आरोग्य र आध्यात्मिक सुखको कामना गर्दछौं।



Downloaded from http://www.dhamma.digital



बसुन्धरामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला कार्यक्रममा सहभागी भएका सदस्यहरू साथै दो. गुणवती गुरुमाँ सहित अन्य गुरुमाँहरू ।




बसुन्धरामा आयोजित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेलामा बोल्नुहुँदै सानुरत्न स्थापित ।



Downloaded from http://www.dhamma.digital

# बुद्धदेव

✍ **श्री रवीन्द्रनाथ टैगोर** (1861-1941)

(१८ मै १९३५ ई सनमा महाबोधि सोसाईटी-द्वारा आयोजित बुद्धजन्मोत्सवमा श्री धर्मराजिक चैत्य विहारमा (कलकत्तामा) रवीन्द्रनाथ टैगोरले दिनु भएको बंगाली वक्तव्यको श्री सोमनाथ मैत्रले गर्नुभएको अंग्रेजी अनुवादबाट ।

रवीन्द्रनाथ टैगोर शतबार्षिक जयन्तीको उपलक्ष्यमा भारत सरकार सूचना प्रसार विभाग ग्याण्टोकद्वारा प्रकाशित नेपालीमा अनुदित बौद्ध लेखहरूको पुस्तिका "बुद्धदेव" बाट यो वक्तव्य झिकिएको छ ।)

आज यो बैशाखी पूर्णिमाको दिन म बुद्धको जन्मोत्सव मनाउन आएको छु, अनि उनीप्रति शिर झुकाउन जसलाई मेरो हृदयान्तरमा यस जगतको सर्वश्रेष्ठ पुरुष ठान्दछु । मेरो श्रद्धा यो उत्सवको अनुरूप देखावटी होइन । मेरो अन्तरात्मामा बारंबार चढाईरहेको श्रद्धाञ्जलि नै आज यहाँ पनि चढाउँछु ।

एकपल्ट बुद्धगया हेर्न गएको थिएँ । जसको पदस्पर्शले यो पृथ्वी पवित्र भएको थियो, उनी स्वयं यो ठाउँमा सशरीर आवगमन भएको कुरा सम्झंदा म रोमाञ्चित भएँ । दु:खित भएर भने किन म उनको जीवनकालमा जन्मिन जसमा उनको पवित्र आशीर्वादलाई मेरो तनमनले प्रत्यक्ष ग्रहण गर्दो हो ।

त्यसबेला मेरो मनमा एउटा कुरा आयो । यो प्रत्यक्ष वर्तमान आफ्नो परिधिमा अति सीमित छ । अनि यो चारैतिरको समसामयिक घटनाक्रमले धमिलिएको छ । इतिहासले बनाएको कुरा हो कि समयको सामिप्यले हाम्रो दृष्टि विकृत हुन जान्छ जसमा हामीले आफू बिचको सर्वश्रेष्ठको महानतालाई सिद्ध गर्न असमर्थ हुन्छौं । क्षुद्र मानिसको निन्दा र वैमनष्यले बुद्ध धेरैपल्ट आघात भए । अनि त्यस्ता व्यक्तिले उनको अति श्रेष्ठ महानतालाई होच्याउन धेरैपल्ट झूठा निन्दा प्रचार गरे । सयौं मानिसहरू जो उनको समयमा सशरीर थिए र वर्तमान थिए तिनीहरूले आफूलाई उनीदेखि आत्मिक दृष्टिकोणले कति टाढा थिए सो कहिल्यै अनुभव गरेनन् । साधारण व्यक्तिको समूहमा उनको असाधारण प्रतिष्ठा अज्ञातनै रह्यो र यसरी घटनाक्रमको तुँवालोले उनको दर्शनबाट म वञ्चित भएँ ।

मनुष्य मध्येको महान विभूतिले जन्मने वितिकै अनन्ततामा आफ्नो स्थान ओगट्छ । उनी त्रिकालदर्शी हुन्छन् । यो उपयुक्त मन्दिरमा हुँदा अनुवभ गरें । त्यहाँ एउटा गरीब मछुवा जापानदेखि आएर आफ्नो पाप कर्मको प्रायश्चित गर्न आएको थियो । वेलुकीपख मध्यरातमा परिवर्तित भयो । तर त्यस मछुवाले जुम्ल्याहा हात गरी ध्यानस्थ भएर बारंबार भनिरह्यो- "बुद्धं शरणं गच्छामि" अर्थात बुद्धको शरण लिन्छु । मनुष्यलाई दु:खदेखि मुक्त गराउने साधनको खोजमा शाक्य राजकुमारले राति राजदरवार छोडी बाहिर निस्केको अनेकौं शताब्दी बितिसक्यो तर आज त्यस रात जापानदेखि आएको तीर्थयात्रीले घोर सन्तापमा परी उनलाई प्रार्थना गरिरहेको थियो । त्यस साधारण गरीबको निम्ती संसारका सबै बोधगम्य वस्तुहरू मध्ये उनीनै निकटतम र सत्य थिए; उनको अमर उपस्थितिले मुक्ति खोजिरहेको गरीब पापीको जीवनलाई स्पर्श गरेको थियो । आफ्नो आत्माको ज्वलन्त आकाँक्षाको प्रकाशमा उसले महामानवलाई देख्नसक्यो । यदि बुद्धदेव आफ्नो समकालिन व्यक्तिहरू मध्ये एक शक्तिशाली राजा वा बिजयी सेनापति स्वरूप देखापरेको भए उनले आफ्नो युगलाई प्रभावित पारी सम्भावित हुने थियो तर त्यो सम्मान त्यस समयको निम्ति पर्याप्त भए पनि त्यो समयको गति संगसंगै आज विस्मृतिमा डुब्ने थियो । हो, उनको राजसी प्रतापले प्रजाहरू भयभीत हुने थिए, गरीबहरूले उनको धन सम्पदालाई अथवा निर्बलले उनको शक्तिलाई प्रशंसा गर्ने थिए तर मात्र उनी अनन्तकालसम्म महामानव स्वरूप स्वीकृत भई स्तुत्य हुन सक्छ जो आत्माको पूर्णताको निम्ति प्रयत्नशील रहन्छ । यसकारण महायोगी बुद्धदेवलाई आज हामी मानव हृदयमा विराजित पाउँदछौं अनि देख्दछौं उनको अतिदूर अतीतको प्रकटीकरणको महत्वले काल अतिक्रम गरी वर्तमानदेखि पनि अविच्छिन्न गतिले अघिबढिरहेको । आजसम्म मनुष्यको विक्षिप्त हृदय र हीनताको भावना लिएर उनैको शरण लिन आउँछन् अनि भन्छन् - "बुद्धको शरण लिन्छु" युगयुगान्तरदेखि मानव आत्माले उनको सक्षमताले गरेको आत्मीय सिद्धिमा नै हामी उनको सत् प्रकटीकरण पाउँदछौं ।



Downloaded from http://www.dhamma.digital

हामी जस्ता साधारण मानिसहरू सम्बन्ध भाव लिएर नै आफूलाई व्यक्त गर्छन्: वर्ग, जाति वा सम्प्रदायद्वारा हामी आफ्नो आफ्नो परिचय दिन्छौं लिन्छौं, यस लोकमा धेरै थोरै त्यस्ता व्यक्तिहरू जन्मे जो स्वयं प्रतिभाशाली हुन्छन्, अनि जो अरूको प्रतिबिम्बमा प्रकाशित नभै आफ्नै सत्प्रकाशमा उद्‌भाषित हुन्छन् ।

मानवको पूर्ण प्रकटीकरण कैयौं मनुष्यमा देख्दछौं - कोही ज्ञानस्वरूप, कोही विद्वतास्वरूप वा नीतिज्ञता स्वरूप वा अरूलाई आफ्नो ईच्छा शक्तिद्वारा वसीभूत गर्ने अनि इतिहासलाई आफ्नो ईच्छानुसार मोडेर लैजाने स्वरूप । तर मानवको पूर्ण स्वरूपको प्रकटीकरण उसमा मात्र देखिन्छ जसले आफूमा सर्वकालिन, सर्वदेशीय सर्व मनुष्यलाई प्रतिनिधित्व गर्दछ, अनि जसको चेतनालाई युगीय वा वर्गीय वा जातीय भावनाले कलुषित पारेको हुँदैन ।

मनुष्य स्वयं सत्यतामा प्रकट हुन्छन् – यो सत्यता जुन उपनिषद्‌ले मानेको हुन्छ । उसले मात्र सत्यताको बोध गर्छ जसले सब प्राणीलाई आफुभैं ठान्दछ । सत्यतालाई यसरी बोध गरेको मानिस नै पूर्णमानव हो, अनि ऊ आफ्नो मानवताको महानतामा चम चमचमायमान हुन्छ । उपनिषद्‌ले भन्छ: जसले आफूलाई सबमा पाउँदछ अनि सबलाई आफूमा, ऊ कहिले पनि गूढ रहन शक्तैन, ऊ सदैव प्रकट रहन्छ । तर आज बहुसंख्यक मनुष्यमा प्रकटीकरण गूढरहेको छ । तिनीहरूमा सत्यताको केही झलक पाउन सक्छौं तर त्यसको धेरैजसो अंशत अगोचर नै रहन्छ । श्रृष्टिको आदिकालमा यो पृथ्वी वाष्पमण्डित थियो; खालि अग्ला अग्ला टाकुराहरू मात्र वाफको घेरादेखि माथि उठेको देखिन्थे । ठीक यसरी नै आज ज्यादा जसो मनुष्य आफ्नो स्वार्थ र अहंकारमा लपेटिएका छन् । अनि आफ्नो चेतनालाई विलुप्त पारेका छन् । सत्यता जसमा आत्मा फुकारहन संक्छ त्यो अविकशित नै रहेको छ ।

मानवको श्रृष्टि अझ पनि असम्पूर्ण छ । असम्पूर्णताको बाक्लो बादलभित्र रहेको सत्‌मानव यदि स्वयं प्रकाशमान महामानवको रूपमा आविर्भूत नभए हामीले तिनलाई कसरी पत्तालगाउन सक्थ्यौं । मानवतालाई स-हृदय ग्रहण गर्ने बुद्धदेवमा आफ्नो सच्चा रूपमा प्रज्वलित भएको पाउनु मनुष्य मात्रको निम्ति अहो भाग्य हो ।

तबत उनको दृष्टिलाई कुनै कुराले पनि छेक्न सकेन चाहे त्यो समयको होस् वा स्थानको वा हीन ईच्छा पूर्तिको परदा नै होस् ।

आत्मसंयमको चरमसीमामा पुग्दा बुद्धदेव स्वयं जाग्रत भई संसारमा प्रकट भए । त्यहि प्रकटीकरणको महत्वमा भारतको सच्चा रूप झल्कियो । त्यो आवगमनलाई मनुष्यको इतिहासमा अमरत्व प्रदान गर्न भारतको भौगोलिक सीमा नागेर दूर दूर फैलियो । भारत तीर्थ भूमि बन्यो, अरू देशका जातिहरू यसप्रति आत्मीयभावले आकर्षित भए । कारण भारतले बुद्धवचनद्वारा सारा मनुष्यलाई आत्मीय ठाने । भारतले कसैलाई अस्वीकार गरेनन् । यस उसले कसैले यसलाई मान्यताबाट पनि वंचित गराएनन् । जाति, देशको तगारो सत्यताको बाँढले बगाई दियो अनि भारतको सन्देश हरेक देशमा पुग्यो । चीन, तिब्बत, जापान, बर्मा अनि मंगोलियाबाट सम्मतिहरू आए । यो अनिवार्य सन्देशको सामू जलथलको कठिनाई आफै हटेर गयो । मनुष्यले दूर दूर देशमा यो प्रादुर्भावको घोषणा गरे । तिनीहरूले तमको नाश गर्ने सूर्यझैं चम्किलो महामानवको दर्शन भएको जाहेर गरे । जहाँतहीं पत्थर मूर्तिको निर्माण गरी यस्तो घोषणालाई साकार रूप दिए । अकथनीय परिश्रमद्वारा मूर्ति, चित्र र स्तुपहरू निर्माण गरी आफ्ना आफ्ना श्रद्धा व्यक्त गरे । तिनीहरूले सम्झेकि यस्तो असाधारण मनुष्यको श्रद्धामा कुनै केही दु:साध्य कुरालाई सम्भव गराउन पर्छ । तिनीहरू विलक्षण प्रेरणाले प्रेरित भए; निस्पट अन्धकार गुफाका भित्ताहरूमा चित्रहरू अंकित गरे । अनि मन्दिर निर्माण गर्न पर्वतका उचा उचा टाकुरामा पर्वतका अखण्ड ढिकाहरू ओसारे । तिनीहरूका शिल्पकारीता सागर पार पुगे, अनि दूर देशहरूमा उत्कृष्ट कलाका नमुनाहरूका श्रृजना भए तर ती कलाकारहरूले अपरीचित रहनु नै योग्य ठाने । तिनीहरूले खालि तिनीहरूलाई प्रेरित गर्ने मन्त्र 'बुद्धं शरणं गच्छामि" मात्र छोडेर गए । जावाको बोरो बुदुर भन्ने ठाउँमा बुद्धको जन्म कथा सयौं मूर्तिहरू स्वरूप स्तुपको वरीपरी कुँदिएको देखें । अकथनीय कष्ट र मायालु होशियारी साथ कुँदिएका ती हरेक मूर्ति कलाकारीताको विशिष्ट नमुना स्वरूप झल्कन्थे । यो हो एउटा दृष्टान्त कलाको अभिबृद्धि र संयमो आचरण अर्थात् तपस्याको तपस्या जसमा कर्मफलको ईच्छा



Downloaded from http://www.dhamma.digital

रहँदैन । यश कीर्तिको आकाँक्षा रहँदैन, अनि जसमा नित्य पूजनीय र स्मरणीयप्रति आफूमा भएको सर्वश्रेष्ठ कुरालाई समर्पित गर्ने सतउद्देश्य रहन्छ । आफ्नो श्रद्धा र प्रेम पात्रको निम्ति मनुष्यले अत्यन्त दु:ख कष्ट स्नेह, अनि सम्झे सर्वोकृष्ट श्रृजना गरेर मात्र तिनीहरूले मानवताको उद्धार गर्ने महामानव सर्वकालका लागि सर्वहितका लागि आएका हुन् भन्ने कुराको घोषणा गर्न सक्दछन् । यस महामानवले मनुष्यबाट चाहेको कुरा नै त्यहि हो - अर्थात कठोर र निरन्तर कर्मद्वारा मुक्ति र संग्रामजयी जनाउने कर्मद्वारा नै मनुष्यले आत्म अभिब्यक्ति गरून् । यसैले त्यति अघि बितेको दिनमा पनि यो पूर्वी महादेशको कुना कुनामा मरूभूमि देखिन् लिएर सुन्सान गुफा सम्मन् र पहाड़का टाकुरा सम्मन् उनको पूजन प्रवलरूपमा विद्यमान थियो । अझ अर्को अमूल्य समर्पण सम्राट अशोक द्वारा भयो । त्यस सम्राटले आफ्ना पाप कर्मको बृतान्त पत्थरमा खोपाएर प्रेम र अहिंसाको महत्व घोषणा गरे, अनि आफ्नो प्रभुप्रतिको महान श्रद्धा पत्थरका खम्बाहरूमा अंकित गरिराखे । के संसारमा आजसम्म यस्तो राजाको जन्म भएको छ ?

अशोकको महानताको प्रेरक बुद्धको आज अरू प्रबल स्तुति हुन योग्य छ । जाति, वर्ण र जात भावको दुष्ट भेदभाव राख्ने क्रूर र मूढताले धर्मको नाम लिएर भूवक्षलाई रक्त रंजित पारेको छ; परस्परको हिंसा भन्दा डरलाग्दो पारस्परिक घृणाले मानवतालाई कलंकित पारेको छ । आज भाइ भाइको द्वेष र डाहले विषाक्त पारेको अभागी भूमिमा प्रेम र दया नै मुक्तिको मार्ग हो भन्ने महामानवको प्रवचन सुन्न हामी उत्कठित छौं । त्यो सर्वश्रेष्ठ मानव फेरि प्रकट भई मनुष्यमा रहेको सर्वश्रेष्ठ कुरालाई विनाशबाट बचाउन् । एकले अर्कोलाई महत्तम दानको निम्ति उनले मनुष्यलाई ठगेनन् । दान जसलाई उनी धर्म ठान्थे त्यो टाढैबाट दान लिनेसित सम्पर्कमा नआई भिक्षा दिनु होईन । सच्चा दान हो आफैले आफैलाई दिनु । जुन कुरा पनि दिंदा श्रद्धासहित दिनु भनिएको छ । कपट धर्मको अहंभाव वा धनको तुजुकले कलुषित भएको दान वास्तवमा दान नभै एउटा दुष्ट अपमान सावित हुन्छ । यसकारण उपनिषद्ले भन्छ: भिया देयम्: अर्थात भय सहित देऊ । आफ्नो सनमान नै हरण गरिदिने धर्मबाट सधै सतर्क रहनु पर्छ । यस घडी भारतमा मनुष्यप्रति चारैतिर अनादर फैलाउने धर्मको प्रचार भईरहेको छ । यो कुरा अध्यात्मिक दृष्टिकोणले मात्र डरलाग्दो होईन, यो राजनैतिक स्वाधीनताको बाटोमा पनि ठूलो बाधक स्वरूप सावित भएको प्रत्यक्ष अनुभवको कुरा हो । राजनीतिको यस समस्यालाई कुन बाह्य साधनले सुल्झाउन सक्छ ?

बुद्धदेवले मानवलाई दु:खदेखि मुक्त गराउन राजकीय पदवी र ऐश्वर्य त्यागे । उनले मनुष्यलाई योग्यताको आधारमा विभेद गरेन; उनले कसैलाई जंगली वा अनार्य भनी खिसिदपुरी गरेनन् । एउटा साधरणभन्दा पनि साधारण र अनभिज्ञ मनुष्यको निम्ति उनले सर्वस्व दिए । उनको तपस्या मनुष्य मात्रको भेदभाव रहित प्रेमद्वारा नै प्रेरित भएको थियो । के त्यो तपस्याको महत्व आज भारत भूमिबाट विलिन भएर जाला ?

मनुष्य मनुष्यमा विभेद निकालेर आफू अलग्ग रहँदा कत्रो पापको भागी भयौं ? हाम्रा एउटा निधि थियो त्यो आज खोक्रिएको छ । बाहिरी आक्रमणले यसको ढोका तोडिदियो अनि यसका पर्खालहरू धुलो भयो । तर आज पर्खाल माथि पर्खाल थपेर हाम्रो मानव प्रेमलाई हामी आफैले बन्धनमा पारेका छौं । मन्दिरमा प्रहरी राखेर मनुष्यको भक्ति गर्ने हक समेत नीचतापूर्वक प्रतिरोध गरिरहेका छौं । दिएर, खर्च गरेर घट्ने दौलतको हामी बचावट गर्न शक्तैनौं । साम्प्रदायिक भावनाको गतिलो सन्दूकमा बन्द गरेर राखेका छौं त्यो अमूल्य धन जुन हो प्रेम जुन जतिदियो उति बढ्छ । धर्मपरायणता र संसारी प्रपंचको विभेद धमिलिएको छ । भारतले मानवताको ज्वलन्त दृष्टान्त दिएर जुन आदर्श अपनाएको थियो त्यो आज कमजोर भएको छ । मनुष्यलाई अनादर गर्दा यसले आफैलाई मनुष्यको आदरबाट वंचित हुनुपर्‍यो । मनुष्य नै मनुष्यको दुष्मन भएको छ कारण ऊ सत्यतादेखि दूर भैसकेको छ । अनि उसले मनुष्यत्व गुमाएको छ । यसकारण हामीले सारा संसारका मनुष्यमा पारस्परको शंका, भय र दुष्मनी पाउँछौं, अनि त्यसकारण महामानवलाई ती शब्दमा स्तुति गर्ने समय आएको छ: प्रकट होऊ जसमा मानव स्वयं प्रकटीत होस् ।

बुद्धदेवले भनेका थिए: करूणाद्वारा क्रोधलाई वशीभूत गर । भर्खर मात्र संसारले विकराल युद्धको अन्त भएको देख्यो । एक योद्धादल विजयी भए तर त्यो विजय शस्त्रास्त्रको शक्तिको विजय हो । पाशविकता मानवीय



Downloaded from http://www.dhamma.digital

शक्तिको सर्वश्रेष्ठ मूल होईन । त्यो विजय अब विफलत भएको सावित हुँदैछ औ फेरि नयाँ कलहको बीजारोपण गर्दैछ । कृपा र दयामा नै मानवशक्ति आधारित छ । मनुष्यको आफूमा रहेको पाशविकता अझ नरटेकोले उसले आजसम्म यस सत्य जुनको महामानवले क्रोधलाई अक्रोधले वशीभूत गर्नुपर्छ भनि उपासित गर्नुभयो त्यसलाई सिद्ध गर्न सकेको छैन । जबसम्म मनुष्यले यस आदेशलाई पालन गर्न शक्तैन तबसम्म उसको जीवन असफल रहनु अनिवार्य छ । क्रोध र प्रतिसोधको भावनाले पाशविक शक्तिद्वारा पाएको विजयले शान्ति ल्याउन शक्तैन । शान्ति त प्रदानद्वारा प्रदान हुन्छ । मनुष्यले यस तथ्यलाई राजनैतिक एवं सामाजिक जीवनमा मान्यता नदिएसम्म दुष्ट मतिले कष्ट दिन छोड्दैन । देश देशको आपसमा झगडाको अन्त हुँदैन । कैदीमाथि दानवीय क्रूरता र सैनिक प्रहरीको डङ्काले जीवन कष्टकमय हुँदै जानेछ । दु:ख र वेदनाको समाप्ति कहिल्यै हुने छैन ।

यसकारण अब उनलाई स्मरण गर्ने समय आएको छ जसले हिंसाद्वारा सफलता प्राप्त हुन्छ भन्ने फोस्रो आशाबाट सबलाई वंचित गराउन चाहे औ जसले दयाद्वारा क्रोधलाई वशीभूत गर्नु भन्ने आदेश गरे । आज मनुष्यको विश्वब्यापी अनादर भईरहेको समयमा हामीले "बुद्धं शरणं गच्छामि" जपनु योग्य छ । उनी नै हाम्रो शरण योग्य हुनेछ - जसले प्रकट गरे मानव आदेश जसले प्रवचन दिए यथार्थ मुक्ति, विषय मुक्ति जुन कर्मको परित्यागद्वारा होईन । तर स्वार्थ त्यागको सत्कर्मद्वारा प्राप्त हुन्छ, अनि क्रोध र द्वेषको अस्वीकारमा होईन तर प्राणीप्रतिको अपरिमय प्रेम र सदिच्छामा निहित रहन्छ । आज हामी हाम्रो स्वार्थता, क्रूरता र नअघाएको लोभले अन्धाछौं र हामी उनैमा शरण लिन्छौं जो आफ्नो रूपमा सार्वलौकिक मानव आदर्श प्रकट गर्न यस संसारमा आए ।

*( आनन्दभूमि वर्ष १, अंक २ बाट )* ■

## जरूरी सूचना

समाचार फोटो समेत पठाउँदा ब्लाक एण्ड ह्वाइट (Black & White) पठाउनु भए मात्र छाप्न सकिनेछ । अन्यथा रंगीन फोटो प्रति रु. २००/- लाग्नेछ । अग्रिम रु. २००/- प्रति फोटोको पठाउन हुन अनुरोध छ । - सं.

# प्रेस बिज्ञप्ती

मिति : २०५६/५/३०

आगामी मंसीर महिनामा पवित्र लुम्बिनीमा भारतका केही कट्टर हिन्दूबादीहरूको अग्रसरतामा आयोजना गर्ने भनिएको कथित "हिन्दू-बौद्ध अन्तर्राष्ट्रिय सम्मेलन' ले अन्य बौद्ध संघ संस्थाहहरूका साथै यस युवा बौद्ध संघ पोखरालाई पनि आन्दोलित पारेको छ ।

श्री ५ महाराजाधिराज सरकारबाट राखिबक्सेको शान्ति क्षेत्रको प्रस्तावप्रति भारतीय कट्टर हिन्दुहरूले देखाएको नकारात्मक व्यवहार, प्राचीन कपिलवस्तु र बुद्ध जन्मभूमि लुम्बिनी बारे खडा गरेको अनावश्यक कृतिम विवाद हामी सम्पूर्ण नेपालीहरूलाई अवगत भएकै कुरा हो । लुम्बिनीको स्वस्थ विकास भएको देख्न नसक्नेहरूले अनेक नाम र काम गरेर बाधा अवरोध तेर्स्याउँदै आएको कुरा कसैमा छिपेको छैन । यसै सन्दर्भमा हेर्दा प्रस्तावित कथित अन्तर्राष्ट्रिय सम्मेलन पनि लुम्बिनीमा हाल विद्यमान बौद्ध वातावरण र विकास निर्माण माथि एक अतिक्रमण हो भन्ने प्रष्ट छ ।

बुद्धको सिद्धान्त, विचार, आदर्श व्यवहार र विशेषताहरू हिन्दू धर्म र संस्कृतिहरूभन्दा धेरै फरक छन् । त्यसैले हिन्दू धर्म र बुद्ध धर्म बेग्लाबेग्लै धर्म र संस्कृतिहरू हुन् । यो एक वास्तविकता हो । तर यो यथार्थलाई समेत धुमिलता पार्न बुद्ध धर्मलाई शाखा धर्मको रूपमा गलत व्याख्या गर्न आयोजकहरूले सम्मेलनको नाम "हिन्दू र बौद्ध" धर्म नभनी "हिन्दू-बौद्ध एकता अन्तर्राष्ट्रिय सम्मेलन" भनी नामाकरण गर्नु बुद्ध धर्म माथि भइरहेको षडयन्त्र हो ।

आयोजकहरूले सम्मेलनको विषयवस्तु करूणा सम्बन्धमा हिन्दू-बौद्ध दर्शनको एकात्मकता भनेर राख्नु पनि उनीहरूको त्यही षडयन्त्रको अर्को चाल हो ।

यी सबै कारणहरूले गर्दा सो सम्मेलन भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा गर्न दिनु हुँदैन भन्ने कुरामा हामी जोड दिन चाहन्छौं ।

लुम्बिनी विश्व शान्तिको मुहान हो र समस्त विश्व भरीका बौद्धहरूको पवित्रतम तीर्थस्थल भएकोले त्यस्तो तीर्थस्थललाई विवादमा ल्याउने प्रयास कहीं कतैबाट गरिएमा त्यो कसैलाई सैह्य हुने छैन । श्री ५ को सरकार र लुम्बिनी विकास कोषबाट यसमा समयमै गम्भीर भएर सोचियोस् भनेर हामी अनुरोध गर्दछौं ।

अध्यक्ष
युवा बौद्ध संघ
धर्मशीला बुद्ध विहार
नदिपुर पोखरा



Downloaded from http://www.dhamma.digital




**धर्म प्रचारको क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**ल.पु.को सुनागुठीमा ।**



**धर्मकीर्ति विहारको आयोजनामा भुइँचालो पिडित वर्गहरूलाई आवश्यक लुगाफाटाहरू वितरण गर्न तयारी भैरहेको । साथमा रत्नमञ्जरी गुरुमाँ र धम्मवती गुरुमाँ ।**



Downloaded from http://www.dhamma.digital




जापानी भिक्षु युनाताका नावातामेको हत्या बिरूद्ध आयोजित जुलुसमा भाग लिँदै धर्मकीर्ति विहारका उपासक उपासिकाहरू ।



टाइवान स्थित फोकुवान सानको भ्रमणमा माष्टर सिन युनका साथमा धम्मवती गुरुमाँ प्रमुख धर्मकीर्ति विहारका परिवार ।



Downloaded from http://www.dhamma.digital

# धम्मवती गुरुमाँको प्रेरणा र म

✍ अ. अनोजा

**धम्मवती गुरुमांको उदय**

यस धर्तीको प्राकृतिक नियम नै उत्पन्न हुनु, स्थिर हुनु र भंग हुनु हो । त्यस्तै नै कालको नियम अनुसार धर्मको पनि त्यही स्वभाव छ । कहिले कुन धर्मले विशेष रूपमा प्रधानता पाउँछ त कहिले कुन धर्मले । तर विश्वका अन्य धर्महरूभन्दा बुद्ध धर्म पृथक छ । मैत्री, करुणा, मुदिता र उपेक्षा भावले ओतप्रोत भएको बुद्ध धर्मका अनुयायीहरू सदैव निस्वार्थ भई सत्व कल्याणार्थ तत्पर भई अग्रसर रहन्छ ।

जब यस जगतमा अधर्म, अशान्ति र अत्याचारको वृद्धि हुन्छ तब बुद्ध धर्म र बौद्ध धर्मावलम्बिहरू समाजको कल्याणार्थ अग्रसर हुन्छ र उद्धार गरी छाड्छ । त्यही प्राकृतिक उथल-पुथलको क्रम नेपालमा पनि नभएको होइन । त्यसै उथल पुथललाई साम्य गर्न र सहि दिशा निर्देश गर्न समयको माग अनुसार प्रकृति र समाजले एउटी बालिकाको रूपमा गणेश कुमारी (धम्मवती गुरुमां) लाई जन्म दिईन् । उहाँले १४ वर्षको कलिलो उमेरमा विभिन्न कठिनाई झेलेर संघर्ष गरी पैदल यात्राले बर्मा देशसम्म पुगी बुद्ध, शिक्षालाई सम्यक रूपमा हासिल गर्नु भई १४ वर्ष बिताएपछि बि.सं. २०२० सालमा स्वदेश फर्कर्नु भयो । त्यहाँदेखि उहाँले नेपालमा बौद्ध पुनर्जागरणको लागि निरन्तर रूपमा टेवा पुऱ्याउनु भयो । उहाँको परिश्रम र सहयोगको फलस्वरूप आज नेपालमा बुद्ध धर्म र बौद्ध धर्मावलम्बीहरूको अभिवृद्धि एवं बौद्ध शिक्षाको व्यापक रूपमा प्रचार, प्रसार र विस्तार एवं अनेकौं बौद्ध विहार हरूको निर्माण भएको सर्वविदित छ ।

**धम्मवती गुरुमांको व्यक्तित्व र कार्यकुशलता**

धम्मवती गुरुमां त्यस्ता व्यक्तित्वका धनी हुनुहुन्छ जसको बारेमा नेपालको बौद्ध क्षेत्रमा कुनै परिचय दिई र हनु आवश्यक छैन । नेपालकी एउटी सुपुत्री भएर उहाँले आफ्नै देशमा मात्र ठूलो योगदान पुऱ्याउनु भएको होइन बौद्ध देश बर्मामा पनि उतिकै उहाँको नाम उतिकै रोशन भएको छ । जसरी इतिहासमा नेपालकी सुपुत्री भृकुटीको नाम रहेको छ उस्तै गरी बर्तमान समयमा भि. धम्मवतीको नाम चम्किएको छ । यसप्रकार उहाँले एउटा नयाँ पुस्ताको लागि समेत अगुवाई गर्नुभएको छ ।

उहाँले भगवान बुद्धको सारयुक्त उपदेशबाट उपासक उपासिकाहरूलाई प्रभावित पार्नु हुन्छ । उहाँले बुद्ध धर्म प्रचार प्रसारको लागि ठाउँ ठाउँमा बुद्ध विहारहरूको निर्माण गर्न लगाउनु भएको छ । सर्वप्रथम काठमाडौंमा न:घल टोलमा धर्मकीर्ति विहारको स्थापना गर्नुभयो । त्यसपछि उहाँले (बनेपामा ध्यानकुटी विहार), शंखमोलमा ध्यान केन्द्र, बसुन्धरा डोलमा धर्मकीर्ति विहारको शाखा विहार र अहिले आएर भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा ठूलो विहारको निर्माण कार्यमा संलग्न हुनुभयो । उहाँ आफ्नो कर्तब्यप्रति मात्र सजग नरही आफ्नो नीति नियम आदर्शलाई समेत कसरी अगाडि बढाउन सकिन्छ र यसलाई दिगो बनाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारेमा ज्यादै नै चिन्तनशील हुनुहुन्छ । जसले उहाँसँग संगत गर्नु हुन्छ उहाँले सबैलाई दया, माया, करुणा र सद्भावका साथ उत्साह र प्रेरणा समेत दिनु हुन्छ ।

**धम्मवती गुरुमां-भिक्षुणीहरूको लागि प्रेरणाको श्रोत**

धम्मवती गुरुमांको त्याग, तपस्या, इच्छा र आकांक्षा स्वरूप नेपालमा म (अनोजा) जस्तै अन्य धेरै भिक्षुणीहरूको वृद्धि भएको छ । धम्मवती गुरुमांले सदैव आफूभन्दा जेष्ठ भिक्षुणीहरूलाई आदर गर्नु भएको, आफू सरहकालाई सक्दो सहयोग गर्नुभएको र आफूभन्दा कनिष्क (निम्न पदीय) का भिक्षुणीहरूको लागि माया, ममताका खानी पथ प्रदर्शक तथा प्रेरणाको मुहान बन्नु भएको छ । उहाँकै प्रेरणा र प्रोत्साहनको फलस्वरूप आज दक्ष र सक्षम, कर्मठ भिक्षुणीहरूको उदय भएको छ । यदि हामीले भविष्यमा पनि उहाँबाट यस्तै प्रकारको प्रेरणा पाउँदै जाने हो भने बुद्ध धर्मको विकास र विस्तारमा अझ थप योगदान पुग्ने निश्चित छ ।

उहाँ र म (अनोजा) बीच ज्यादै नै घनिष्ठ र आत्मीय सम्वन्ध छ । मेरो विचारमा उहाँले मलाई विशेष माया दिनु हुन्छ । वास्तवमा मलाई सक्रिय बनाउने उहाँ नै हुनुहुन्छ । आजसम्म मैले जे-जति कार्यहरू सिकें र आँट गरें त्यो सम्पूर्ण कार्य धर्मकीर्ति विहारमा नै बसेर धम्मवती गुरुमांको आदर्श, मान्यता, कार्यकुशलता, हिम्मत, शिक्षा-दिक्षा र प्रोत्साहनबाट प्रेरित भएर नै गरेकी हुँ । हालै मैले कीर्तिपुरको



Downloaded from http://www.dhamma.digital

चोभारमा स्थित सुलक्षण कीर्ति विहारको निर्माण कार्य पुरा गराई विहारको स्थापना गर्न सफल भएको छु । यस सुलक्षण कीर्ति विहार निर्माण गर्न हौसला प्रदान गर्न व्यक्तित्व पनि उहाँनै हुनुहुन्छ । आज उहाँकै प्रेरणालाई आत्मसाथ गरी विहार निर्माण कार्यमा दक्षतापूर्वक आँट गरें, विहार निर्माण भयो विहारमै नि:शुल्क स्वास्थ्य शिविर संचालन गरें र भविष्यमा पनि विभिन्न सामाजिक कार्य गर्ने लक्ष्य रखेको छु ।

उहाँले जहिले पनि मलाई आत्मनिर्भर हुने बुद्ध धर्ममा शिक्षा हासिल गरी बुद्ध धर्मको सेवा गर्न अघि बढ्नु पर्छ भनी समय समयमा उपदेश दिई रहनु हुन्छ । धम्मवती गुरुमांले आफैले पनि सानो उमेरमा बर्मा जानु भई बुद्ध धर्मको विषयमा अध्ययन गर्नुभयो र सासनधज धम्माचरिय पास गर्नुभयो । त्यस समयमा नेपालबाट धम्माचरिय पास गर्नु हुने प्रथम भिक्षुणी उहाँ नै हुनुहुन्छ । उहाँको यही आदर्श र मान्यतालाई साक्षात्कार गर्दै उहाँले देखाउनु भएको बाटोलाई अँगाली मैले पनि बनारसमा दश वर्ष बसेर पि.एच.डी. पास गरें । यदि उहाँको आदर्श र मान्यतालाई नबुझेकी भए आज मैले यति ठूलो सफलता हासिल गर्न सक्ने थिइन् होला । म सानैदेखि धम्मवती गुरुमांसँग बसेकी हुनाले उहाँको आदर्श, मूल्य र मान्यताबाट ज्यादै नै प्रभावित भएँ । त्यसैबाट प्रोत्साहित भएर आज यो अवस्थामा पुग्न सफल भएँ । त्यसैकारण उहाँले ममाथि लगाउनु भएको गुणलाई मैले कहिले पनि बिर्सने छुइन । जसले जे भनेता पनि उहाँको आदर्श मेरो हृदयमा चिरकालसम्म स्मरणीय रहिरहने छ । मलाई उहाँको आशिर्वादको आवश्यकता सदैव रहिरहने छ । उहाँको आर्शिवाद लिएर म बुद्ध धर्म तथा समाज सेवा गर्न अघि बढेकी छु र उहाँकै आशिर्वादको प्रभावले मार, बिघ्नबाधा नआओस् । मैले बर्मा तथा चीन दुइवटा बौद्ध देशहरू भ्रमण गर्ने अवसर पनि पाएँ गुरुमांकै सत्प्रयास स्वरूप त्यस्तो आदर्शवान्, सहयोगी, मिलनसार गुरुको चेली भएर बस्न पाएकी कारण म आफैलाई गौरान्वित ठान्दछु र त्यो मेरो अहोभाग्य ठान्दछु । साथै म जस्तै अन्य अनगारिका-हरूको लागि पनि धम्मवती गुरुमां आदर्शवादी गुरु मात्र होइन ममतामयी आमा सरह, पालन पोषण गर्ने बाबु सरह तथा आ-आफ्नो लक्ष्य हासिल गर्न प्रेरणाको मुहान भएर रहनु भएको छ- मा दाबि गरेर भन्दछु । ■


## पूज्यनीय धम्मवती गुरुमाँया प्रव्रजित ज्रुया विज्याग्रु
## ५० वर्ष पूवंगु उपलक्ष्यस धर्मकीर्ति विहारया
## गुरुमाँ पिंनिगु पार्खे वस्पोलया
## आयु ताहा ज्रुया ल्वेछुं मदयुमा धका

### भिंतुनायानापिं:

| | | |
|---|---|---|
| १) दौ. गुणवती गुरुमाँ | ९) केशावती गुरुमाँ | १७) सत्यवती गुरुमाँ |
| २) रत्नमञ्जरी गुरुमाँ | १०) खेमावती गुरुमाँ | १८) अमरावती गुरुमाँ |
| ३) धम्मदिन्ना (चमेली) गुरुमाँ | ११) धजवती (कुसुम) गुरुमाँ | १९) ध्यानवती गुरुमाँ |
| ४) कमला गुरुमाँ | १२) वीर्यवती गुरुमाँ | २०) रम्मवती गुरुमाँ |
| ५) अनोजा गुरुमाँ | १३) इन्दावती गुरुमाँ | २१) सुरम्मवती गुरुमाँ |
| ६) अनुपमा गुरुमाँ | १४) जयवती गुरुमाँ | २२) सुचिवती गुरुमाँ |
| ७) पञ्ञावती गुरुमाँ | १५) शुभवती गुरुमाँ | |
| ८) संघवती गुरुमाँ | १६) सुखवती गुरुमाँ | |




Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सम्पन्न एक चित्रकला प्रदर्शनीमा
चित्रकला अवलोकन गर्दै भिक्षु कुमार काश्यप




धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती समारोहमा भाग लिनु हुँदै
मन्त्री प्रकाशमान सिंह ।


Downloaded from http://www.dhamma.digital



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती कार्यक्रम उद्घाटन गर्नुहुँदै मन्त्री श्री प्रकाशमान सिंह ।




धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको
रजत जयन्ती कार्यक्रम संचालन हुँदै गरेको ।



Downloaded from http://www.dhamma.digital

# अध्यात्म ज्ञानद्वारा विश्वशान्ति

✍ स्वामी ईश्वरानन्द

विश्वमा समस्तप्राणी स्वभावैले शान्तिप्रिय हुन्छन् । किनभने जहाँसम्म शान्ति हुँदैन त्यहाँसम्म सुख पनि हुँदैन, सुख प्राप्ति प्राणीमात्रको लक्ष हुन्छ । यसैले विश्वका प्राणीहरू शान्ति चाहन्छन् । आश्चर्य त यो छ कि जति जति माग बढ्दै गयो उति उति शान्ति महंगो हुँदै गएको छ । अनादिकालदेखि आजसम्मन् महान आत्मा र युग पुरुषहरूले आफ्ना आफ्ना सुख त्यागेर विश्वकल्याणको भावनाले आ-आफ्नो विचारलाई प्रस्तुत गरे । ती सबै शान्तिकै सन्देश थिए । ती सबै शान्तिको मार्ग होईनन् र कुनै एउटा मात्र हो अथवा अझसम्म शान्तिको साँच्चैको बाटो पहिलिएको छैन भन्न सकिंदैन, बरू सत्यत यो छ कि हामीनै त्यस बाटोमा हिड्न सकेको छैनौं । किनभने लक्ष एउटै भएर पनि मार्ग अनेक हुनसक्छ । यस स्थितिमा यहि मात्र शान्तिको बाटो हो अरु होईन भन्नु अवश्यपनि हठधर्मीता हो । जुनसुकै विश्वका महान् आत्माको उद्देश्यमा पनि पूर्ण निष्ठा राखेर चरित्र निर्माण गर्ने हो भने शान्तिको बाटो भेटिने छ । यो कुरा अवश्य हो कि मार्गहरू विभिन्न हुनाले सालता र शीघ्रताको तथा अनायशताको दृष्टिले विभिन्न रूचि हुनु स्वाभाविक हो ।

विश्व शान्तिको मूलमा बाधक केवल वैयक्तिक स्वास्थ्य नै हो । अलिकति यसबाट मुक्त भएका महापुरुषहरूको पनि विचार पर पुगेर देशको स्वास्थमा गएर अडिएको हुन्छ । अनि त्यसबेला विश्वकल्याणको भावना दुर्बल हुन्छ । यदि आध्यात्मिक भावनाको समन्वय भएन भने त्यो राष्ट्रप्रेम शान्ति भंगको कारण संघर्षको रूपमा परिणत हुन्छ । यस्तो भयो भने पनि कुनै आश्चर्यको कुरा हुने छैन । सत्य, अहिंसा, सदाचार, मानवता, समानता, विश्व भ्रातृभाव र प्राणी प्रेम आदि सामान्य मानव धर्मका उपदेशहरू दिने शास्त्र र यी धर्मका प्रचार गर्ने युगपुरुषहरूको धर्मदेशनाहरूको चारैतिरबाट बर्षा भएर पनि यिनका विरुद्ध असत्य, हिंसा, अनाचार, भ्रष्टाचार, विषमता, दानवता, विश्व द्रोह र प्राणीपीडा केवल कुटुम्ब प्रेमकै विजय हुन्छ र सत्य, अहिंसा आदिले बराबर हार खान्छन् र अहिलेसम्म खाईरहेका छन् । अनादिकालदेखि अहिलेसम्म यो युद्ध चलेकै छ, किनकि प्राणीहरूको गुणात्मक प्रकृतिको आर्कषण गुणरूप विषयपट्टि स्वभावैले भईरहेको हुन्छ । यसैले कदाचित सत्य, अहिंसाको क्षणिक विजय भएर विश्व प्रेम उत्पन्न भएता पनि अस्थायी रूपमा हुन्छ । सामान्यतया स्वाभाविक रूपमा भईरहेको विषय प्रवृत्तिलाई मर्यादितरूपमा ल्याइनु धर्मको उपयोग हो, धर्म नै एउटा यस्तो वस्तु छ जसले मनुष्यलाई पाशविकताबाट छुटाएर मानवतामा परिमित राख्दछ । यस परिभाषा अनुसार यस विश्वमा अहिलेसम्म भएका धर्महरू मात्र नभै भविष्यमा हुने युगपुरुषद्वारा संचालित श्रेयप्राप्त गर्ने सरल उपायहरू पनि धर्म नै हुन सक्दछन् किनभने धर्मको मूल एउटै भएता पनि त्यसका शाखा प्रशाखा अनन्त छन् । धर्मको मूल सनातन अर्थात् नित्य छ । साधन धर्म अनित्य छ अर्थात् देश, काल, अवस्था अनुसार तिनको परिवर्तन भईरहन्छ । यहि परिवर्तनशील धर्म विशेष धर्म वा साम्प्रदायिक धर्म हो । अस्तु धर्मको जतिकै उपदेश गरेता पनि विषय प्रवृत्तिको विरुद्ध हुनाले पर्याप्त मात्रामा सुधार हुन सक्तैन ।

भगवान बुद्धले परस्पर मनुष्य र प्राणी मात्रमा कस्तो व्यवहार हुनुपर्छ यस विषयमा "आत्मत्" दृष्टिले आश्रय लिएको छ, जस्तै-

**यथा अहं तथा यते, यथा एते तथा अहं ।**
**अत्तानं उपमं कत्वा नहनेय्य नघातये ॥**

(जस्तो यिनीहरू उस्तै म, जस्तो म उस्तै यिनीहरू, आफै जस्तो अरूलाई सम्झेर न कसैलाई मारोस् न मरावोस् )

"तिमी आफ्ना छिमेकीसंग आफूलाई जस्तै व्यवहार गर र अरूद्वारा आफूलाई जस्तै तिमी जस्तो व्यवहार गराउन चाहन्छौ त्यस्तो तिमी पहिले उनीहरूलाई गर" भन्ने ईशामसीहले पनि यहि "आत्मवत्" सिद्धान्तलाई धर्मको मूलतत्व सम्झेको छ । यसैले बाईबलको यो उपदेशलाई सुनौला उपदेश भनि पछिका अनुयायीहरूले भनेका छन् । अरू पनि विश्वका विशिष्ट महानुभावहरूले यहि आत्मवत् बुद्धिलाई धर्मको श्रेष्ठ तत्व मानेका छन् ।

जहाँसम्म आत्मज्ञान भएको हुँदैन त्यहाँसम्म धर्मको सारतत्वको उपदेश गरिरहनु पर्ने आवश्यकता पर्दछ आत्मज्ञान भैसकेपछि उपदेशको पनि आवश्यकता पर्दैन । किनभने सबै प्राणीका साथ आत्मतुल्य व्यवहार गर्ने उसको स्वभाव नै भैसकेको हुन्छ । कसैलाई पनि आत्महित आत्मसुख सम्पादनको निम्ति उपदेश गर्न पर्दैन । आफ्नो शुभकामना गर्न मनुष्यको त के कुरा पशु



Downloaded from http://www.dhamma.digital

पछिले पनि जानेका छन् । जसको आफ्नो आत्मा र अरूको आत्मा एउटै भैसकेको छ त्यस अवस्थामा उसको आत्महित र परहित पनि एउटै भैसकेको हुन्छ । जुनसुकै कुरा पनि स्वाभाविक रूपमा पुगेपछि स्थायी हुन्छ । जबसम्म स्वाभाविक हुँदैन तवसम्म कृतिमभावहरू कहिले पनि चीरस्थायी हुन शक्तैन । जतिसुकै विश्वमा भातृत्वको प्रचार गरेता पनि अन्तमा स्वार्थ र परार्थको संघर्ष हुन थाल्दछ त्यसबेला हृदय-तराजुको दण्डी स्वार्थपट्टि झुक्दछ । जस्तो आफूलाई जन्मदिने आमा र नाता लगाएर आमा भन्ने गरेकी (साईनो लगाएकी) आमामा रात र दिनको फरक हुन्छ । त्यस्तै आफूलाई ज्ञान भैकन सबै प्राणीमा उत्पन्न भएको स्वाभाविक आत्मतुल्य प्रेम र तिमीले अरूलाई भाइ जस्तै सम्झनु पर्छ भनि मानव कर्तब्यको अनुशासनद्वारा उत्पन्न गराएको कृतिम भ्रातृभावमा पनि हुन्छ । कुनै प्रकारले मानव मात्र सबै एउटै मनुका सन्तान हुनाले सबै भाइ भाइ हो भनेर विश्व भ्रातृभावमा बल गरौं भने पनि मानव इतिहासले बताईरहेको छ कुरू-पाण्डवका जस्ता भाइ भाइमा अर्थका निम्ति भएका विश्व युद्धकारीघोर संघर्षहरू ज्वलन्त प्रमाण छन् । भाइहरूको मात्र होईन, पिता पुत्रको र स्त्री पुरुषको पनि स्वार्थका निम्ति भएका संघर्षहरू प्रसस्त देखिन्छन् । परन्तु आफूसंग कसैको पनि विरोध हुँदैन । विरोध नभए पछि संघर्ष पनि हुँदैन । अत: विश्व भ्रातृभाव, पितृभाव, मातृभाव र मित्रभाव आदि जुनसुकै भावभन्दा पनि विश्वमा आत्मभाव सबैभन्दा उच्च छ । यसैले हिन्दू दर्शनमा आत्म चिनेकालाई ज्ञानी र ज्ञान भएपछि अरू केही पनि जान्न पर्ने बाकि रहँदैन भनिएको हो । यहि ज्ञानद्वारा अन्तमा मोक्ष वा निर्वाण प्राप्ति बताईएको छ । यता आत्मकल्याण र उता विश्वशान्ति दुबै कुरा आत्मज्ञानद्वारा प्राप्त हुन्छ । हामी जुन दृष्टिकोणले जगतलाई हेर्दछौं जगतले उही दृष्टिकोणले हामीलाई हेर्दछ । अत: आत्मरूपले विश्वलाई हेर्ने बानि बसालौं अनि विश्वले पनि हामीलाई आत्मरूपले हेर्ला । परस्परमा यहि भावनाको संकेत विश्वभर पुगेपछि स्वार्थमय संघर्षको समाप्ति हुन्छ र परम शान्ति प्राप्त हुन्छ । अध्यात्मतत्वज्ञान विश्वशान्तिको रहस्यमय मूल हो भनेर किटान गर्न सकिन्छ । यसमा अणु मात्र पनि सन्देह छैन ।

शान्ति, शान्ति, शान्ति ।

*( आनन्दभूमि वर्ष ९, अंक ११ बाट )*


**वि.सं. २००६ सालमा प्रव्रजित हुनु भएकी**

**"श्रद्धेय गुरुमाँ धम्मवती शासन धज धम्माचरिय"**

**प्रव्रजित हुनुभएको ५० औं वर्ष**

**पूरा भएको उपलक्ष्यमा**

**उहाँको सुस्वास्थ्य लाभ र दीर्घायुको**

**कामना गर्दछौं ।**

**लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं. लि.**

त्रिदेवी मार्ग, ठमेल

पो.व. बक्स ११५०३, काठमाडौं

फोन : ४२३४४३, ४२३४४५

फ्याक्स: ९७७-१-४२५६५५




Downloaded from http://www.dhamma.digital




धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्ती कार्यक्रमको उपलक्ष्यमा
दो. गुणवती गुरुमाँबाट आफ्नो मन्तब्य व्यक्त गर्नुहुँदै ।



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट संचालित स्वास्थ शिविरमा
निःशुल्क औषधि वितरण ।



Downloaded from http://www.dhamma.digital



जापानी भिक्षु युनाताका नावातामेको हत्या विरूद्ध जुलुसपछि परिणत भएको शोक सभामा भाग लिंदै धर्मकीर्ति परिवार ।




भिक्षु सुमंगल महास्थविरको शवयात्रामा भाग लिंदै धर्मकीर्ति विहारका उपासक उपासिकाहरू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार ।



Downloaded from http://www.dhamma.digital

# प्रज्ञा

✍ महापण्डित राहुल साँकृत्यायन

प्रज्ञाको अर्थ दर्शन या गम्भीर ज्ञान हो। बुद्ध र सबै कालका र सबै देशका विचारकहरू पनि प्रज्ञामै सबभन्दा बढी जोर दिने गर्थे। यसै कारणले जुन व्यक्ति बुद्धलाई आचार र नीतिका प्रचारक भन्न चाहन्छ त्यो वास्तविकताबाट कति टाढा यो भन्नुको जरूरत छैन। बुद्धको प्राय: सात शताब्दी पछि जन्मेका महान विचारक नागार्जुनले उनको प्रतीत्यसमुत्पाद र मध्यम प्रतिपदमा विचार गरेर नै शाक्यमुनिलाई अप्रतिम सम्बुद्ध भनेका हुन्।

प्रतीत्यसमुत्पाद- प्रतीत्य समुत्पादको अर्थ स्पष्ट गर्दै बुद्धले स्वयं भनेका छन् 'यसको पछि यो हुन्छ' (अस्मिन सति इदं भवति) जो वस्तुत: विना अपवादले सबै वस्तु अनित्य छन्। यहि मौलिक सिद्धान्त ब्याख्या हो। बुद्ध र बौद्ध अनित्यवादी हुन्। उनीहरू कुनै चीज पनि वास्तविक हुनुमा स्वीकार गर्न शक्तैनन् जबतक त्यो अनित्य कहीन्न। पछिका आचार्यहरूले यसलाई अझ स्पष्ट गरेर भनेका छन् "यत् सत्तत् क्षणिकं" (जो वास्तविक हो त्यो क्षणिक हो) वाह्य वस्तुहरू त सबै क्षणिक मान्न तैयार छन्। किन्तु बुद्धले बाहिरी स्थूल जगत मात्र क्षणिक भनेन् बल्कि अन्तरीम सूक्ष्म जगतमा पनि यो निरपवाद नियम लागु भएको बताए। बुद्धभन्दा थोरै समय पहिले उपनिषद्का विचारकहरूको समय थियो, प्रवाहण, उद्दालक, याज्ञद्वल्क्य जस्ता उपनिषद्का महान ऋषिहरूले अत्यन्त प्रयत्न गरेर यो कुरा मान्न लोकलाई तैयार गरेका थिए कि क्षण क्षण परिवर्तनशील वाह्य जगतको भित्र नित्य, कूटस्थ, अविचली एक सूक्ष्म वस्तु (तत्व) छ। यस तत्वलाई उनीहरूले आत्माको संज्ञा दिए, अनि उही नित्य निर्विकार आत्मालाई पाउनु जीवनको सर्वश्रेष्ठ उद्देश्य माने। उपनिषद्को यो आत्मवाद (ब्रह्मवाद) का भक्तहरू आज पनि देशमा कमी छैन। देशमा मात्र होईन कि देश बाहिर पनि यो आत्मवाद (ब्रह्मवाद) को प्रतिपादक वेदान्तलाई मान्नेहरू पाईन्छन्। साच्चै नै यो ठूलो परिश्रम (तपस्याको फल थियो, जुनलाई बुद्धले आफ्नो अनित्यवाद द्वारा एकै फूँकमा उडाईदिन चाहे।

उपनिषद्को आत्मवाद माथि खास गरेर बुद्ध प्रहार गर्न चाहन्थे, यो यसबाट पनि स्पष्ट हुन्छ कि उनले आफ्नो सिद्धान्तलाई अनात्म (अनत्ता) वाद भने। वेदान्तले सत्चित् आनन्द घोषणा गरे। बुद्धले असत् अचित् आनन्दको। शब्दभेदले उनले यसको लागि अनित्य, दु:ख, अनात्म शब्दको व्यवहार गरे। सत् वेदान्तमा नित्यको लागि भनिएको हो, चित् आत्माको लागि अनि आनन्दको अर्थ हो दु:खको अभाव। यसबाट स्पष्ट हुन्छ कि बुद्ध उपनिषद्को मूल सिद्धान्तको विरोधक थिए। यो आश्चर्यको कुरा हो कि आजकल कैयौं लेखकहरू यसबारेमा समन्वय गर्ने कोशिस गर्दै बुद्धलाई पनि उपनिषद्को सिद्धान्तका प्रतिपादक हुन् भन्ने बताउन चाहन्छन्।

अनित्यवाद या क्षणिकवाद बुद्धको दर्शनको आधार शिला हो। उनको यो सिद्धान्त भारतको सबभन्दा प्रौढ र प्रगतिशील दर्शनको प्रेरणा श्रोत पनि हो। यो सिद्धान्तलाई मानेमा एकातिर ईश्वर र आत्माको बन्धनबाट छुट्छ अर्कोतिर यो नियतिको फन्दाबाट मुक्त हुन्छ। संसारमा कुनै पनि चीज दुई छिन पनि रहन शक्तैन। पैदा हुनासाथ उसले आफ्नो मृत्यु साथैमा ल्याएको हुन्छ। यो सत्यलाई सम्झेर बुद्ध एकातिर मनपरेको संगको वियोग र मन नपरेको संगको संयोगबाट हुने चिन्ता (दु:ख) पनि अस्थायी सम्झेर त्याग गर्नाको लागि भन्छन्। अर्को तर्फ यस परिवर्तन शीलताले मानवको लागि अनुकूल परिवर्तनको पनि सम्भावना छ र उ यसको लागि उद्योग परायण हुन सक्छ।

क्षणिकवाद अनुसार कारण क्षणिक छ। जुन समय कार्य पैदा हुन्छ उस समयभन्दा पहिले नै कारण पूर्ण रूपेन विलुप्त हुँदै गैसकेको हुन्छ। यो विचार अनुसार कार्य र कारणको के सम्बन्ध छ त्यो बताउनलाई बुद्धले प्रतीत्य समुत्पाद नामले नयाँ परिभाषाको श्रृजना गरे, अर्थात् एकको प्रतीत्य (नष्ट) भए पछि अर्कोको उत्पत्ति हुन्छ। यो दुईको सम्बन्ध यहि



Downloaded from http://www.dhamma.digital

हो कि यसपछि यो हुन्छ । बीज नष्ट भएपछि बृक्ष उत्पन्न हुन्छ । यो कुरा मान्नलाई कसैलाई पनि आपत्ति हुन शक्तैन । किन्तु बुद्ध परिवर्तनलाई यति स्थूल मान्दैनन् । बाहिरी परिवर्तन हामी आँखाले देख्दछौं । यो अत्पन्न ठूलो परिर्वतन हो । बुद्ध यो स्थूल परिवर्तनको पनि लाखौं सूक्ष्म परिवर्तनका आभास बताउन चाहन्छ । यो सिद्धान्त अनुसार मानिस हरक्षणमा मरिरहेको छ र हरक्षण पहिलेको स्थानमा एक अर्को विलकुल नयाँ व्यक्ति प्रकट भईरहेको छ । परिवर्तन यति छिटो संग हुन्छ कि हामी यसको समय देख्न सक्दैनौं । हरेक परिवर्तनमा पहिलेको सादृश्य प्रवाहरूपेण चलिरहन्छ, जुनले भ्रम पैदा गरिदिन्छ- यो उही वस्तु हो: मनुष्य बाल्य, तारूण्य र बार्धक्य जस्तो परिवर्तनहरू नै पर्दैन बल्कि हरक्षण त्यो मर्छ र त्यसको ठाउँमा त्यहि जस्तो अर्को त्यो स्थानमा आईपर्छ । यस प्रकारको सिद्धान्त द्वारा बुद्धले आफ्नो समयका आत्मवादी विचारहरूमा कति हलचल मचाए होला यो भन्नुको आवश्यकता नै छैन ।

उनी (बुद्ध) चेतनालाई मान्दछ र चेतना तथा चेतन एकै हो भन्नामा इन्कार गर्दैन । उनको दर्शनमा यस्तो गुण- गुणीको भेदलाई स्थान छैन । तत्वहरूको वर्गीकरण गरेर उनी उनीहरूलाई पाँचस्कन्धमा विभाजन गर्छन्- रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान, जसलाई बौद्ध परिभाषामा पँचस्कन्ध भन्दछन् । यी पाँचै स्कन्धमा वस्तुत: रूप र विज्ञान मुख्य छन् । बाकि तीन रूप र विज्ञानको भिन्न भिन्न स्थितिहरूको क्रिया हुन् । स्थिति र क्रियामा उनी कुनै अन्तर मान्दैनन् किनभने कुनै यस्तो स्थिति छैन जसमा क्रिया हुँदैन । नाश र उत्पत्तिको चक्कर त कुनै क्षणमा रूक्दैन । रूप भौतिक तत्व हो र विज्ञान चेतना । वास्तविकताका यी दुई रूप हुन् । यी दुई क्षणक्षणमा परिवर्तनशील छन् । वास्तविकता देश-कालमा बगिरहेको नदीको धारा हो, जुन यस्तो नदीहो जसमा दुई छिन एकै जगह अवगाहत गर्न सकिन्न ।

रूप र विज्ञान दुवै क्षणिक सत्ताको वास्तविकता मानेर बुद्धलाई द्वैतवादी भन्न सकिन्छ । परन्तु वस्तुको अन्तस्थलमा जुन रूपमा सूक्ष्म परिवर्तन मानिन्छ त्यसको कारण दुवैको भेद रहँदैन । यसै कारणले पछि बौद्ध दर्शनमा द्वैत र अद्वैतको भेद हुँदै गयो । सर्वास्विवादी दुवैको अस्तित्व मान्दथे । सौतांत्रिक वाह्य पदार्थको अस्तित्वलाई मुख्य मान्दथे । विज्ञानवादी योगाचार अन्तस्तत्व या विज्ञान नै मुख्य तत्व मान्दथे और सुन्यवादी माध्यमिक दुवैको अस्तित्वलाई सापेक्ष मानेर उनको परमार्थ सत्तालाई इन्कार गर्दथे । यो बौद्ध धर्मको पछिको विकाश हो । तर चारै दर्शनका अंकुर बुद्धको विचारसंग मिल्छ ।

मध्यम प्रतिपदा मध्य मार्गमा बुद्धको हमेसा जोर थियो । कर्ममा पनि उनी अतिको रास्ता छोडेर मध्य मार्गलाई स्वीकार गर्थे, शरीरलाई यातना दिएर सुकाउनु उनी उचित मान्दैनथे अनि शरीरलाई नै सबै थोक मानेर यसलाई पूजा गरिराख्नु (सुखमा राख्नु) पनि अनुचित सम्झंथे । उनी जुन तरहले मध्यम मार्गलाई स्वीकार गर्ने प्रवचन दिन्थे उस्तै दर्शनमा पनि मध्यम प्रतिपदा मान्दथे । एकातिर उनी जडवादलाई स्वीकार गर्दैनथे । उनको समयमा भारतमा जडवादी विचारधारा जुन अनुसार जडवस्तुमा महाभूतदेखि भिन्न दोश्रो कुनै वास्तविक वस्तु थिएन । जडवस्तुमै चेतनाको प्रादुर्भाव मान्दथे जस्तो कि शखर या अर्को चीजबाट मद्यरस । अर्कोतिर ब्रह्मवादीहरू थिए जो जडको सत्त्वलाई चेतनभन्दा अद्भूत मान्दथे । एकातिर आत्मवादको मार्ग अर्कोतिर जडवादको । बुद्धले आत्मवादलाई साफसंग इन्कार गरे । अर्कोतिर जडवादलाई पनि स्वीकार गरेन । रूप र विज्ञान भिन्न हुन् र तीनका तीन प्रकारका स्थितिहरू त्यस्तै प्रकारले भेद राख्दछन् । पाँचै स्कन्ध मिलेर विश्वको व्याख्या गर्दछन् । कार्यबाट कारण बिलकुल भिन्न मान्दाखेरी उनका सिद्धान्त अनुसार रूपबाट पनि विलक्षण विज्ञान उत्पन्न हुन सक्छ, तर यो कुरा कहीं पनि स्पष्ट गरेको छैन । यसैले हामीले पनि खिचातानी नगर्नु पऱ्यो ।

उनी उच्छेदवाद अर्थात् शरीरको साथमा जीवनको समाप्ति मान्दैनथे किन्तु यो मान्नुमा विरोध छैन कि जीवन प्रतिक्षण उत्पन्न भएर सर्वथा नष्ट हुन्छ । उच्छेदसंग उनको अभिप्राय जीवन प्रवाह या



Downloaded from http://www.dhamma.digital

सन्तान उच्छेदसंग छ । जीवन एक अविछिन्न रेखा होईन, बल्कि करोडौं विन्दुका समूह हुन् । हरएक विन्दु हरएक क्षणको जीवनको प्रतिनिधि हो । जीवनका हरएक विन्दु हरएक क्षण नष्ट भईरहेको छ तापनि उसबाट प्रवाह उच्छिन्न हुँदैन । एकको ठाउँमा दोश्रा, दोश्राको ठाउँमा तेश्रा आउँछ । यसप्रकारले त्यो प्रवाह जारी नै रहन्छ । यो शरीरमा पनि जीवन-विन्दु-प्रवाह जारी रहेर एक दोश्रोको अति समिप रहेको कारणले जीवनको एकताको भान पर्छ, जस्तो कि विन्दुहरूबाट बनेको रेखा । यहि जीवन प्रवाह यो देहान्त पछि पनि असल खराब कर्म अनुसार जीवन बनिरहन्छ भन्ने कुरा उनी मान्दथे । कर्मको फल दिने अर्को कोही छैन । हरएक मानिसले जस्तो काम गर्छ त्यहि अनुसार उसको जीवन बन्दै जान्छ । र यहि तदनुकूल फल हो । बुद्धको सिद्धान्त हरएक मानव हरक्षण आफ्ना अनन्तकालका अर्जित सुगुण दूर्गुणका मिश्रित समूह हो । यहाँ पनि मध्यम प्रतिपदा नै बुद्धले स्वीकार गरेका छन् । आत्मवादी आत्मालाई मानेर उसले चोला बदलिरहने कुरा गर्दछ र जडवादी मृत्युको साथमा जीवनको समाप्ति मान्दछ । आत्मादलाई नमानिकन बुद्धले जन्मान्तरको संगतिको निमित्त जीवन-बिन्दु-प्रवाहलाई माने उच्छेदलाई मान्न पनि बुद्धले इन्कार गरे ।

बुद्धको दर्शन (प्रज्ञा) ले आफ्नो समयमा बडाबडा गम्भीर विचारकहरूलाई आकृष्ट गरे । उनका प्रधान शिष्य सारिपुत्र और मौद्गल्यायन उस जमानाका गम्भीर विचारकहरू मध्येका थिए, जसले पण्डित ब्राह्मण विचारधाराको पुरा तवरले अवगाहन गरेका थिए । यी दुई शिष्यपछि महाकात्यायन र महाकाश्यप उनका प्रमुख शिष्य थिए । दुबै ब्राह्मण घरमा पैदा भएका ब्राह्मणहरूको विद्यामा निष्णात थिए । यस्ता प्रतिभाशालीहरूलाई बुद्ध आफ्नो दर्शनद्वारा आकृष्ट गर्नमा सफल भए । त्यसपछि पनि अश्वघोष, नागार्जुन, असंग, वसुवन्धु, दिङ्नाग, धर्मकीर्ति जस्ता महान प्रतिभाशालीहरूलाई पनि बुद्धका विचारहरूले सन्तुष्ट गरे और उनी भारतीय दर्शनलाई अघि बढाउनामा सफल भए । यूरोपमा १९ सौंशताब्दीमा उत्पन्न हेगलको दर्शनलाई सबभन्दा अधिक पुष्ट र विकशित मानिन्छ । हेगलको दर्शनको उत्पन्न हुनुभन्दा १३ शताब्दी पहिले भारतीय हेगल धर्मकीर्ति भएका थिए, जसको उत्पन्न गर्नुको श्रेय बुद्धको विचारधारा (दर्शन) लाई छ । धर्मकीर्ति र उनका पूर्वज दिङ्नागले बुद्धको दर्शनलाई स्पष्ट गरेर 'प्रमाण वार्तिक' र 'प्रमाण समुच्चय' लेखे । 'प्रमाण समूच्चय' मूल संस्कृतमा पाईदैन । 'प्रमाण वार्तिक' आफ्नो कैयौं टीकाहरू र भाष्यहरूका साथ तिब्बतसंग मिलेर अव मूल संस्कृतमा छापिसकेको छ । भारतीय दर्शनको चरम विकाशलाई जान्न यसको अध्ययन अनिवार्य छ । यी विचारधाराको बिना अध्ययनले हामीहरू एकांगी निर्णय गरेर बसिरहेका छौं । भनिन्छ कि वेदान्त नै एकमात्र भारतको विचारधाराको प्रतिनिधित्व गर्छ, लेकिन यो गलत हो । वेदान्तको आत्मवादको बिलकूल उल्टा अनात्मवादको दर्शन पनि भारतमै उत्पन्न भयो । कतिले सम्झन्छ, ईश्वरवाद - आस्तिकवाद भारतको आफ्नो चीज हो । लेकिन अनीश्वरवादी बुद्ध ? दिङ्नाग धर्मकीर्ति कहाँबाट आए ? केवल रूढिवादको एकाधिपत्य हाम्रो यहाँ कहिले पनि भएन । रूढिहरुको प्रबल विरोधी पनि यहाँ भईरहेको छ । नालन्दाको महान दार्शनिक धर्मकीर्ति (६०० ई.) भन्दा अधिक रूढिको विरोधीको हुन सक्छ, जसले दुनियामा ढोलक बताएर (डंकेकी चोटसे) भने-

**वेद प्रमाण्य कस्यचित् कतृवाद :**
**स्नाने धर्मेच्छा जातिवाद विलेपः ।**
**संतापारंभ पापहानाय चेति**
**ध्वस्त प्रज्ञानां पंचलिंगानि जाड्ये ॥**

(वेद र ग्रन्थ) को प्रमाणता, कुनै (ईश्वर) को श्रृष्टि (कर्तापन कर्तृवाद स्नान (गर्ने) मा धर्मको ईच्छा राख्नु, जातिवाद (ठूलो सानो जातपात) को घमण्ड र पाप हटाउनलाई शरीरलाई सन्ताप दिनु । (उपवास तथा शारीरिक तपस्या गर्नु) यो पाँच बुद्धि नभएका मानिसहरूको जडता (मूर्खता) को निशाना हुन् ।

*(लेखकको "महामानव बुद्ध" बाट अनुदीत)*

*अनु. - चक्रमान शाक्य, त्रिशूली*

■



Downloaded from http://www.dhamma.digital



बुद्ध गयामा सम्पन्न अन्तर्राष्ट्रिय भिक्षुणी सम्मेलनमा भाग लिनु हुँदै धम्मवती गुरुमाँ ।



अमेरीका स्थित लस एन्जल्समा सम्पन्न भिक्षुणी उपसम्पदा समारोहमा उपसम्पन्न हुनुभएका श्रीलंकाका भिक्षुणीहरूको साथमा धम्मवती गुरुमाँ र अन्य गुरुमाँहरू ।



Downloaded from http://www.dhamma.digital

# धम्मवती गुरुमाँ र गृहिणीहरू

✍ लोचनतारा तुलाधर

धर्मकीर्ति विहारमा हप्तापिच्छे पूर्णिमा, औंशी, अष्टमी, संक्रान्तीका दिनहरूमा हुने गरेको बुद्ध पूजामा अधिकांश रूपमा गृहिणीहरू सामेल हुने गर्दछन् । बुद्धपूजामा सहभागी हुने श्रद्धालुहरू (उपासिकाहरू एवं केही मात्रामा उपासकहरू) शुद्ध मनले बुद्ध, धर्म र संघको गुण अनुस्मरण गरी बुद्ध पूजा गर्छन् र एक चित्तले धम्मवती गुरुमाँको उपदेश सुन्ने गर्छन् । आजकल उमेर र स्वास्थको कारण धम्मवती गुरुमाँ संधै उपदेश दिनु हुन्न, उहाँको निर्देशनमा अन्य गुरुमाँहरू यस काममा लागिरहनु भएको छ । तर धर्मकीर्ति विहार को स्थापनाकाल (वि.सं. २०२२) देखि दुई दशक सम्मत गुरुमाँले निरन्तर रूपमा नै कथा वाचन गर्नु भइरहेकी थिइन् । धम्मवती गुरुमाँको विशेष सम्झना शक्ति र उपदेश दिने विशेष शैलीले सबै श्रोताहरूलाई मुग्ध तुल्याउने गर्छन् । तर केवल सरर् प्रवचन दिने मात्र गुरुमाँको लक्ष्य होइन । श्रोताहरू अर्थात् उपासक उपासिकाहरू बुद्धको उपदेश भित्री मनले बुझोस् र सबै जना शिक्षाकामी होउन् भन्ने गुरुमाँ चाहनु हुन्छ । हुन पनि हो एउटा कानले सुनेर अर्को कानले उडाउने भए महापरोपकारी बुद्धको उपदेशको महत्व नै के रह्यो । समयको सदुपयोग गरी बुद्धको उपदेश सबैले अध्ययन गरुन र सुनेको, पढेको कुरा चिन्तन, मनन गरी व्यवहारमा उतार्न सकोस् भन्ने कुरा गुरुमाँ चाहनु हुन्छ । त्यसैले गुरुमाँले क्रमबद्धरूपमा उपदेश दिई बेला वखतमा सम्बन्धित विषयमा प्रश्नोत्तर गर्नुहुन्छ कहिले काँही जाँच लिनुहुन्छ त कहिले काँही हाजिरी जवाफको कार्यक्रम राख्नु हुन्छ जसले गर्दा सुनेको पढेको कुरा दिमागमा घुसिराखोस् ।

धर्मकीर्ति विहारको स्थापनाकालतिर धेरैजसो उपासिकाहरू अधवैंसे खालका थिए । 'धर्मकीर्ति अध्ययन गोष्ठीको स्थापना (वि.सं. २०२८) पछि मात्र धेरै युवा युवतीहरू विहारतिर लागेका थिए । ती अधवैंसे उपासिकाहरू सबै जसो गृहिणीहरू नै थिए भने धेरै जसो एस.एल.सी. पास गरेका या त्यति पनि नपुगेका थिए भने कोही त लेख, पढ नै गर्न नजानेका थिए । लेख, पढ गर्न नजानेका पनि साक्षर होउन् र केही सिकोस् भनी गुरुमाँ प्रौढ शिक्षाको आयोजना गर्नुभयो । जसमा विहारका अन्य गुरुमाँहरूले पनि ठूलो योगदान पुऱ्याउनु भयो । उक्त प्रौढ कक्षाबाट धेरै महिलाहरू लाभान्वित भए र केही बुद्धधर्म सम्बन्धी पुस्तकहरू पढ्न सक्षम भए । त्यसताका पुस्तक पढ्न सक्ने तर लेख्न सक्षम नहुनेहरूले मौखिक रूपमा जाँच दिने गर्थे । यसरी भान्सा र घर सफाईमा मात्र अल्झिरहेका गृहिणीहरूलाई गुरुमाँले शिक्षाको नयाँ बाटो देखाई दिईन् । एक-दुई गरी एउटै परिवारका विभिन्न व्यक्तिहरू विहारका विभिन्न कृयाकलापमा संलग्न हुनपुगे । घरको कामको फुर्सदमा अर्काको कुरा काटी समय खेर फाल्ने बानी छाडी अध्ययनमा समय दिन सिके ।

गुरुमाँको अर्को एउटा विशेषता के छ भने आफूले पढाएको विषयको जाँच अथवा प्रश्नोत्तरमा पास हुनेलाई पुरस्कारको व्यवस्था गर्ने । आफूले पढाएको विषयमा बढी से बढी श्रद्धालुहरूले शिक्षाको उपयोग गरुन् भन्ने धारणाले गुरुमाँ यसरी प्रोत्साहन दिनु हुन्छ । यसरी गृहिणीहरू घरमा आफ्नो घर-धन्दाबाट फुर्सत निकाली पाठ घोकी-घोकी कण्ठ पारी विहारमा जाँच दिन जान खूब प्रयास गर्छन् । अनि पास भयो भनी आफूले पाएको प्राइज घरमा छोरा छोरी तथा श्रीमान्लाई देखाई गर्व गर्दछन् । पहिला पहिला त बुद्धपूजामा कथा भन्न सकिएपछि सम्बन्धित विषयमा ४ या ५ प्रश्न राखिन्थ्यो र अर्को पटक बुद्धपूजामा सो प्रश्नको सही उत्तर भन्न सकिनेले प्राइज पाउँथ्यो । त्यस्तो पुरस्कारमा बुद्धको तस्वीर, किताबहरू आदि हुन्थे । पछि गएर धम्मपद, अभिधम्म, परित्राण सूत्रहरू आदिको जाँचको आयोजना भयो । क्लास लिने (पढाउने), जाँच लिने बेलामा अरू गुरुमाँहरू पनि सहभागी हुनुहुन्छ । यसरी प्रौढहरू बीच हाजिरी जवाफको पनि आयोजना हुँदैगयो । हाजिरी जवाफ प्रतियोगितामा चार समूह हुन्थे जसमा ३ समूह उपासिकाहरू र १ समूह उपासकहरू हुन्थे । यसमा पनि हाजिरी जवाफमा भाग लिने सबै समूहका व्यक्तिहरूले नै पुरस्कार पाउँथे । यसरी उपासिकाहरूको समूहमा लुकिराखेको प्रतिभाको प्रदर्शन हुँदैगयो । घरको काम बाहेक अध्ययनमा पनि उनीहरूको दिमाग तेजी छ भन्ने



Downloaded from http://www.dhamma.digital

कुरा उपरोक्त कुराबाट थाहा हुन आयो । पोहर साल (२०५५ ज्येष्ठ) मा धम्मवती गुरुमाँले गुरुमाँद्वारा नै सम्पादित अभिधर्म भाग १ र भाग २ पुस्तकको नौवटा कण्ड सहितको एक महिने कक्षा संचालन गर्नु भएको थियो । सो कक्षामा अधिकांश रूपमा गृहिणीहरू नै थिए । एक महिने कक्षा सकिएपछि लिखित रूपमा पहिलो पत्र र द्वितीय पत्र गरी दुई चोटी जाँचको आयोजना भयो । विद्यार्थी मध्ये ३४ जवान परीक्षामा उत्तीर्ण भए । ३४ जवान उत्तीर्ण परीक्षार्थी मध्ये ३ जना पुरुष थिए भने युवतीहरू पनि कमै थिए यसरी यहाँ पनि गृहिणीहरूले चासो देखाएको देखिन आउँछ । अर्को स्मरणीय कुरा यो छ कि गुरुमाँले परीक्षामा पास हुने सबै परीक्षार्थीहरूलाई आफ्नो निजी खर्चले समान रूपमा आफ्नै हातले पुरस्कार वितरण गर्नुभयो । पुरस्कारमा कापी, कलम, पुस्तक, साबुन, रूमाल, टूथपेष्ट-टूथब्रस आदि थिए । यो घटना त एउटा उदाहण मात्र हो । विगत कालमा गुरुमाँद्वारा यस्ता कक्षा संचालन र जाँचको आयोजना र पुरस्कार वितवरण त कति भए कति ।

यसरी शिक्षाप्रेमी धम्मवती गुरुमाँले घर संसारको चक्रमा घुमिरहेका गृहिणीहरूको दिमागलाई नयाँ मोडमा ल्याएर देखाउनु भयो । स्कूल, कलेजमा गई शिक्षा आर्जन गर्न नसकेका महिलाहरू (उपासिकाहरू) आज गुरुमाँप्रति भित्री हृदयदेखि कृतज्ञ छन् । अन्तमा स्त्री शिक्षा प्रति गुरुमाँको भनाई उद्धृत गर्नु उपयुक्त ठान्दछु–

"पढ्न सकेमा, बुद्धीमती हुन सकेमा स्त्री पनि विद्वान र पण्डित हुन्छ । छोरा छोरीलाई राम्रो शिक्षा दिनैपर्छ । केवल कलम घुमाउनु मात्र शिक्षा होइन । व्यवसाय सिक्नु, बोल्ने तरीका सिक्नु, विहारमा गएर धर्म के हो बुझ्नु, सत्संगत गर्नु छलफल गर्नु यी सबै सुखमय जीवनको लागि प्रयत्न हो शिक्षा हो"

(साभार: धम्मवती गुरुमाँद्वारा लिखित पुस्तक 'लक्ष्मी')

■


नारी पुरुष समानताका पक्षपाती
नारी शिक्षाको लागि अग्रणी
एक कुशल पथ प्रदर्शिका
अनुपमीय धर्म देशिका

Dhamma.Digital

**आदरणीय भिक्षुणी धम्मवतीको**
**५० औं प्रव्रज्या दिवसको उपलक्ष्यमा उहाँको**
**सुस्वास्थ्य तथा दीर्घायुको**
**कामना गर्दछौं ।**

**मुन्चा हाउस**
न्यू रोड, काठमाडौं ।
फोन नं. २२४२१३, २२१४७०




Downloaded from http://www.dhamma.digital



**लुम्बिनी स्थित गौतमी विहारको उद्घाटन कार्यक्रममा बर्माका ध्यानगुरु सयादो उ पंडिताभिवंश प्रमुख अन्य उपासक उपासिकाहरूका साथमा धम्मवती गुरुमाँ ।**




**जापानमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी भाग लिनु हुँदै धम्मवती गुरुमाँ ।**


Downloaded from http://www.dhamma.digital



बनेपा स्थित ध्यान कुटी विहारमा ऋषिनी प्रव्रजित भएका धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका परिवारका साथ दो. गुणवती गुरुमाँ ।




बुद्धगयामा सम्पन्न अन्तर्राष्ट्रिय भिक्षुणी सम्मेलनमा भाग लिनु हुँदै दोगुणवती गुरुमाँ र धम्मवती गुरुमाँ सहित अन्य सहभागीहरू ।

Downloaded from http://www.dhamma.digital

# बुद्धत्व प्राप्ति र निर्वाण

✍ भिक्षु धर्मरत्न एम.ए.

चन्द्रमा वर्षको बाऱ्हपटक पूर्णरूपमा हाम्रो समक्ष प्रकट हुन्छ । प्रत्येक पूर्णिमाको कला एकै हुन्छ । तैपनि बैशाख पूर्णिमा अधिकपूर्ण र उसको किरण अधिक उज्ज्वल तथा शीतल प्रतीत हुन्छ, रमाईलो लाग्छ । अनुमान हुन्छ कि चन्द्रमा सालभर विकशित हुँदा हुँदा आज पूर्ण अवस्थामा पुगेको छ । यति मात्र होईन, आज फूलहरूमा एउटा नया शोभा थपिए जस्तो लाग्छ । मन्द मारूतको सेवनबाट उन्मत्त पंछिहरूको गीतमा एक नयाँ स्वर र नदीनालाको लहरमा नयाँ ध्वनि पनि पैदा भए जस्तो लाग्छ । संक्षिप्तमा भन्ने हो भने सारा पशुपंछि जगतमा आज नयाँ प्राण आएको छ ।

के यो वास्तविक घटनाचक्रको सम्बन्ध नभएको हाम्रो एक कल्पना मात्र हो ? होईन, यसको सम्बन्ध संसारको इतिहाससित छ र मानवजीवनसित छ । आजको दिन कतिपय पुण्यस्मृतिद्वारा पुनीत भएको छ । यस पुण्य तिथिमा भगवान बुद्धका जीवन सम्बन्धी तीन मुख्य घटनाहरू घटेका थिए: उहाँको जन्म, बुद्धत्वलाभ तथा महापरिनिर्वाण (मृत्यु) ।

यस पूर्णिमाको दिन हिमालय प्रदेश नेपालको लुम्बिनी उद्यानमा सिद्धार्थको जन्म भएको थियो । वाल्यावस्थामा विधिपूर्वक वहाँको शिक्षा दीक्षा भएको थियो । फेरि युवावस्थामा कुमारी यशोधरासंग वहाँको विवाह भएको थियो । तर विलासमय जीवनमा वहाँलाई आनन्द आएन । रातदिन जीवनरूपी जटिल समस्यालाई हल गर्नमा वहाँ संलग्न हुनुभयो । तर संसारको झंजटमा बसेर यस काममा सफलता पाउने आशा देखिएको थिएन । त्यसैले २९ वर्षको भद्रयौवनमा राज्य वैभवलाई त्याग गरेर सत्य पत्ता लगाउनुको निम्ति दरवारबाट निस्केर जानुभयो । केही समयसम्म तत्कालिन सुप्रसिद्ध दार्शनिकहरूको सतसंगत गर्नुभयो । गौतमलाई वहाँहरूको ज्ञानबाट सन्तोष भएन । अन्तमा वहाँले ६ वर्षसम्म उरुबेलामा घोर कष्टदायक तपस्या गर्नुभयो । तैपनि उहाँले सत्यको कुनै लक्षण फेला पार्नु भएन । त्यसैले उहाँले तपस्या मार्गलाई पनि छोड्नु भयो र अनि मध्यम मार्गमा हिड्नु भयो ।

यसै बैशाख पूर्णिमाको दिनमा गौतम बुद्धगयामा पुगेर त्यस बोधिवृक्ष मुनि बस्नुभयो । त्यहाँ उहाँले दृढ प्रतिज्ञा गर्नुभयो, "चाहे मेरो रक्त र मासु सुकेर हाड मात्र किन शेष नहोस् किन्तु सम्यक सम्बोधिलाई प्राप्त नगरि कन यस आशनबाट अन्त जान्न ।"

सुगन्धित मन्द मारूतबाट आन्दोलित बृक्ष शाखाहरुमा बसेर चराहरू प्रातः गीत गाईरहेका थिए । चीर संगित नदी नेरंजरा आफ्नो धाराप्रवाहलाई तीनगुणा बढाएर बगीरहेकी थिईन्, मानो आफ्नो कोही हित चिन्तकको आँशु देखेर आनन्द मनाईरहेकी थिईन् । आकाशमा अरूणोदय भैरहेको थियो । अर्कोतिर चन्द्रमा अस्त भैरहेको थियो भने अर्कोतिर सूर्यको उदय, सूर्यको शैली किरणहरू चारैतिर फैलिरहेको थियो । गौतमले भन्नुभयो -

**अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं,**
**गहकारकं गवेसन्तो दुक्खाजाति पुनप्पुनं,**
**गहाकारक दिट्ठोसि पुनगेहं नकाहसि,**
**सब्बा ते फासुका भग्गा गहकूटं विसंङ्खितं**
**विसंकार गतं चित्तं तण्हानं खय मज्झगा ।**

अर्थात्: अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दा मेरो हरएक जन्म दु:खमय भएर बित्यो । हे गृहकारक ! अब मैले तँलाई देखिसकें, फेरि तैले गृहस्थी बनाउन सक्ने छैनस् । तेरो घर बनाउने काठपात जम्मै मैले भाँचि दिईसकें, संसाररूपी गृहको धूरीसमान संस्कारहरू पनि ध्वस्त भईसक्यो । मेरो चित्त संस्कार र हित भै तृष्णाको विनाश भैसक्यो ।

सूर्योदयको साथसाथै उन महापुरुषलाई ज्ञानोदय (बुद्धत्व लाभ) भयो । एक तरफ रातको अन्धकार नाश भैरहेको थियो अर्कोतिर अविद्याको नाश । जीवन समस्याको निराकरण भयो । भवसागरमा दुविरहेका असहाय प्राणीहरूलाई चीरकाल गवेषित त्यो क्षेमभूमि प्राप्तभयो । गौतमलाई बुद्धत्व लाभ भयो ।

केही दिन एकान्तवास पछि बुद्ध, लोकसेवाको लागि निस्कनु भयो । गाउँ गाउँ नगर नगर घुमेर वहाँले ४५ वर्ष तक लोकसेवा गर्नुभयो । अन्तमा त्यो अनिवार्य मुहूर्त आयो । आफ्नो उपस्थापक भिक्षु आनन्दसंग भगवान बुद्ध अन्तिम चारिकाबाट फर्कदै हुनुहुन्थ्यो, बाटोमा गौतम बुद्ध अस्वस्थ हुनुभयो । वहाँ भगवान अन्तिम शय्यामा लेट्नु भयो र उहाँको मुखबाट यी अन्तिम बाक्यहरू निस्के, - "हन्ददानि भिक्खवे आमन्तयामि वो: वय धम्मा संखारा अप्पमादेन सम्पादेथ ।" भिक्षु ! सबै संस्कार नाशवान हुन्, त्यसैले अप्रमादको साथ आफ्नो लक्षको सम्पादन गर ।

यसप्रकार त्यो बुद्ध प्रदीप यसै पूर्णिमाको दिन सदाको लागि यस संसारबाट निभेर गयो ।

आज संसारका करौडौं मनुष्य यस महान व्यक्तिको प्रति आफ्नो श्रद्धाञ्जलि अर्पित गर्दैछन् र मानो पूर्ण चन्द्र पनि उन तीनै मांगलिक घटनाहरूलाई दर्शन गर्ना निमित्त आफ्नो ज्योति फैलाउँदै भन्दछ- बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि ।

■



Downloaded from http://www.dhamma.digital



धम्मवती गुरुमाँलाई
बुद्ध शिक्षा अध्ययन गराउन
बर्मा पुऱ्याउनु हुने बर्मी
भिक्षु धम्मावुध



प्राथमिक उपचार तालिम दिंदै तारा दिदीसँगै
निरीक्षण गर्दै धम्मवती गुरुमाँ



बर्मी सरकारको तर्फबाट धम्मवती गुरुमाँलाई
सासनधज धम्माचरिय उपाधि प्रदान गरिंदा
उपहारको साथमा धम्मवती गुरुमाँ ।



दो. गुणवती गुरुमाँ, ध्यानकुटी विहार बनेपामा
ऋषिनी प्रव्रज्या भएका अध्ययन गोष्ठीका
सदस्यहरूका साथमा ।



Downloaded from http://www.dhamma.digital

# उहाँ कहिल्यै थाक्नु भएन

✍ नेक्खम्मवती तुलाधर

यहाँ मैले जुन व्यक्तित्वको कुरा गर्न लागीरहेछु उहाँ अरू कोही होइन, हाम्री अति आदरणीय गुरुआमा धम्मवती गरुमाँ नै हुन् । उहाँको आजसम्मको जविन काल बुद्ध धर्मको उत्थान गर्ने, प्रचार गर्ने अझ भनौं हामी नेपाली मात्रलाई धर्मको अमृत रस पिलाउन नै ब्यतीत भइरहेको हामी प्रत्यक्ष देखीरहेका छौं । लेख्ने कुरा त धेरै नै छ उहाँको बारेमा। यहाँ भने मलाई उहाँले थेरवादी बौद्ध विहारहरू निर्माण गर्ने क्षेत्रमा योगदान दिनुभएको विषयमा गहिरिएर लेख्न मन लाग्यो ।

वि.सं. २०२० सालमा बर्माबाट अध्ययन पुरा गरेर आउनु भएपछि बस्ने ठाउँ नपाएकोले उहाँका आफ्नै पिता हर्षमान शाक्य र माता हेराथुवुं सहित अन्य श्रद्धालु उपासक उपासिकाहरूको सहयोगमा सर्वप्रथम २०२२ सालमा काठमाडौंमा धर्मकीर्ति विहारको निर्माण गर्नुभयो । त्यो बेला धम्मवती गुरुमाँले आफैंले ज्यामी भएर पनि काम गर्नु भएको थियो। त्यो बेलामा धर्मकीर्ति विहारको बनावट अहिलेको जस्तो थिएन। अहिले भन्दा धेरै सानो थियो। पछिबाट गुरुमाँका विभिन्न दाताहरूको सहयोगबाट तल्ला र कोठाहरू थपिंदै गयो र आजको स्थितिमा आयो । धर्मकीर्ति विहारलाई धेरै पटक ठाउँ ठाउँमा भत्काइयो र पुन: निर्माण गरियो। सँधै नै निर्माण सम्बन्धी रेखदेखको काम धम्मवती गुरुमाँले आफैंले गर्नुहुन्थ्यो ।

वि.सं. २०३० सालमा बनेपामा स्थापना भएको ध्यानकुटी विहारको कार्यमा धम्मवती गुरुमाँको महत्वपूर्ण भूमिका रहेको छ । उक्त विहार निर्माणको लागि दाताहरूबाट चन्दा बटुल्ने काममा सक्रिय हुनुभयो । साथै निर्माण कार्यको रखेदेखमा मद्दत गर्नुभयो । वि.सं. २०३५ सालमा बनेपामा ध्यानकुटी विहारकै पछाडि पट्टि दुई तल्ले विहार बनाउनु भयो । उक्त विहार निर्माणको लागि भएको खर्च जम्मे गुरुमाँले आफूलाई दान स्वरूप प्राप्त भएकै पैसाबाट बेहोर्नु भएको थियो । धेरै समयसम्म त्यो विहार ध्यानकुटी विहारमा ध्यान शिविरहरू संचालन हुँदा साधकहरू बस्न पनि प्रयोग गरियो । हाल २०५० सालदेखि धम्मवती गुरुमाँकै स्वइच्छा स्वरूप त्यो विहार पुरै भत्काएर अहिले बौद्ध वृद्धाश्रम निर्माणको लागि सुम्पियो । बनेपामा बौद्ध बृद्धाश्रम निर्माणको कार्यमा पनि चन्दा उठाउने र अन्य आवश्यक कामकाजमा उहाँ उतिकै सक्रिय रहनुभयो ।

धम्मवती गुरुमाँले धर्मकीर्ति विहारमा हप्ताको एकदिन हुने बुद्धपूजाको कार्यक्रममा २०३० देखि २०३६ सम्म पुरै छ: (६) वर्ष बिताएर ५५५ वटा जातक कथाको उपदेश दिनुभएको थियो । छ: वर्षसम्म जातक कथा सुनाउने कार्य सुसम्पन्न भएको उपलक्ष्यमा काठमाडौंको बसुन्धरा डोलमा धर्मकीर्ति विहार, बसुन्धरा डोल शाखाको नाउँमा विहार निर्माण गर्नुभयो । उक्त विहारको निर्माण वि.सं. २०३८ सालमा सुम्पन्न भएकोमा पछि विस्तार गरिंदै लगेर आज १० वटा कोठा भएको ठूलै विहारको निर्माण भइसक्यो। उक्त विहारको निर्माणमा मन्दिरको निर्माणको लागि श्रद्धालु उपासक उपासिकाहरू चन्दा उठाई खर्च व्यहोरिएको थियो भने बाँकी कोठाहरूले निर्माणको लागि धम्मवती गुरुमाँले आफूलाई दान स्वरूप प्राप्त भएकै पैसा खर्च गर्नुभयो । विहार उद्घाटन भएको दिनदेखि महिनाको एकचोटी तृतीयाको दिनमा यहाँ बुद्धपूजा, धर्म उपदेश र दान प्रदानको कार्यक्रम अटुट रूपमा भइरहेको छ ।

वि.सं. २०३५ सालतिर अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमोलको निर्माण कार्यमा पनि शुरूको कामहरू धम्मवती गुरुमाँकै प्रयासमा भएको हो । उक्त भावना केन्द्रको स्थापना कालमा स्व. भिक्षु सुमंगल र धम्मवती गुरुमाँको सक्रिय भूमिका रहेको छ । चन्दा उठाउने र निर्माण सम्बन्धी काममा धम्मवती गुरूमाँ सक्रिय हुनुभयो ।

हालै धम्मवती गुरुमाँको सक्रिय नेतृत्व र प्रयास स्वरूप लुम्बिनीमा "अन्तर्राष्ट्रिय भिक्षुणी संघ" International Nuns Association को विहार एवं भवन खडा छ। लुम्बिनी क्षेत्रमा नेपाल सरकारको नीति स्वरूप आज विभिन्न बौद्ध देशहरूबाट ठूल-ठूला मन्दिर, विहार, आवास गृह, होटेल इत्यादि निर्माण भइरहेको छ। नेपालकै बौद्धहरूको श्रद्धा र प्रयास स्वरूप



Downloaded from http://www.dhamma.digital

नेपालीहरूको मन्दिर पनि त्यहाँ बनीरहेको छ। तर दुःख लाग्दो कुरा उक्त मन्दिरको निर्माण कार्य हाल स्थगित नै छ भने पनि हुन्छ। विदेशीहरूले त्यत्रो भव्य विहार-हरूको निर्माण गरिरहेको छ। तर बुद्ध जन्मनु भएको देश नेपालकै नेपालीहरूले भने बनाउन सकिरहेको छैन। यो तथ्यबाट धम्मवती गुरुमाँलाई दुःख लाग्यो। किन नेपालीहरूले पनि लुम्बिनी जाँदा आफ्नो भन्ने देख्नको लागि र आफू बस्नको लागि एउटा ठाउँको निर्माण नगरूँ भन्ने उहाँलाई लाग्यो। त्यसैको फलस्वरूप उहाँ अघि सर्नुभयो र लुम्बिनीमा अर्कै ठाउँमा ८० वर्ग मि. जग्गा लिएर यस केन्द्रको निर्माण कार्यमा लाग्नु भयो। वि.सं. २०५१ साल फागुण महिनामा शुरू गरिएको यस केन्द्रको निर्माण अहिले करीब करीब पुरा भएको छ। त्यहाँ २२ कोठा भएको आवासीय भवन, मन्दिर तथा ठूलो हलको निर्माण भएको छ। काठमाडौंमा बास बस्ने धम्मवती गुरुमाँले लुम्बिनीसम्म पुगेर त्यत्रो ठूलो विहार तथा भवन बनाउनमा जुट्नुभयो। धम्मवती गुरूमाँ एउटी महिला भएर पनि कति उत्साह र परिश्रम गर्नुभयो सोच्दा पनि उहाँको प्रति हाम्रो शीर श्रद्धाले झुक्दछ। लुम्बिनीमा विहार निर्माणको लागि धम्मवती गुरुमाँ कति पटक लुम्बिनी जानुभयो यसको गणना नै छैन। जाँदाखेरी काम हेरि-हेरि १ हप्ता वा २/३ हप्तासम्म पनि बस्नु हुन्छ। आज गएर भोलि नै फर्कनु भएको पनि छ। राती १:००/२:०० बजेसम्म पनि काठमाडौं आइपुग्नु भएको छ। जस्तोसुकै गर्मी महिना होस् उहाँले ख्याल गर्नुभएन। काम परेपछि गइहाल्नु हुन्छ। आफ्नो शरीरले पाउने दुःख कष्टको उहाँलाई परवाह छैन। एकताका ज्येष्ठ-असार महिनाको तीव्र गर्मीमा गुरुमाँले लुम्बिनीमा काम गरिरहनु भएको हेर्न नसकेर अनगारिका सुजाताले "गुरुमा, काठमाडौं फर्कनुस्, म यहाँ बसीदिन्छु" भनेर आग्रह गर्नुभयो। यहाँनिर धम्मवती गुरुमाँको तपस्याको अन्दाज लगाउँ।

हालसालै धर्मकीर्ति विहारको शाखाको रूपमा कीर्तिपुर चोभारमा सुलक्षण कीर्ति विहारको निर्माण भइर हेको छ। उक्त विहार निर्माणको सम्पूर्ण काम आफ्नी शिष्या अनगारिका अनोजालाई सुम्पिनु भयो र धम्मवती गुरुमाँ चाहिँदो निर्देशन दिनुभयो। त्यस विहार निर्माणको सम्पूर्ण अभिभारा लिनु भएकी अनगारिका अनोजाले धम्मवती गुरुमाँले सबै काममा आफूले हेरेर गर्नुभनेर स्वतन्त्रता दिनुभएको कुरा खुशीले व्यक्त गर्नुभएको छ।

धम्मवती गुरुमाँले एउटी महिला भएर पनि यतिका विहारहरू निर्माण गर्नुभयो कुनै ख्याल ठट्टाको कुरा होइन। कैयौं मेहनत, परिश्रम र दुःख भोग्नु पर्छ निर्माण कार्यमा। एक त पैसाको नपुग हुन्छ, अर्को अति नै गर्‍हौं काम हो निर्माण भनेको। घर बनाउने काम कति गाह्रो हुन्छ भन्ने अनुभव गर्नेलाई थाहा हुन्छ। नेवारहरूको एउटा भनाई पनि छ– "एउटा घर नबनाएको पुरुष र एउटा बच्चा नजन्माएकी महिलालाई दुःख के हो भन्ने थाहा हुँदैन।" पुरुषको लागि घर बनाउन अति गाह्रो काम हो। जसरी महिलालाई बच्चा जन्माउन। यो कुनै बकवासको कुरा होइन मानिसहरूको आफ्नै अनुभवको कुरा हो। निर्माण सम्बन्धी काम गर्ने मानिसहरूले सहजै अन्दाज लगाउन सक्ने छ गुरुमाँले कतिको मेहनत र परिश्रम गर्नुभयो होला भनेर। तर धम्मवती गुरुमाँले गाह्रो मान्नु भएन, थकाई मार्नु भएन। बुद्ध धर्म उत्थानको लागि आफ्नो जीवन अर्पण गर्नु भएकी धम्मवती गुरुमाँलाई किन होस् र गाह्रोपनको महसूस, थकाइको महसूस।

धम्मवती गूरुमाँलाई वि.सं. २०२० सालमा बर्माबाट फर्कनु भए देखि साथ निभाउनु भएकी हाम्री अर्की आदरणीय गुरुमाँ माँ गुणवती गुरुमाँले सँधै भनीर हनु हुन्छ– "धम्मवती गुरुमाँले कपाल दुःखेको समयमा बाहेक अरू सबै समयमा बुद्ध धर्म प्रचारको लागि दौडनु भएको मैले देखीरहेको छु।" स्मरणीय छ, कपाल दुःख्ने धम्मवती गुरुमाँको पुरानो निको नभएको रोग हो। तर आफ्नो रोगको परवाह गर्नु हुन्न धम्मवती गुरुमाँ। उहाँलाई परवाह छ त मात्र लोक कल्याणको, बुद्ध शासन उत्थानको। उहाँ आज ६४ वर्षीया हुनुहुन्छ। आज पनि उहाँले जुन शारीरिक क्षमतामा एकदम व्यस्त भएर काम गरीरहनु भएको छ त्यो अहिलेको उहाँको उमेरलाई सुहाउँदैन। उहाँको जोश र जाँगर उस्तै छ। शारीरिक रूपमा आफूलाई गाह्रो होला भन्ने चासो नै लिनु हुन्न उहाँ। फुर्सतसँग कहिल्यै बस्नु हुन्न। जहिले पनि केही गरूँ नै भन्ने उत्साह र जाँगर आज पनि उहाँको मनमा विगत ३६ वर्ष यतादेखि जस्ताको तस्तै छ। सजिलैसँग भनुँ भने उहाँ कहिल्यै थाक्नु भएन। ■



Downloaded from http://www.dhamma.digital



बर्मी गुरुमाँ दो. पञ्ञाचारीको निर्देशनमा संचालित ध्यान कार्यक्रममा ध्यान गरिरहनु भएका गुरुमाँहरू र उपासक उपासिकाहरू



ध्यान भावना गर्दै विहारका उपासक उपासिकाहरू



Downloaded from http://www.dhamma.digital



प्रौढ उपासक उपासिकाहरू हाजिरी जवाफमा भागलिँदै ।



दशदिनको लागि ऋषिनी प्रव्रजित हुनु भएकाहरू
बीचमा गुणवती गुरुमाँ ।



Downloaded from http://www.dhamma.digital

( बौद्ध एकाँकी )

# दोषी बुद्ध

✍ प्रकाश बज्राचार्य

स्थान - जेतवन, श्रावस्ती

समय - सन्ध्याकाल

अपार जनसमूह शान्त र निश्चल भएर बसिरहेका छन् । एकापट्टी तेजस्वी, निर्मल र निश्चल अनुहार भएका बुद्ध धर्माशनमा बस्नुभई उपदेश दिइराख्नु भएको छ ।

बुद्ध- अहो ! कस्तो भयंकर आगो बलिरहेछ । सबै बलिरहेछन् । आँखा जलिरहेको छ, रूप जलिरहेको छ । आँखा र रूपबाट उत्पन्न विज्ञान जलिरहेको छ । यी सबै कस्तो खालको आगोमा जल्दैछन् ? रागको आगोमा, द्वेषको आगोमा र मोहको आगोमा यी सबै जल्दैछन् । जन्म, बुढापा, मृत्यु, शोक, परिदेव (रोदन), दु:ख, दौर्मनस्य (मानसिक दु:ख) आदि कारणहरूले गर्दा सबै जल्दैछन् ... ... ।

*(सबै ध्यान दिई मन्त्र मुग्ध भएर सुनिरहन्छन्) ... ... हेर यो आशक्ति हो । यसमा सुख नगण्य छ; दु:ख धेरै छ । होशियार ! यो माछा फसाँउने बल्छी हो ।*

अकस्मात एक अति लावण्यवती सुन्दरी उपासिकाहरूको माझबाट उठछिन् ।

सुन्दरी- (चिच्याउँदै) यो कस्तो चाल हो तपाईको ? (बुद्धतिर हेर्दै) तपाई यहाँ बसेर धर्मको उपदेश दिनु हुन्छ । सीधासाधा जनतालाई आफ्नो मधुर बोलि र रमाईलो भाषाले भाषण दिएर अलमल्याउनु हुन्छ । तर मेरो, तपाईको आफ्नो धर्मपत्नीको पटक्कै याद छैन तपाईलाई ?

*(सबै स्तम्भित हुन्छन् । कोही बुद्धलाई, कोही सुन्दरीलाई तोल्याई रहन्छन्)*

एक उपासक- "(उठेर सुन्दरीतिर हेरी) उपासिका ! होस् गरी कुरा गर्नुहोस् । उहाँ महात्मा बुद्ध हुनुहुन्छ । उहाँको धर्मसभामा बिचारै नगरी यसो उसो कुरा भूलैले पनि नगर्नू ।"

सुन्दरी- (उपासकलाई औंठे जवाफ दिदै) महात्मा बुद्ध होला तपाईहरूको लागि । मेरो लागि त उहाँ मेरो पति हुनुहुन्छ । (बुद्धतिर हेरी) ल, के त्वाल्ल हेरिराख्नु भएको ? आफ्नो मधुर आवाजमा सबैको अगाडि घोषणा गरिदिनु होस् कि म तपाईकी स्वास्नी हुँ, म तपाईको बच्चाको आमा बन्ने वाला छु ।"

*(सबै चुप लागिराख्छन्)*

मैले तपाईको गर्भ बोकेको नौ महिना भैसक्यो । अवत सुत्केरी हुने बेला पनि भैसक्यो । तपाई चाहिं खालि उपदेश मात्रै दिईराख्नु होस् । खोई मलाई सुत्केरी कोठाको बन्दोवस्त गर्नु भएको ? घ्यु, तेलको प्रबन्ध भयो कि भएन ?"

*(बुद्ध चूप । सबै आश्चर्यित भई त्वाल्ल परी राख्छन्)*

किन नवोल्नु भएको नि तपाईले ? आज यहाँ कोशल राजा, अनाथपिण्डिक, विशाखा भएकोले लाज लाग्यो कि क्याहो तपाईलाई ? स्वास्नी बनाए पछि बच्चा हुन्छ भन्ने थाहा छैन तपाईलाई ? कस्तो सर्वज्ञ तपाई ? लौ, मलाई यसो उसो थाहा छैन, तपाईको बच्चा जन्माउनको लागि आवश्यक बन्दोबस्त मिलाई दिनुपर्‍यो ।

बुद्ध- (शान्त स्वरमा) बहिनी ! ... ... ।

सुन्दरी- (मुख बिगारी हात नचाउँदै) ओहो ! अब म बहिनी भएं तपाईको लागि, राति राति चाहिं, "मेरी प्यारी चिंचा" भनि माया गर्नुहुन्थ्यो, अब सबैको अगाडि चाहिं बहिनी रे ! कस्तो लाज नभएको नकचरो मान्छे हेर्नुस् न ।"

बुद्ध- "(शान्त गम्भीर स्वरमा) बहिनी ! यो कुरा सत्य हो वा झूठो हो भन्ने कि तिमीलाई थाहा छ, कि मलाई थाहा छ ।"

सुन्दरी- "हो, हो, अरु कसलाई थाहा होला र ? तपाई र मेरो विचको सम्बन्ध अरु कसलाई थाहा होला र ? (कोशल राजातर्फ फर्की) हे राजन ! तपाईको राज्यमा सबैले न्याय पाएका छन् । मलाई पनि न्याय दिलाई दिनु पर्‍यो । तपाईंले ।"



Downloaded from http://www.dhamma.digital

कोशलराजा- (बुद्धतिर हेरी) "तथागत ! आज लाग्छ मलाई मेरो कानले धोका दिई राखेको छ । आफैमा विश्वास हराउँदै छ मेरो । मलाई यस मिथ्या धारणाबाट मुक्त गरिदिनु होस् ।"

बुद्ध- (नरम स्वरमा) " हे राजन ! जसरी महान पर्वतलाई बतासले हल्लाउन सकिदैन, बुद्धिमानहरू त्यसरी निन्दाबाट विचलित हुँदैन ।"

सुन्दरी- (सबैतिर फर्की) "सुन्नु भो, सुन्नु भो, तपाईहरूले तथाकथित तथागतको कुरा । स्वास्नी बनाउनु हुन्छ तर स्वीकार्नु हुन्न । उहाँ गर्भित बनाउनु हुन्छ तर बच्चा जन्माउनु चाहानु हुन्न । यो कहाँसम्मको न्याय हो ? तपाईहरू धर्मप्रेमी हुनुहुन्छ भने मलाई न्याय दिलाई दिनुपर्‍यो तपाईहरूले ।"

*(उपासकको भेषमा आएको एकजना तीर्थंकर उठ्छन्)*

तीर्थंकर- धर्ममित्रहरू ! मलाई पनि लाग्छ कि चिंचामाणविकाले सत्य कुरा बोलिरहेकी छन् । तिनको फुलेको फुलेको पेट हेर, के यसले स्पष्टसंग तिनको कुरालाई टेवा दिईरहेको छैन ?

दोश्रो उपासक- (उठेर) साथी हो ! मलाई पनि लाग्छ कि यस कुरामा सत्यता छ । म झूठो बोल्दिन म यस विहारमा आईरहेको तीन वर्ष भैसक्यो । गत बर्षदेखि मैले यो देख्दै आएको छु कि हामी विहान सबेरै विहारमा आउँदा चिंचामाणविका यहाँबाट फर्किरहेको भेटिन्थ्यो । बेलुका विहारबाट हामी फर्कंदा चिंचा विहारतिर आईरहेकी हुन्थिन् । त्यसैले मलाई लाग्छ कि यसमा दोषी बुद्ध नै हो ।

तेश्रो उपासक- मेरो विचारमा पनि बुद्ध नै दोषी छ । कारण मैले पनि चिंचालाई बराबर राति यहाँ विहार तर्फ आउने गरेकी देख्दै आएको छु । एकपल्ट उनीसंग मैले सोधें पनि । तिनले स्पष्टसंग त्यही दिन भनेकी थिईन कि उनी बुद्धसंग सुत्न जाने गर्थिन् ।

चौथो उपासक- (उठेर) उपासक उपासिकाहरू ! हामीले यो कुरा प्रत्यक्ष देख्दै आएका छौं कि चिंचाको पेट दिनपर दिन फुल्दै आएको छ । हामीलाई पनि लाग्छ कि दोषी बुद्ध नै हो ।

*(भीडमा कोलाहल मच्छ । धेरैले बुद्धलाई निन्दा गर्छन् । कतिपय श्रद्धालुहरू रिसाएर उठेर जान्छन् । चिंचाको ओंठमा बिजयी मुस्कान देखापर्छ । बुद्ध शान्त छ ।)*

एक उपासिका- हे हे यो के ! चिंचाको पेट त तल झरे जस्तो छ नि ।

*(सबैको आँखा चिंचाको पेटमाथि पर्छ । चिंचाको पेटको फुलेको भाग तलतिर सरीसक्यो । चिंचाले हतपत दुबैहातले पेटझर्नबाट रोक्छे )*

कोशलराजा- चिंचा ! पेटमा के राखि छोडेको, देखाऊ ।

*(सुन्दरी चिंचा लाजले मुख रातो पारी टाउको निहुर्‍याउँछे)*

कोशलराजा- (रिसाएर) भनेको मान्दैनौं ? हात झिक, के राखिछोडेको पेटमा, देखा ।

*(चिंचाले हात झिक्दैन । सबैले उत्सुक भएर तिनलाई हेर्छन् । अचानक हावा चल्छ । चिंचाको खास्तो उड्न लागेकोले चिंचा दुबैहातले खास्तो समाउन पुग्छे । हात झिकेकोले पेटमा राखिछोडेको कठौति भुईमा खस्छ ।)*

एक उपासिका- हेर हेर, चिंचाको कुकृति । कठौति राखी पेट फुलाएर बुद्धको पेट बोकेकी रे । कस्ती पापी ! कस्ती नकचरी !

एक उपासक- बुद्धलाई झूठो लाँछना लगाउन आउने, समात यसलाई, समात, उम्कन नदे ।

*(चिंचा भाग्छे । सबैले तिनलाई लखेटछन् । बुद्ध आफ्नो आशनमा शान्त, निर्भय (निश्चल भएर बसिरहन्छ)*

-: दृश्य समाप्त हुन्छ :-

(धर्मकीर्ति बुद्ध बर्ष २५२६ बाट) ■

**"मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नु पर्छ भनी विचार गर्दैन 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital



विहार वार्षिक दिवसमा फोटो प्रदर्शनी



धम्मवती गुरुमाँको गुरु आमा दो. पञ्ञाचारी बर्माबाट आइपुग्नु हुँदै



Downloaded from http://www.dhamma.digital



बौद्ध परियत्ति परीक्षामा उत्तीर्ण भएर पुरस्कार प्राप्त गर्नेहरू ।



जापानी भिक्षु नावातामेको हत्याको विरोधमा निस्केको जुलूस
खुलामंचमा पुगी शोक सभामा परिणत हुँदा धर्मकीर्तिको सहभागी थियो ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध जीवनीमा वृक्षको स्थान

✏ 'ज्योति' शाक्य, का.बु.

